# सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरू

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह, दोस्रो
वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको
आंशिक आवश्यकता पुरा गर्नका लागि प्रस्तुत
शोध-प्रतिवेदन


शोधकर्ता
करुण कुमार कडायत
परीक्षा रोल नं. : २८००५६/०६६
त्रि.वि. दर्ता नं ९-२-३२७-३६७-२००४



शिक्षाशास्त्र केन्द्रिय विभाग
(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)
कीर्तिपुर, काठमाडौं
२०६८

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको छात्र करुण कुमार कडायतले मेरो प्रत्यक्ष निर्देशनमा रही "सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरू" शीर्षकमा आवश्यक शोध-प्रतिवेदन तयार गनुर्भ भएकोले उहाँको लेखनकार्यमा सन्तुष्ट छु । त्यसैले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

............................

शोध निर्देशक

उप प्रा. ध्रुव प्रसाद निउरे

मिति : २०६८/०४/३०

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण मूल विषय अन्तर्गत शोधप्रतिवेदन (ED. 598) को आंशिक आवश्यकता पुरा गर्नका लागि करुण कुमार कडायतले “सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरू” शोध शीर्षकमा शोध-प्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिको लागि सिफारिसका साथ यस मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी स्वीकृति गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
| --- | --- |
| प्रा. स्वयं प्रकाश ज.व.रा.<br>(विभागीय प्रमुख) | ................................ |
| उप प्रा. ध्रुव प्रसाद निउरे<br>(शोध निर्देशक) | ................................ |
| उप. प्रा. किरणराम रञ्जितकार<br>(बाह्य परिवेक्षक) | ................................ |

मिति : २०६८/०५/०६

## कृतज्ञता ज्ञापन

प्रस्तुत “सामुदायिक विद्यालयको एसा.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरू” नामक शीर्षको शोधपत्रको प्रस्तावना लेखनकार्यदेखि प्रतिवेदन लेखनकार्यसम्म आफ्नो अमूल्य सहयोग, सल्लाह, सुझाव एवम् निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नु हुने आदरणीय गुरु उप.प्रा. ध्रुव प्रसाद निउरे ज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी खोज अनुसन्धानमा प्रेरणा जगाउने तथा अनुसन्धान गर्न अवसर प्रदान गर्नुहुने शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख प्रा. स्वयं प्रकाश ज.व.रा. ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै मलाई स्नातकोत्तर तहमा अध्यापन गरी प्रस्तुत अनुसन्धान कार्य गर्न सक्षम बनाउन हुने गुरुज्यूहरू प्रा.डा. तीर्थराज पराजुली, प्रा.डा. प्रेम नारायण अर्याल, उप-प्राध्यापक किरणराम रञ्जितकार, उप-प्राध्यापक शिवराज बढू, उप-प्राध्यापक यशोधारा पन्त र उप-प्राध्यापक विश्ववाला थापाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा आवश्यक सूचनाहरू उपलब्ध गराउनु हुने सम्बन्धित विद्यालयहरूका प्र.अ., शिक्षक, एवम्. विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसका साथै प्रस्तुत अध्ययन अनुसन्धानका लागि तथा आवश्यक रूपमा उच्च शिक्षा हाँसिल गराउन सम्पूर्ण सहयोग गर्नुहुने मातापिता गोरख कडायत र तारादेवी कडायत ज्यूप्रति आभार व्यक्त गर्न चाहन्छु । उच्च शिक्षा हासिल गर्ने क्रममा निरन्तर आवश्यक प्रेरणा र हौसला प्रदान गर्ने जीवन साथी श्रीमती राधिका कुमारी विष्ट तथा भाई टेकेन्द्र कडायतलाई पनि धन्यवाद दिन चाहन्छु । यसैगरी अनुसन्धानका क्रममा आवश्यक सहयोग प्रदान गर्नुहुने साथीहरू कमल न्यौपाने, नविन कुमार श्रेष्ठ कृष्णानन्द भट्ट, जानुकी ओझा, नरेन्द्र जोशी, जगदिश न्यौपाने, नारायण जोशी, रविन्द्र सुवेदि, तेज राज फुलारा, धरमसिंह वलायेर, वासुदेव भट्ट तथा हरिस विष्टलाई धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्रलाई टंकन एवम् फोटोकपी, व्यान्डीङ् गरी आवश्यक सहयोग पुऱ्याउनु हुने सुनेश फोटोकपी एण्ड कम्प्युटर, पाँगाका श्री सुनेश श्रेष्ठ तथा नरेश महर्जनप्रति हार्दिक आभार प्रकट गर्दछु । अन्तमा शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभागका सम्पूर्ण परिवारलाई हार्दिक धन्यवाद एवम् कृतज्ञता ज्ञापन गर्दछु ।

करुण कुमार कडायत

२०६८

# शोधसार

“सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरू” शीर्षकमा गरिएको अनुसन्धान अन्तर्गत विगतका वर्षदेखि अहिलेसम्मको सामुदायिक विद्यालयको एस.एल.सी. नतिजाको स्थिति अपेक्षाकृत भएको देखिँदैन अर्थात विगतका वर्षहरूको आधारमा सामुदायिक विद्यालय हरूले एस.एल.सी. परीक्षामा जहिले पनि ५० प्रतिशतभन्दा न्यून नतिजा हाँसिल गरेको देखिन्छ यसरी त्यस्तो हुनुमा के कस्ता समस्याहरूले वाधा पुऱ्याएको छ अर्थात् के कस्ता तत्त्वहरूले प्रभाव पारेको छ भन्ने आधारमा उल्लेखित शीर्षकको अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ । अनुसन्धानका उद्देश्यहरू - सामुदायिक विद्यालयको एस.एल.सी. नतिजाको स्थिति पत्ता लगाउनु, एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरूको अन्वेषण गर्नु र सामुदायिक विद्यालयमा विद्यमान शैक्षणिक समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्नु थिए । यस अनुसन्धानमा मिश्रित ढाँचाको प्रयोग गरिएको थियो । अध्ययनमा राखिएका उद्देश्यहरूसँग सम्बन्धित सूचनाहरू संकलन गर्नका लागि वाग्लुङ जिल्लाको दुदिला भाटी गा.वि.स.को वार्ड नं. २ मा रहेको एउटा सामुदायिक विद्यालयका नमुना छनोटमा परेका प्र.अ., शिक्षक, विद्यार्थीहरू तथा वि.व्य.स. अध्यक्षलाई समावेश गराइएको थियो । अध्ययनको उद्देश्यसँग सम्बन्धित सूचनाहरू सङ्कलन गर्न प्र.अ. तथा शिक्षकका लागि मिश्रित प्रश्नावली, विद्यार्थीका लागि समूह छलफल निर्देशिका तथा वि.व्या.व. प्रतिनिधि (अध्यक्ष) का लागि अन्तर्वार्ता प्रश्नावली प्रयोग गरिएको थियो । यसरी अनुसन्धानका लागि प्राथमिक तथा द्वितीय सूचना सङ्कलनका साधनहरू प्रयोग गरिएका थिए ।

वि.सं. २०६७ सालको एस.एल.सी. नतिजाको स्थितिलाई आधार बनाइ अध्ययन गर्दा राष्ट्रिय स्तरमा सामुदायिक विद्यालयको एस.एल.सी. उत्तीर्ण प्रतिशत ४६.६ रहेको पाइयो भने नमुना विद्यालयको एस.एल.सी. उत्तीर्ण प्रतिशत ५३.८ रहेको पाइन्छ । यसरी नमुना विद्यालयको एस.एल.सी.को नतिजाभित्र रहेका चरहरू जातिगत उत्तीर्णदर, लिङ्गगत उत्तीर्णदर र विषयगत उत्तीर्णदर तथा जातिगत सिकाइ उपलब्धि, लिङ्गगत सिकाइ उपलब्धि तथा विषयगत सिकाइ उपलब्धिहरूको अध्ययन गरिएको थियो । जसअन्तर्गत ब्राह्मण समूहको जातिगत, लिङ्गगत तथा विषयगत रूपमा उत्तीर्णदर तथा सिकाइ उपलब्धि अन्य समूहको तुलनामा उच्च रहेको र त्यसपछि क्रमशः क्षेत्री, दलित तथा जनजाती समूहको उत्तीर्णदर तथा सिकाइ उपलब्धि न्यून रहेको पाइन्छ । त्यसैगरी एस.एल.सी.को नतिजामा प्रभाव पार्ने विभिन्न तत्त्वहरू मध्ये नमुना विद्यालयको एस.एल.सी. को नतिजामा शैक्षिक तत्त्वअन्तर्गत पर्ने विभिन्न पक्षहरू जस्तै : मा.वि तहका सम्पूर्ण शिक्षक तालिम प्राप्त नहुनु, आवश्यक शैक्षिक सामग्रीको अभाव हुनु, कठिन कहलिएका विषयहरू (अंग्रेजी, गणित तथा विज्ञान) का लागि अतिरिक्त कक्षा शिक्षणको व्यवस्था नहुनु, अध्यापन गराइने सम्पूर्ण विषयहरूमा विद्यार्थीलाई अभ्यास र पूर्नअभ्यास नगारइनु, आदि

पक्षहरूले प्रभाव पारेको देखिन्छ । त्यस्तै गरी भौतिक तत्त्वसँग सम्बन्धित विभिन्न पक्षहरू जस्तै : कक्षाकोठाको व्यवस्थापन उचित नहुनु, पुस्तकालय तथा प्रयोगशाला सुव्यवस्थित तथा सुविधासम्पन्न नहुनु, आदि पक्षले प्रभाव पारेको देखिन्छ भने व्यक्तिगत तत्त्वअन्तर्गत पर्ने पक्षहरू जस्तैः विद्यार्थीलाई प्रदान गरिने उत्प्रेरणा, विषयगत परिपक्वताको अभाव तथा अशक्त विद्यार्थीहरूका लागि अतिरिक्त कक्षा शिक्षण व्यवस्था नहुनु आदि पक्षले प्रभाव पारेको देखिन्छ । यसरी नमुना विद्यालयमा विद्यमान शैक्षिक तत्त्व, भौतिक तत्त्व तथा व्यक्तिगत तत्त्वहरूसँग सम्बन्धित विद्यमान समस्याहरू जस्तै : शिक्षकहरू पूर्ण रूपमा तालिम प्राप्त नहुनु, अधिकांस विद्यार्थीहरू अनुत्तीर्ण भएका विषयहरू (अंग्रेजी, गणित तथा विज्ञान) का लागि अतिरिक्त कक्षाको व्यवस्था नगरिनु, पूर्नवल तथा उत्प्रेरणाको उचित प्रयोग नगरिनु, भौतिक पूर्वाधारको अभाव, व्यवस्थित, सुविधा सम्पन्न पुस्तकालय तथा प्रयोगशालाको अभाव तथा कमजोर मूल्याङ्कन प्रणाली रहेका छन् ।

यसरी सामुदायिक विद्यालयमा विविध शैक्षणिक समस्याहरू रहेका छन् जसको परिणाम स्वरूप सामुदायिक विद्यालयहरूले एस.एल.सी.को परीक्षामा अपेक्षित नतिजा हासिल गर्न सकेको देखिँदैन । यसरी सामुदायिक विद्यालय हरूलाई एस.एल.सी. परीक्षामा अपेक्षित नतिजा हाँसिल गर्न सक्षम बनाउनका लागि ति विद्यालयमा विद्यमान विविध पक्षसँग सम्बन्धित शैक्षणिक समस्याहरूलाई सरोकारवाला हरूले प्रक्रियागत उपायहरू अपनाएर समाधान गर्न सकिएको खण्डमा मात्र लगभग ८० प्रतिशत जनताको पहुँचमा रहेको सामुदायिक विद्यालयको एस.एल.सी. नतिजामा गुणस्तरीय सुधार हुन गई शिक्षा क्षेत्रमा सम्बन्धित पक्षले गरेको लगानी तथा समयको सहिसदुपयोग हुने देखिन्छ ।

# विषयसूची


**सिफारिस पत्र** i

**स्वीकृति पत्र** ii

**कृतज्ञताज्ञापन** iii

**शोधसार** iv

**विषयसूची** vi

**तालिकासूची** x

**संक्षिप्त शब्दावली** xi

**परिच्छेद एक**

**परिचय**

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ६

१.३ अध्ययनको उद्देश्य ८

१.४ अध्ययनको महत्त्व ८

१.५ अध्ययनको परीसीमा ९

१.६ मुख्य शब्दावलीहरूको अर्थ १०

**परिच्छेद दुई**

**साहित्यको पुनरावलोकन**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ११

२.२ अध्ययनको सैद्धान्तिक अवधारणा १३

२.३ अवधारणात्मक ढाँचा १५

**परिच्छेद तीन**

**अध्ययन विधि**

३.१ अध्ययन क्षेत्रको परिचय १७

३.२ अनुसन्धान विधि १८

३.३ अनुसन्धान ढाँचा १८

३.४ अध्ययनको जनसंख्या १९

३.५ नमुना छनोट १९

३.५.१ अध्ययन क्षेत्रको छनोट १९

३.५.२ विद्यालयको छनोट १९

३.५.३ कक्षा छनोट २०

३.५.४ प्रधानाध्यापकको छनोट २०

३.५.५ शिक्षकको छनोट २०

३.५.६ विद्यार्थीको छनोट २०

३.५.७ विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिको छनोट २०

३.६ अध्ययनका स्रोतहरू २०

३.६.१ प्राथमिक स्रोतहरू २०

३.६.२ द्वितीय स्रोतहरू २०

३.७ अध्ययनका साधनहरू २१

३.७.१ अभिलेख अध्ययन २१

३.७.२ मिश्रित प्रश्नावली २१

३.७.३ समूह छलफल निर्देशिका २१

३.७.४ कक्षा अवलोकन फारम २२

३.७.५ अन्तर्वार्ता सूची २२

३.८ साधनको वैद्यता निर्धारण प्रक्रिया २२

३.९ सूचना सङ्कलन प्रक्रिया २२

३.१० सूचनाको विश्लेषण प्रक्रिया २३

**परिच्छेद चार**

**सूचनाको विश्लेषण र व्याख्या**

४.१ एस.एल.सी. नतिजाको स्थिति २४

४.१.१ जातिगत र लिङ्गगत उत्तीर्ण दर २४

४.१.१.१ जातिगत उत्तीर्णदर २५

४.१.१.२ लिङ्गगत उत्तीर्ण दर २६

४.१.२ जातिगत आधारमा विषयगत उत्तीर्ण दर २६

४.१.२.१ ब्राह्मण समूहको विषयगत उत्तीर्णदर २७

४.१.२.२ क्षेत्री समूहको विषयगत उत्तीर्ण दर २७

४.१.२.३ जनजाति समूहको विषयगत उत्तीर्णदर २८

४.१.२.४ दलित समूहको विषयगत उत्तीर्णदर २९

४.१.३ जातिगत सिकाइ उपलब्धि ३०

४.१.३.१ ब्राह्मण समूहको विषयगत सिकाइ उपलब्धि ३०

४.१.३.२ क्षेत्रीको समूहको विषयगत सिकाइ उपलब्धि ३१

४.१.३.३ जनजाति समूहको विषयगत सिकाइ उपलब्धि ३२

४.१.३.४ दलित समूहको विषयगत सिकाइ उपलब्धि ३३

४.१.४ लिङ्गगत रूपमा विषयगत सिकाइ उपलब्धि ३४

४.१.४.१ छात्रको विषयगत सिकाइ उपलब्धि ३४

४.१.४.२ छात्राको विषयगत सिकाइ उपलब्धि ३५

४.१.४.३ छात्रछात्राहरूको विषयगत सिकाइ उपलब्धि ३६

४.२ नतिजामा प्रभाव पार्ने तत्त्वहरू ३६

४.२.१ शैक्षिक तत्त्व ३७

४.२.१.१ पढाइ हुने दिन ३७

४.२.१.२ हाजिरी (विद्यार्थी/शिक्षक) ३८

४.२.१.३ पढाइ हुने समय ३८

४.२.१.४ शिक्षकको पृष्ठभूमि ३८

४.२.१.५ विद्यार्थीको पृष्ठभूमि ४०

४.२.१.६ शिक्षण प्रक्रिया ४०

४.२.१.७ अतिरिक्त कक्षा शिक्षण ४१

४.२.१.८ अभ्यास र पूर्नअभ्यास ४१

४.२.१.९ मूल्याङ्कन प्रक्रिया ४२

४.२.१.१० परीक्षा सञ्चालन अवस्था ४२

४.२.१.११ पूनर्वलको प्रयोग ४२

४.२.१.१२ दण्डको प्रयोग ४३

४.२.१.१३ पाठ्यांश अध्यापन अवस्था ४३

४.२.२ भौतिक तत्त्व ४३

४.२.२.१ विद्यालय भवनको अवस्था ४४

४.२.२.२ कक्षाकोठाको व्यवस्थापन ४४

४.२.२.३ शैक्षिक सामग्रीको सुविधा ४५

४.२.२.४ उपलब्ध खेल मैदान ४५

४.२.२.५ पीउने पानी र शौचालय व्यवस्था ४५

४.२.३ व्यक्तिगत तत्त्व ४६

४.२.३.१ उत्प्रेरणा ४६

४.२.३.२ परिपक्वता ४६

४.२.३.३ असक्तता ४७

४.३ शैक्षणिक समस्याहरू ४७

४.३.१ भौतिक तत्त्व सम्बन्धी समस्याहरू ४७

४.३.२ शैक्षिक तत्त्वसम्बन्धी समस्याहरू ४८

४.३.३ व्यक्तिगत तत्त्वसम्बन्धी समस्याहरू ४८

४.४ शैक्षणिक समस्या समाधानका उपायहरू ४८

४.४.१ शैक्षिक तत्त्वसँग सम्बन्धित समस्या समाधानका उपायहरू ४९

४.४.२ भौतिक तत्त्वसँग सम्बन्धित समस्या समाधानका उपायहरू ४९

४.४.३ व्यक्तिगत तत्त्वसँग सम्बन्धित समस्या समाधानका उपायहरू ५०

**परिच्छेद पाँच**

**प्राप्ति, निष्कर्ष र सूझाव**

५.१ प्राप्ति ५१

५.१.१ एस.एल.सी. नतिजाको स्थिति ५१

५.१.२ नतिजामा प्रभाव पार्ने तत्त्वहरूसँग सम्बन्धित शैक्षणिक समस्याहरू ५३

५.२ निष्कर्ष ५४

५.३ सुझावहरू ५५

**सन्दर्भग्रन्थसूची**

**अनुसूचीहरु**

**नक्सा**

## तालिकासूची


| | | | |
|---|---|---|---|
| तालिका नं. ४.१ | : | जातिगत र लिङ्गगत उत्तीर्णदर | २५ |
| तालिका नं. ४.२ | : | ब्राह्मण समूहको विषयगत उत्तीर्णदर | २७ |
| तालिका नं. ४.३ | : | क्षेत्री समूहको विषयगत उत्तीर्णदर | २८ |
| तालिका नं. ४.४ | : | जनजाति समूहको विषयगत उत्तीर्णदर | २९ |
| तालिका नं. ४.५ | : | दलित समुहको विषयगत उत्तीर्णदर | ३० |
| तालिका नं ४.६ | : | ब्राह्मण समूहको विषयगत सिकाइ उपलब्धि | ३१ |
| तालिका नं. ४.७ | : | क्षेत्री समूहको विषयगत सिकाइ उपलब्धि | ३२ |
| तालिका नं. ४.८ | : | जनजाति समूहको विषयगत सिकाइ उपलब्धि | ३२ |
| तालिका नं. ४.९ | : | दलित समूहको विषयगत सिकाइ उपलब्धि | ३३ |
| तालिका नं. ४.१० | : | छात्रको विषयगत सिकाइ उपलब्धि | ३४ |
| तालिका नं. ४.११ | : | छात्राको विषयगत सिकाइ उपलब्धि | ३५ |
| तालिका नं. ४.१२ | : | छात्र-छात्राको विषयगत सिकाइ उपलब्धि | ३६ |
| तालिका नं. ४.१३ | : | शिक्षकको पृष्ठभूमि | ३९ |

## संक्षिप्त शब्दावलीहरू

| | | |
|---|---|---|
| वि.व्या.स. | : | विद्यालय व्यवस्थापन समिति |
| शि.अ. | : | शिक्षक अभिभावक संघ |
| ने.रा.शि.यो.आ. | : | नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०२८ |
| रा.शि.आ. | : | राष्ट्रिय शिक्षा अयोग, २०४७ |
| एल.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| प्र.अ. | : | प्रधानाध्यापक |
| टी.पी.डी | : | टिचर्स प्रोफेसनल डेभलोप्मेन्ट |

# परिच्छेद एक
# परिचय

## १.१ पृष्ठभूमि

मानव सभ्यताको विकास तथा सुरुवात सँगसँगै प्रत्यक्ष अप्रत्यक्ष रूपमा शिक्षाको विकास तथा सुरुवात भएको पाइन्छ । विश्वका सम्पूर्ण राष्ट्रहरूले शिक्षालाई मानव विकासको अभिन्न अङ्गको रूपमा तथा महत्त्वपूर्ण मानव अधिकारको रूपमा अङ्गीकार गरी राष्ट्रको प्रगति तथा विकासको प्रमुख माध्यमको रूपमा कार्यान्वयन गरेका छन् । कुनै पनि व्यक्ति समाज तथा राष्ट्रको प्रगति तथा उन्नती त्यस देशको शिक्षाप्रणालीमा भर पर्दछ । यसरी शिक्षा र समाज बीच निकै घनिष्ट र गहिरो सम्बन्ध छ किनकी शिक्षा सफलता समाजको अवस्था तथा संरचनामा भर पर्दछ भने समजको विकास पनि विद्यमान शिक्षामा नै भर पर्दछ । तसर्थ शिक्षाको आदानप्रदान गर्ने प्रमुख माध्यमको रूपमा विद्यालयलाई स्वीकारिन्छ भने विद्यालय एक आधारभूत सामाजिक संस्था पनि हो (खनिया, २०६७) । विशेष गरी शैक्षिक विकेन्द्रीकरणको धारणा अनुरूप सामुदायिक विद्यालयको सुरुवात गरिएको पाइन्छ । यसरी यहाँ शैक्षिक विकेन्द्रीकरण भन्नाले शिक्षासम्बन्धी अधिकार तथा जिम्मेवारी स्थानीय निकाय तथा समुदायसम्म पुर्‍याउने कार्य हा । जसले गर्दा एकातिर स्थानीय शैक्षिक आवश्यकताको परिपूर्ति पनि सजिलो हुन जान्छ भने अर्को तिर स्थानीय शैक्षिक समस्यालाई पनि स्थानीय स्तरमा नै समाधान गर्न सकिन्छ । मूल रूपमा स्थानीय स्तरमा कार्यक्रमलाई सवल र सुदृढ बनाउन स्थानीय निकायको सक्षमता अभिवृद्धि गर्दै स्थानीय स्रोत र साधनको उच्चत उपयोग गर्न आवश्यक कानुनी एवम् प्रशासनिक अधिकारबाट सम्पनन गर्ने कार्य नै विकेन्द्रीकरण हो (अधिकारी, २०६५) । विशेष तह नेपालमा समुदायमा आधारित विद्यालयहरू २ प्रकारका छन् । ती हुन् सामुदायिक विद्यालय र संस्थागत विद्यालय (शर्मा, २०६७) ।

सामुदायिक विद्यालयको परिचय प्रस्तुत गर्ने क्रममा समुदाय भन्नाले वृहत अर्थमा विद्यालयका शिक्षक, अभिभावक, वि.व्य.स., शि.अ. संघ, विद्यालयको सेरोफेरो, स्थानीय वुद्धिजीवी, सेवा क्षेत्रका आमजनसमुदाय सरकार तथा विद्यालयबीचको सम्पर्क एवम् समन्वय विन्दुको रूपमा कार्य गर्ने स्थानीय निकायलाई बुझाउँदछ । यसरी सामुदायिक विद्यालय भन्नाले "नेपाल सरकारबाट नियमित रूपमा अनुदान प्राप्त गर्ने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झीनु पर्दछ" (ने.रा.शि.यो.आ, २०२८) ।

यसरी स्थापना भएका सामुदायिक विद्यालयहरूले नेपाल सरकारबाट मान्यता प्राप्त पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वन गर्नु पर्दछ । विशेष गरी नेपालको शैक्षिक इतिहासलाई सूक्ष्म रूपले केलाएर अध्ययन गर्ने हो भने विद्यायको विस्तार तथा विकास समुदायकै पहलमा

हुँदै आएको पाइन्छ । यसरी प्राचिन समयको संस्कृत, वैदिक तथा गुरुकुल शिक्षादेखि आधुनिक पादुर्भावसम्म समुदायको अहम भूमिका रहेको देखिन्छ । यसरी प्रत्येक गाउँ वडा तथा वस्तीमा शिक्षण संस्थाहरू स्थापना कसले गऱ्यो ? सञ्चालनका लागि आर्थिक स्रोत कसले जुटायो ? कसले भवन बनायो ? इत्यादि प्रश्नको उत्तर समुदायको संलग्नता विना खोज्न सकिँदैन । सरकार नपुगेको ठाउँमा समुदाय पुग्यो, जनताको आवश्यकता समुदायले नै बुझ्यो, शिक्षा विकासको मेरुदण्ड समुदाय नै बन्यो यो हाम्रो ऐतिहासिक यथार्थता हो । यसरी वि.सं २०२८ सालमा राष्ट्रिय शिक्षा पद्दतीको योजना लागु हुन पूर्वको स्थितिलाई नियाल्दै जानेको हो भने यिनै यथार्थताहरू हामी सबैको सामु छर्लङ्ग देखिन्छन् । वि.सं. २०२८ मा नयाँ शिक्षापद्धतिको योजनाको सुरुवात सँगसँगै विद्यालयको व्यवस्थापकीय जिम्मेवारीमा सरकारको महत्त्वपूर्ण भूमिका रहे पश्चात समुदायको जिम्मेवगारी कम भएको महसुस गरियो । यसबाट एकातिर सरकारी लगानी  र व्यवस्थाकीय जिम्मेवारी पर्याप्त हुन सकेको अवस्था देखिएन भने अर्कोतिर समुदायलाई जिम्मेवारी वोध गराउन नसकिएकै कारण रा.शि.प.यो. ले कार्यान्वयनमा अपेक्षित सफलता हासिल गर्न नसकेको यथार्थ पनि हाम्रो सामु लुकेको छैन । रा. शि.प.यो. लागु भए पश्चात् यसभन्दा अघि स्थापना गरिएका सम्पूर्ण नीजि विद्यालय र पब्लि स्कुलहरू राष्ट्रियकरण गरिए । यसरी विद्यालयलाई राष्ट्रियकरण गर्नुको मुख्य उद्देश्य शिक्षाको गुणस्तर वृद्धि गर्नु थियो । यस रा.शि.प.यो. ले नेपालमा ३ प्रकारका विद्यालयहरू सीफारिस गरेका थियो । जस अन्तर्गत सरकारी विद्यालय, पब्लिक विद्यालय तथा प्राइभेट विद्यालय पर्दछन् । शिक्षाको गुणस्तर वृद्धि गर्ने उद्देश्यले सम्पूर्ण विद्यालयहरूलाई राष्ट्रियकरण गरिए तापनि शिक्षा क्षेत्रमा ल्याइएका शैक्षिक नीति तथा आर्थिक नीति स्पष्ट नभएको र शिक्षा क्षेत्रमा सरकार तथा जनताको कति उत्तरदायित्व भन्ने विषय स्पष्ट नभएकोले उक्त उद्देश्य पूरा हुन सकेको देखिँदैन ।

यसरी वि.सं. २०२८ पश्चात विद्यालयको संख्यात्मक वृद्धि र गुणात्मक उपलब्धिबीच तादात्यता हुन नसकेकोले जनताका आवश्यकता तथा चाहनाहरूलाई प्रचलित शिक्षा प्रणालीले पूरा गर्न सकेन । तसर्थ वि.सं. २०३७ सालमा शिक्षा नियमावलीमा संशोधन गरी शिक्षामा नीजि क्षेत्रको प्रवेशको लागि वाटो खुला गरियो । समाजमा हुने खाने वर्गको आवश्यकतालाई नीजि विद्यालयहरूले टाले भने अधिकांस मध्यम र निम्नवर्गीय जनताका छोराछोरीको शिक्षा सामुदायिक विद्यालयमा नै निर्भर रहन गयो, जुन अवस्था अहिलेसम्म पनि कायम छ ।

नेपालमा बहुदलिय प्रजातन्त्रको पूर्नस्थापना सँगसगै वि.सं. २०४६ सालपछि शैक्षिक सुधारका लागि सुझाव लिन सरकारले विभिन्न आयोगहरू गठन गरेरेको थियो । यस अन्तर्गत मुख्य रूपमा वि.सं. २०४७ फागुन ४ गते रा.शि.आ. गठन भयो । यस आयोगले शिक्षाको विकेन्द्रीकरण पक्षमा विशेष जोड दिएको थियो । जसले गर्दा शिक्षाको विकास तथा विस्तारमा जनताको प्रत्यक्ष सहभागीता हुन गई देशका विभिन्न ठाउँमा सामुदायिक विद्यालयहरू क्रमशः स्थापना हुँदै गए । त्यसैगरी वि.सं. २०५४ वैशाख १२ गते उ.रा.शि.आ. गठन भयो । यस

आयोगले शिक्षा क्षेत्रमा प्रथम पटक पटक वि.व्या.सं. मा स्थानीय अभिभावकको अनिवार्य रूपमा सहभागीता गराउनु पर्ने कुरालाई सिफारिस गरेको थियो । त्यसै गरी वि.सं. २०५८ वैशाख २९ गते शिक्षासम्बन्धी उच्च स्तरीय समितिको गठन भयो । यस समितिले शिक्षा क्षेत्रमा वि.व्य.स. र शि.अ.संघको समेत अनिवार्य रूपमा व्यवस्था हुनुपर्ने कुरालाई विशेष जोड दिको थियो । जसले गर्दा विद्यालय र समुदायबीच घनिष्ट उत्तरदायित्वपूर्ण सम्बन्ध स्थापना हुन गयो । साथै यस आयोगले शिक्षा क्षेत्रमा कुल बजेटको करिब १७ प्रतिशत बजेट अनिवार्य रूपमा छुट्याउनु पर्ने कुरा उल्लेख गरेको थियो । विशेष गरी शिक्षा ऐन २०२८ लाई वि.सं. २०५८ मा सातौ संशोधन गरियो जसले शैक्षिक विकेन्द्रीकरणको अवधारणालाई व्यवहारमा रूपान्तरण गरेको थियो । शिक्षा सम्बन्धी उच्चस्तरीय कार्य समीतिले नेपालमा समुदायमा आधारित संस्थागत विद्यालग र सामुदायिक विद्यालय गरी २ प्रकारका विद्यालय हुनुपर्ने कुरा उल्लेख गरेको छ ।

एस.एल.सी परीक्षामा सम्मिलत भएका विद्यार्थीहरूको आधारमा गणना गर्ने हो भने करिव ८० प्रतिशतभन्दा बढी विद्यार्थीहरू सामुदायिक विद्यालयबाटै परीक्षामा सम्मिलत भएको तथ्याङ्कले पुष्टि गरेको छ तसर्थ सामुदायिक विद्यालयहरू बहुसंख्यक नेपालीको भविष्य निर्माण अधार स्तम्भको रूपमा रहेका छन् (शिक्षा विभाग, २०६३) ।

वर्तमान समयसम्म आइपुग्दा नेपालमा जम्मा ३२१३० विद्यालयहरू स्थापना भई सकेको छन् जसमध्ये ९८१० विद्यालयहरू समुदायमा हस्तान्तरण भइसकेका छन् । जसमध्ये ५८९४ सामुदायिक माध्यमिक विद्यालय रहेका छन् र ति विद्यालयहरूमा ७,९०,३४८ विद्यार्थीहरू अध्ययरत छन् (अधिकारी, २०६७) । सामुदायिक विद्यलायको एस.एल.सी.को नतिजा, संस्थागत विद्यालयको एस.एल.सी. को नतिजा निकै न्यून रहेका पाइन्छ । विशेष गरी वि.सं. १९९० पश्चात् एस.एल.सी. परीक्षाको सुधार तथा विकासका लागि धेरै प्रयासहरू गरिएका पाइन्छन् । जसअन्तर्गत समय समयमा पाठ्यक्रम परिवर्तन गरी लागु गरिनु पनी महत्त्वपूर्ण पक्ष हो । त्यसैगरी प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा पनि विषयगत शिक्षक दरवन्दीको पनि व्यवस्था गरिएको छ । त्यसै गरी हाल नेपालको सामुदायिक विद्यालयमा रहेका १,६५,४२३ शिक्षकहरू मध्य माध्यमिक तहका १,०६,७१४ (८५.५%) शिक्षकहरू तालिम प्राप्त छन् । त्यसै गरी सामुदायिक विद्यालयको १:४६ विद्यार्थी शिक्षक अनुपात रहेको छ (शिक्षा विभाग, २०६३) । यसरी गुणस्तरिय शिक्षा कायम गर्नका लागि नेपाल सरकारले वर्षेनी प्रशस्त आर्थिक रकम खर्च गरिरहेको छ तैपनि वर्तमान समयसम्म आइपुग्दा एस.एल.सी. परीक्षामा सामुदायिक विद्यालयहरूले अपेकृत नतिजा हाँसिल गर्न सकिरहेका छैनन् । यसरी वि.स. २०६७ सालमा जम्मा ३,९७,७५९ विद्यार्थीले एस.एल.सी. परीक्षा दिएका थिए । जसमध्य सामुदायिक विद्यालयबाट ३,०७,४६८ विद्यार्थीले एस.एल.सी. परीक्षा दिएका थिए भने संस्थागत विद्यालयबाट ८४,७२३ विद्यार्थीहरूले एस.एल.सी. परीक्षा दिएका थिए त्यसैगरी खुलाबाट ५५६९ विद्यार्थीले एस.एल.सी. परीक्षा दिएका थिए । यसरी उक्त सालको एस.एल.सी.को नतिजालाई पनि अध्ययन

गर्ने हो भने  सामुदायिक विद्यालयले ४६.६ प्रतिशत नतिजा हात पारेको देखिन्छ भने जसको अनुत्तीर्ण प्रतिशत ५३.४ रहेको छ देखिन्छ । यसरी संस्थागत विद्यालयले ८९.५ प्रतिशत नतिजा हात पार्न सफल भएको देखिन्छ भने यसको अनुत्तीर्ण प्रतिशत १०.५ प्रतिशत रहेको पाइन्छ (प.नि.का, २०६८) । जुन नतिजा संस्थागत विद्यलायको उत्तीर्ण प्रतिशतको तुलनामा एकदमै न्यून रहेको देखिन्छ । यसै सन्दर्भमा राष्ट्रिय स्तरमा विगत ३ वर्षको एस.एल.सी. उत्तिर्ण प्रतिशतलाई तालिकामा प्रस्तु उपयुक्त हुन्छ ।

वि.सं. २०६५ देखि २०६७ सालसम्मको एस.एल.सी.को नतिजा

| वर्ष | उत्तीर्ण प्रतिशत |
|---|---|
| २०६५ | ६०.५% |
| २०६६ | ६४.३१% |
| २०६७ | ५५.५% |

स्रोत : प.नि.का, २०६८ ।

माथिको तालिकालाई अध्ययन गर्ने हो भने २०६७ सालको एस.एल.सी.को नतिजा २०६६ सालको नतिजाभन्दा ८.८% प्रतिशतले घटेको देखिन्छ । जसमा देशको राजनीतिक अवस्था, विद्यालयको शैक्षिक अवस्था, आर्थिक अवस्था, भौतिक अवस्था तथा विद्यार्थीको व्यक्तिगत पक्षले पनि महत्त्वपूर्ण रूपमा प्रभाव पारेको छ भन्ने कुरा स्पष्ट हुन्छ । विशेष तह माथिको तालिकाले प्रत्येक वर्ष एस.एल.सी. उत्तीर्ण प्रतिशत घट्दै गइरहेको देखाउँछ ।

हामीलाई थाहा भएकै कुरा हो कि गुणस्तरीय शिक्षा विना कुनै पनि व्यक्ति, समाज तथा राष्ट्रको विकास सम्भव हुँदैन । यसरी सामुदायिक विद्यालयहरूमा व्यवहारिक एवम गुणस्तरीय शिक्षा कायम होस् र खस्किदै गइरहेको एस.एल.सी.को नतिजामा सुधार ल्याउनको लागि नेपाल सरकारले वि.सं. २०६०/६१ देखि प्रवेशिका परीक्षामा ५० प्रतिशतभन्दा बढी उपलब्धि हासिल गर्ने प्रत्येक विद्यालयलाई रु. ४ लाख थप रकम उपलब्ध गराउने व्यवस्था गरेको छ तै पनि सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा सुधार हुन सकेको छैन (शिक्षा विभाग, २०६६) । यसरी हेर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको एस.एल.सी.को नतिजा उच्च देखिन्छ । यसरी प्रत्येक वर्ष शिक्षाको विकास तथा विस्तारका लागि पनि नेपाल सरकारले र गैर सरकारी संस्थाले पनि विशेष चासो दिँदै आएको  पाइन्छ । त्यसै गरी केवल एस.एल.सी. परीक्षाको विकास सुधार तथा सञ्चालनका लागि एस.एल.सी. सहयोग कार्यक्रम अन्तर्गत रु. ६,००,००,०००/- बजेट पनि विनियोजन गरेको छ (NCED, 2063) । त्यसै गरी शैक्षिक क्षेत्रको विकासका लागि शैक्षिक जनशक्ति विकास केन्द्र कार्यक्रम पुस्तिका अनुसार विविध भौतिक पूर्वाधार विकास गर्ने, शिक्षक तालिम सञ्चालन गर्ने, परीक्षा प्रणाली अनुगमन सुधार तथा सुपरिवेक्षण गर्ने कार्य, शैक्षिक जनशक्ति विकास केन्द्रले गर्ने

गर्दछ । यसरी सामुदायिक विद्यालयका विद्यर्थीहरू एस.एल.सी. परीक्षामा विशेष गरी अंग्रेजी, गणित र विज्ञान विषयमा बढी असफल भएको देखिएइकोले उक्त विषयहरूमा साविकको भन्दा बढी विद्यार्थीहरू उत्तीर्ण गराउने उद्देश्यबाट शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत दूरशिक्षा तथा खुला शिक्षा महाशाखाले वि.सं. २०६१ सालदेखि श्रव्यदृश्य, पत्रिका, श्रृङ्खला र स्व-अध्ययन विषय सामग्री मार्फत शिक्षा दिँदै आएको छ (शिक्षा विभाग २०६४) । यसरी सामुदायिक विद्यालयको एस्.एल.सी. नतिजा न्यून देखिनुमा विद्यालयको भौतिक वातावरण, सामाजिक तथा आर्थिक परिवेश, शिक्षालाई हेर्ने दृष्टिकोण, शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थी शिक्षाकको सक्रियता, विद्यार्थीको पढाइ प्रति प्रदान गरिने सल्लाह, सुझाल, परामर्श, प्रेरणा, परिवारको शैक्षिक आर्थिक अवस्था, विद्यार्थीको रुचि, इच्छा, चाहना तथा व्यक्तिगत भिन्नता आदि पक्षहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ (खनाल, २०६४) । वर्तमान समयमा हेर्ने हो भने संस्थागत विद्यालयहरूको तुलनामा सामुदायिक विद्यालयको वाहुल्यता बढी देखिन्छ, शिक्षामा वर्षेनी खरबौ रूपैया लगानी गरिएको छ, शिक्षक तालिम तथा शैक्षिक व्यवस्थापनका लागि विविध कार्यक्रम पनि सञ्चालन गरिएका छन्, तर पनि सामुदायिक विद्यालयहरूले एस.एल.सी. परीक्षामा राम्रो नतिजा ग्रहण गर्न सकिरहेका छैनन (वाग्ले, २०६२) । शिक्षाको विकेन्द्रीकरण धारणा अनुरूप विद्यालयलाई सम्बन्धित समुदाय तथा निकायमा हस्तान्तरण गर्नु शिक्षा क्षेत्रकै एक महत्त्वपूर्ण तथा व्यवहारिक पक्ष हो तर पनि शिक्षा क्षेत्रमा रहेको अस्पष्ट नीति तथा कार्यक्रम, नीतिगत अन्यौलता, राजनीतिक हस्तक्षेप कमजोर शैक्षिक प्रशासन आदि कारणले गर्दा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर दिन प्रतिदिन खस्किँदै गएको छ । जसको कारणले गर्दा एस.एल.सी. को नतिजा पनि निकै प्रभावित भएको देखिन्छ । जसले गर्दा एकातिर शिक्षामा गरिएको लगानी पनि खेर गइरहेको छ भने अर्कोतिर सामुदायिक विद्यालयप्रति अभिभावको आकर्षण  पनि घट्दै गइरहेको छ (ढकाल, २०६४) ।

नेपाल सरकारले शिक्षा क्षेत्रको विकास तथा विस्तारका लागि समान नीति तथा कार्यक्रमहरू लागु गरेको छ तर पनि सामुदायिक विद्यालयको एस.एल.सी. को नतिजालाई अध्ययन गर्ने हो भने कुनै विद्यालयले अति नै  राम्रो नतिजा ग्रहण गर्न सफल भएका छन् भने कुनै विद्यालयहरू न्युन नतिजाका सिकार भएका छन् । यसरी एस.एल.सी. परीक्षाको नतिजामा किन असमानता देखियो ? विशेष गरी कुन कुन तत्त्वको प्रभावले गर्दा अधिकांश विद्यालयहरू एस.एल.सी. परीक्षामा न्यून नतिजाका सिकार भएका छन् ? भन्ने विषयमा गहिरो अध्ययन तथा अनुसन्धान गर्न नितान्त आवश्यक छ किनकी माध्यमिक तह भनेको विद्यालय शिक्षाको अन्तिम तह हो भने अर्को तर्फ प्रत्येक विद्यार्थीको भावि शैक्षिक भविष्यको बारेमा निर्णय गर्ने सम्वेदनशील पक्ष हो र उच्च शिक्षाको लागि तयारीको तह पनि हो । यसरी एस.एल.सी.मा राम्रो नतिजा हाँसिल गर्ने केही विद्यालयहरू कसरी सफल भए त्यसमा कुन कुन पक्ष तथा तत्त्वहरूले सकारात्मक प्रभाव पारेको छ र एस.एल.सी.मा न्यून नतिजाको सिकार भएका

विद्यालयमा कुन कुन पक्ष तत्त्वहरूको प्रमुख रूपमा नकारात्मक प्रभाव परेको छ र त्यसमा विशेष तह भौतिक तत्त्व, आर्थिक तत्त्व, शैक्षिक तत्त्व तथा व्यक्तिगत तत्त्वको के कस्तो प्रभाव रहेको छ भन्ने बारेमा गहिरो अध्ययन अनुसन्धान गर्न नितान्त आवश्यक छ । विशेष गरी एस.एल.सी.को नतिजामा मुख्य रूपमा प्रभाव पार्ने तत्त्वहरू र त्यससँग सम्बन्धित विविध समस्याहरूलाई पहिचान गरी समाधानका उपायहरू अपनाउन सकिएको खण्डमा सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजालाई अपेक्षाकृत बनाउयन सकिन्छ । शिक्षा क्षेत्रमा उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्नु आजको प्रमुख तथा चुनौतिपूर्ण कदम हो । यसरी सामुदायिक विद्यालयहरूमा उपयुक्त शैक्षिक वातावरण र गुणस्तरिय शिक्षा कायम गर्न सकिएमा सर्वसाधारण जनताको अत्याधिक पहुँचमा रहेको सामुदायिक विद्यालयप्रति सकारात्म धारणाको विकास हुन्छ भने अर्कोतर्फ गुणस्तरीय शिक्षा नीजि तथा संस्थागत विद्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ भन्ने मानसिकताको पनि अन्त्य हुने देखिन्छ । यसरी  सामूदायिक विद्यालयको सम्पूर्ण शैक्षिक वातावरणमा समय परिस्थिति र आवश्यकता अनुसारको सुधार ल्याउन सकिएको खण्डमा सामुदायिक विद्यालयमा आम जनसमुदायको पहुँचमा उल्लेखनिय मात्रामा वृद्धि हुने, शैक्षिक गुणस्तर कायम हुने र अर्को तर्फ शिक्षा क्षेत्रमा वर्षेनी गरिएको खरबौ रकमको सहि सदुपयो हुने कुरामा कुनै सन्देह गर्न सकिँदैन ।

विशेष गरी कमजोर शैक्षिक प्रशासन, राजनीतिक हस्तक्षेप (बन्द हडताल) शिक्षक तथा विद्यार्थीमा उत्तर दायित्व वोधको कमी, निरन्तर शिक्षण नगरिनु, शिक्षक तथा विद्यार्थी कार्यको सहि मूल्याङ्कन नगरिनु, त्रुटीपूर्ण मूल्याङ्कन प्रक्रिया, कठिन विषयहरूका लागि अतिरिक्त कक्षाको व्यवस्था नहुनु, अभिभावकको लापरवाही, निरन्तर शैक्षिक निरीक्षण तथा सुपरीवेक्षणको अभाव, आदि कारणले गर्दा अधिकांस सामुदायिक विद्यालयको एस.एल.सी. परीक्षाको नतिजा निकै प्रभावीत भएको पाइन्छ । जसले गर्दा सामुदायिक विद्यालयहरू न्यून नतिजाका सिकार भएका छन् (धामी, २०६३) ।

## १.२ समस्याको कथन

सामुदायिक विद्यालयमा अधिकांश जनताका छोरा छोरहिरू अध्ययन गर्ने गर्दछन् तसर्थ सरकारले तथा स्थानीय समुदायले सो विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि आर्थिक तथा भौतिक लगानी पनि गरेका छन् तर अधिकांश सामुदायिक विद्यालयहरूले एस.एल.सी.को परीक्षामा अपेक्षित उपलब्धि हाँसिल गर्न सकिरहेका छैननन् । तसर्थ एस.एल.सी. को नतिजाप्रति सम्बन्धित विद्यालयका शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्बन्धित निकाय पनि सन्तुष्ट देखिएका छैनन् (आचार्य, २०६७) । विशेष तह धेरै जसो विद्यालयहरू एस.एल.सी. परीक्षामा सन्तोषजनक नतिजा हासिल गर्न सफल भएका  देखिँदैनन् । तसर्थ अधिकांश सामुदायिक विद्यालयहरू न्यून नतिजाका सिकार भएका छन् । जसको परिणाम स्वरूप एकातिर विद्यालयमा गरिएको शैक्षिक लगानी खेर गइरहेका छ भने अर्कोतर्फ ति विद्यालयहरूको शैक्षिक

गुणस्तर पनि दिन प्रतिदिन खस्कीदै गइरहेको छ (ओली, २०६५) । संस्थागत र सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजालाई तुलनात्मक रूपमा अध्ययन गर्ने हो भने नीजि विद्यालयको एस.एल.सी. नतिजा उच्च रहेको पाइन्छ (ढकाल, २०६४) ।

विशेष तह एस.एल.सी. परीक्षामा धेरे जसो विद्यार्थीहरू अंग्रेजी, गणित तथा विज्ञान जस्तो विषयमा असफल हुने भएकोले नै अधिकांश सामुदायिक विद्यालयको एस.एल.सी. नतिजा एकदमै न्यून रहेको छ । यसरी सामुदायिक विद्यालयको शिक्षकहरू सम्बन्धित विषयमा अनुभवी तालिम र योग्य भए पनि उपयुक्त तथा व्यवहारिक शिक्षण विधिको प्रयोग गर्ने क्षमता तथा कला नीजि माध्यमिक विद्यालयका शिक्षकहरूमा बढी पाइन्छ (CERID, 2060) । दुर्गम पहाडी क्षेत्रका विद्यालयको कुरा गर्ने हो भने माध्यमिक तहमा अप्ठ्यारा कहलिएका विषयहरू (अंग्रेजी, गणित र विज्ञान) का लागि अतिरिक्त कक्षाको व्यवस्था नगरिएको पाठ्यक्रम तथा पाठ्यपुस्तक समयमा विद्यालय नपुगेका, त्यस क्षेत्रका अभिभावक तथा विद्यार्थीहरू घरायसी आर्थिक तथा सामाजिक समस्याबाट पिडीत रहनु, आदि प्रमुख कारक तत्त्वको प्रभावबाट सामुदायिक माध्यमिक तहको सिकाइ उपलब्धि एकदमै न्यून रहेको पाइन्छ (खनिया, २०६७) ।

सामुदायिक विद्यालयको एस.एल.सी.को परीक्षामा सुधार गर्नका लागि तथा अपेक्षाकृत नतिजा हाँसिल गर्नका लागि नेपाल सरकार सम्बन्धित निकाय तथा समुदाय नै प्रयत्नशील भए पनि सफल भने हुन सकेका देखिँदैनन् । यसरी एस.एल.ली.को नतिजामा भौतिक तत्त्व, शैक्षिक तत्त्व तथा व्यक्तिगत तत्त्वको प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव रहन्छ भन्ने कुरालाई सजिलै एकिन गर्न सकिन्छ । तसर्थ माथि उल्लेखित तत्त्वहरूको शैक्षिक क्षेत्रमा पर्ने प्रभाव तथा ति तत्त्वहरूसँग सम्बन्धित विविध शैक्षणिक समस्याहरूलाई समयमै पहिचान गरी उपयुक्त समाधानका उपायहरू अपनाउन सकिएको खण्डमा निश्चिय नै सामुदायिक विद्यालयले एस.एल.सी. परीक्षामा अपेक्षाकृत उपलब्धि हाँसिल गर्न सक्दछन् ।

यसरी सामुदायिक विद्यालयको एस.एल.सी. को नतिजामा भौतिक तत्त्व, शैक्षिक तत्त्व, तथा व्यक्तिगत तत्त्वको प्रभावसम्बन्धी अहिलेसम्म व्यवस्थित तथा तर्कपूर्ण अध्ययन अनुसन्धभान भएको पाइदैन । अर्कोतर्फ अधिकांश सामुदायिक विद्यालय विद्यालयहरूको एस.एल.सी.को नतिजा निकै प्रभावित (न्यून) हुँदै गइरहेको छ र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर, प्रगति तथा शैक्षिक उपलब्धि पनि निकै खस्किँदै गएको पाइन्छ । यहि अवस्था निरन्तर रूपमा रहिरहने हो भने सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर शैक्षिक प्रगति तथा शैक्षिक उपलब्धिमा निकट भविष्यमा प्रश्न चिन्ह खडा हुने ठूलो सम्भावना छ । तसर्थ “सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरूमा गहिरो तथा व्यवस्थित अध्ययन अनुसन्धान गर्न अध्ययन कर्ताको ध्यानाकर्षण भएको हो । मूल रूपमा निम्न लिखित अनुसन्धानात्मक प्रश्नहरूको सहायताले उल्लेखित शीर्षकको अनुसन्धानकार्यलाई अगाडि बढाइएको छ :

- छनोटमा परेका सामुदायिक विद्यालयको विगत १ वर्षको एस.एल.सी.को नतिजाको स्थिति कस्तो छ ?
- एस.एल.सी.को नतिजमा भौतिक तत्त्वले के कस्तो प्रभाव पारेको छ ?
- एस.एल.सी.को नतिजामा शैक्षिक तत्त्वले के कस्तो प्रभाव पारेको छ ?
- एस.एल.सी.को नतिजामा व्यक्तिगत तत्त्वले के कस्तो प्रभाव पारेको छ ?
- छनोटमा परेका सामुदायिक विद्यालयहरूले के कस्ता शैक्षणिक समस्याहरू भोगी रहेका छन् ?

### १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य सामुदायिक विद्यलायको एस.एल.सी. परीक्षाको नतिजालाई लेखाजोखा गर्नु हो भने विशिष्ट उद्देश्यहरू निम्नलिखित छन् :

(क) छनोटमा परेका सामुदायिक विद्यालयको एस.एल.सी. परीक्षाको नतिजाको स्थिति पत्ता लगाउनु ।

(ख) सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरूको अन्वेषण गर्नु ।

(ग) सामुदायिक विद्यालयमा विद्यमान शैक्षणिक समस्याहरू पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्नु ।

### १.४ अध्ययनको महत्त्व

आजको २१ औं शताब्दीमा विद्यालयलाई औपचारिक शिक्षा प्रदान गर्ने प्रमुख एवम् महत्त्वपूर्ण थलोको रूपमा स्विकारिन्छ । यसरी सीमित पूँजी पति वर्गले मात्र आफ्ना सन्तानहरूलाई आधुनिक स्रोत साधनले सम्पन्न विद्यालयमा पढाउने गर्दछन् तर अधिकांश नेपाली जनताले आफ्ना सन्तानहरूको उज्वल शैक्षिक भविष्यका लागि सामुदायिक विद्यालयहरूमा अध्ययन अध्यापन गराउने गर्दछन् । विशेष गरी संस्थागत विद्यालयले एस.एल.सी. परीक्षामा उच्च नतिजा हात पार्न सफल भएका छन् भने सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर तथा अवस्था पनि ओरालो लाग्दो छ जसले गर्दा अधिकांश सामुदायिक विद्यालयहरू एस.एल.सी. को परीक्षामा न्यून नतिजाका सिकार भएका छन् । यसरी सामुदायिक विद्यालयहरूको एस.एल.सी. को नतिजा प्रभावित हुनुमा तथा न्यून हुनुमा प्रमुख रूपमा कुन कुन तत्त्वहरू सम्बन्धित तथा जिम्मेवारी छन् ? भन्ने सम्बन्धमा गहिरो अध्ययन अनुसन्धान गरी सवल तत्त्वहरूलाई बढावा दिनु र नकारात्मक तत्त्वहरूलाई सुधार गर्नु तथा हटाउनु सहयोग गर्नु पनि उल्लेखित शीर्षकमा अनुसन्धान गर्नुको महत्त्वपूर्ण पक्ष हो । साथै छनौटमा परेका सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरू पहिचान

गर्नु, ती तत्त्वसँग सम्बन्धित समस्याहरू पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्नु पनि यस अध्ययन अनुसन्धान गर्नुको महत्त्वपूर्ण पक्ष हो ।

साथै उल्लेखित शीर्षकमा गरिएको अनुसन्धानले शिक्षाको गुणस्तर वृद्धि गर्नसँग सम्बन्धित विभिन्न पक्ष निकाय र संस्था तथा व्यक्तिलाई विविध पक्षमा आवश्यक सहयोग गर्नेछ भन्ने ठूलो आशा गरिएको छ । यस अन्तर्गत नेपाल सरकारलाई उपयुक्त व्यवहारिक शैक्षिक नीतिनियम निर्माण गर्नमा, पाठ्यक्रम विकास केन्द्रलाई सरल र व्यवहारिक पाठ्यक्रम निर्माण गर्नमा, शैक्षिक तालिम केन्द्रलाई शिक्षकमा शिक्षणसम्बन्धी वैज्ञानिक र व्यवहारिक ज्ञान तथा सीप विकास गर्नमा, विद्यालय प्रशासकलाई विद्यालयमा उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्नमा, शिक्षकलाई शैक्षणिक समस्या समाधान गरी प्रभावकारी शिक्षण गर्नमा, अभिभावकलाई घर परिवारमा बालबालिकालागि उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्नमा, विद्यार्थीलाई प्रभावकारी सिकाइ क्रियाकलाप गर्नमा, सामुदायिक विद्यालयको शैक्षिक अवस्था, भौतिक अवस्था, तथा सामुदायिक विद्यालयमा विद्यमान शैक्षणिक समस्याहरू र समाधानका उपायहरूको बारेमा गहिरो अध्ययन अनुसन्धान गर्न चाहने सम्बन्धित पक्षलाई आवश्यक ज्ञान सीप तथा अनुभव प्रदान गर्नु आदि उल्लेखित शीर्षकमा अनुसन्धान गर्नको महत्त्वपूर्ण पक्ष हुन् ।

## १.५ अध्ययनको परीसीमा

कुनै पनि विषयवस्तु तथा समस्यासँग सम्बन्धित अध्ययन अनुसन्धानलाई उपलब्ध समय स्रोत साधन तथा विषयवस्तुको प्रकृतिको आधारमा अध्ययन अनुसन्धानलाई व्यवहारिक बनाउन, अनुसन्धानलाई निर्दिष्ट दिशा प्रदान गर्न तथा निश्चित समयमा समापन गर्नका लागि अध्ययनको सीमा निर्धारण गर्नु नितान्त आवश्यक छ । तसर्थ उल्लेखित शीर्षकको अनुसन्धान कार्यलाई निम्न लिखित कुरामा सीमित राखि पुरा गरिएको थियो :

- वाग्लुङ जिल्लाको दुदिलाभाटी गा.वि.स. को वार्ड नं. २ मा रहेको एउटा विद्यालयहरूमा सीमित राखिएको थियो ।
- छनोटमा परेका सामुदायिक विद्यालयको विगतका १ वर्षको एस.एल.सी.को नतिजामा सीमित राखिएको थियो ।
- एस.एल.सी.को नतिजामा प्रभाव पार्ने विभिन्न तत्त्व मध्य भौतिक तत्त्व, शैक्षिक तत्त्व, तथा व्यक्तिगत तत्त्वमा सीमित राखिएको थियो ।
- छनोटमा परेको सामुदायिक विद्यालयका प्र.अ., शिक्षक (१/१ जना) विद्यार्थी (६ जना), वि.व्य.स. प्रतिनिधि (१ जना) लाई अध्ययनको नमुनाको रूपमा छनोट गरिएको थियो ।

## १.६ मुख्य शब्दावलीहरूको अर्थ

| | | |
|---|---|---|
| नतिजा | : | विद्यार्थीले निश्चित विषयवस्तुमा प्राप्त गरेका परिमाणात्मक अङ्क |
| प्रभाव पार्ने तत्त्वहरू | : | सिकाइ उपलब्धिमा सकारात्मक तथा नकारात्मक प्रभाव पार्ने विविध पक्षहरू |
| नमुना विद्यालय | : | अध्ययन क्षेत्र अन्तर्गत छनोटमा परेको विद्यालय |
| अपनाइने समाधानका उपायहरू | : | अनुसन्धानकर्ताले अनुसन्धान पश्चात देखिएका समस्याहरूलाई समाधानका लागि कार्यान्वयन गर्न सिफारिस गरिएका उपायहरू |
| सरोकारवाला | : | प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति |

# परिच्छेद दुई
# साहित्यको पुनरावलोकन

साहित्यको पुनरावलोकन गर्नु भनेको अध्ययन अनुसन्धानलाई प्रभावकारी, वैज्ञानिक यथार्थपरक र व्यावहारिक बनाउनु हो । अनुसन्धान नयाँ र फरक प्रकारको होस भन्नका लागि साहित्यको पुनरावलोकन गरिन्छ । यसैगरी अनुसन्धान विधिलाई सुधार गर्न, समस्यालाई स्पष्ट पार्न, अनुसन्धान कर्तामा सम्बन्धित विषयको ज्ञानको क्षेत्र विस्तार गर्न पनि साहित्यको पुनरावलोकनले मद्दत गर्दछ । यस अध्यायमा मुख्य रूपमा सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्धान्तिक साहित्यको अवधारणा तथा अवधारणात्मक ढाँचालाई प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

उल्लेखित शीर्षकको अध्ययन अनुसन्धानसँग मेल खाने केही सम्बन्धित साहित्य सामग्रीलाई यसरी वर्णन गर्न खोजिएको छ । जुन यसप्रकार छन् :

शिक्षाशास्त्र संकायकै प्रयोजनार्थ अधिकारी (२०६१) बाट भएको “विराटनगर उप-महानगरपालिकाभित्र संचालित सामुदायिक माध्यमिक विद्यालयको वर्तमान अवस्था” सम्बन्धी विराटनगर उप-महानगरपालिकाभित्र सञ्चालिन चार सामुदायिक विद्यालयको समष्टिगत भौतिक पक्ष, शैक्षिक पक्ष र आर्थिक पक्ष, परीक्षा प्रणाली र अभिभावकहरूको सहभागितालाई सन्तोषजनक मान्न नसकिने र एस.एल.सी. परीक्षामा सो विद्यालयले प्राप्त गरेको नतिजा सन्तोषजनक नभएको कारणले गर्दा माध्यमिक तहमा अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सकिएको छैन, जसमा कुन कुन पक्ष तथा तत्त्वले प्रभाव पारेका छन् भन्ने बारेमा पनि थप गहिरो अध्ययन अनुसन्धान गर्न आवश्यक रहेको शोधकर्ताले सुझाव दिएका छन् ।

सिंह (२०६२) ले ललितपुर जिल्लालाई अध्ययन क्षेत्र बनाएर “एस.एल.सी. परीक्षामा उच्च न्यून परीक्षाफल भएका सामुदायिक विद्यालयहरूको भौतिक एवं शैक्षिक स्थिति” सम्बन्धमा अध्ययन गर्नु भएको थियो । यस अध्ययनमा चारवटा उद्देश्य राखिएको पाइयो । जसमध्ये पहिलो ललितपुर जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका भौतिक स्थिति अध्ययन गर्ने, दोस्रो, माध्यमिक विद्यालयका भौतिक अवस्था र त्यसको शैक्षिक अवस्थामा परेको प्रभाव विद्यालय अवस्था र त्यसको शैक्षिक अवस्थामा परेको प्रभाव अध्ययन गर्नु तेस्रो छनोटमा सामुदायिक मा.वि.को एस.एल.सी. परीक्षाको नतिजा अध्ययन गर्नु, चौथो भौतिक अवस्था र विद्यालयको वरिपरिको वातावरणको कारणले शिक्षण सिकाइमा देखापरेका समस्याहरू पहिचान गर्नु । उहाँको अध्ययनले जुन सामुदायिक विद्यालयको भौतिक अवस्था, शैक्षिक अवस्था तथा आर्थिक अवस्था राम्रो छ ति विद्यालयहरूको एस.एल.सी. परीक्षामा उच्च नतिजा प्राप्त गर्न सफल भएका र जुन सामुदायिक विद्यालयको भौतिक अवस्था शैक्षिक अवस्था तथा आर्थिक

अवस्था कमजोर छ जसले गर्दा गर्दा ति विद्यालयले एस.एल.सी. परीक्षामा न्यून नतिजाका सिकार भएको देखाएको छ जसले गर्दा र सिकाइ उपलब्धिमा भौतिक तत्त्व, आर्थिक तत्त्व तथा शैक्षिक तत्त्वको प्रत्यक्ष प्रभाव पार्ने कुरा निष्कर्ष निकालिएको छ ।

रानाभाट (२०६१) "संस्थागत र सामुदायिक विद्यालयको प्रवेशिका परीक्षाको परिमाणात्मक भिन्नता" शीर्षक सम्बन्धमा अध्ययन गर्नु भएको थियो । यस अध्यनमा २ वटा उद्देश्यहरू राखिएको पाइयो । जसमध्य पहिलो संस्थागत र सामुदायिक विद्यालयको प्रवेशिका परीक्षाको नतिजाको तुलना गर्नु र दोस्ो उद्देश्य संस्थागत र सामुदायिक विद्यालयको प्रवेशिका परीक्षाको नतिजाको भिन्नता देखिनुका कारणहरू पहिचान गर्न । उहाँको अध्ययनले संस्थागत विद्यालयको शैक्षिक प्रशासन राम्रो भएको, शैक्षिक निरीक्षण र सुपरीवेक्षण राम्रा भएको शिक्षक तालिम प्राप्त भएका, विद्यार्थी र शिक्षक लगनशील भएका, विद्यालय समय बाहेक कठिन विषयका लागि अतिरिक्त कक्षाको व्यवस्था भएको, शिक्षकले कम शैक्षणिक समस्या भोग्नु परेको, संस्थागत विद्यालयहरू आधुनिक स्रोत साधन तथा सामाग्रीले भरिपूर्ण भएका आदि जस्ता सवल पक्षले गर्दा यस्ता विद्यालयको प्रवेशिका परीक्षाको परिणाम उच्च रहेको छ भन्ने निष्कर्ष निकालेका छन् । त्यसै सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक प्रशासन व्यवस्था त्यति प्रभावकारी नभएको, तल्लो तहको कमजोर शैक्षिक अवस्था, शिक्षक तथा विद्यार्थी दुवैमा जिम्मेवारी बोधको कमी, शिक्षकले तालिममा सिकेका ज्ञान सीपहरू वास्तविक शिक्षणमा प्रयोग नगरेका सम्बन्धित निकायबाट प्रभावकारी शैक्षिक निरीक्षण र सुपरीवेक्षण नगरिने, समय समयमा कठिन विषयका लागि अतिरिक्त कक्षाको व्यवस्था नभएको, विद्यार्थी, मूल्याङ्कनमा केवल निर्णयात्मक मूल्याङ्कन प्रक्रिया मात्र अपनाउनु आदि कारणले गर्दा यस्ता विद्यालयको प्रवेशिका परीक्षाको नतिजा सन्तोषजनक नरहेको कुरा उल्लेख गरेका छन् र साथै सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक अवस्था, आर्थिक अवस्था भौतिक अवस्था कमजोर भएका कारणले गर्दा एस.एल.सी.को नतिजा निकै प्रभावित हुने गरेको निष्कर्ष निकालेका छन् ।

खनिया (२०६७) ले लमजुङ जिल्लालाई अध्ययनको क्षेत्र बनाएर "एस.एल.सी. परीक्षामा उच्च र न्यून परीक्षाफल भएका सामुदायिक विद्यालयको शैक्षणिक स्थिति तथा सामाजिक आर्थिक अवस्था" सम्बन्धमा अध्ययन अनुसन्धान गर्नु भएको थियो । उल्लेखित शीर्षकको अध्ययनमा ३ वटा उद्देश्य पहिलो "एस.एल.सी. परीक्षामा उच्च र न्यून परीक्षाफल भएका सामुदायिक विद्यालयको शैक्षिक र सामाजिक अवस्थाको तुलना गर्नु" दोस्रो "एस.एल.सी. परीक्षामा उच्च र न्यून परीक्षाफल हुनुका कारण पत्ता लगाउनु", तेस्रो "एस.एल.सीं को परीक्षाफल वृद्धि गर्न चालिएका र चालनु पर्ने उपायहरूको खोजी गर्नु" राखिएका थिए । उल्लेखित शीर्षकमा गरिएको उनको यस अध्ययनले एस.एल.सी.मा उच्च नतिजा प्राप्त गर्न सफल विद्यालयमा सामाजिक तत्त्व (जाती, धर्म, संस्कृति) को प्रभाव नरहेको र न्यून नतिजा

प्राप्त गरेका विद्यालयमा सामाजिक तत्त्वले प्रभाव पारेको कुरा उल्लेख गरेका छन् । साथै एस.एल.सी.को नतिजामा अभिभावको पेशा, बालबालिकालाई दिइने निर्देशन, विद्यार्थीलाई निरन्तर प्रदान गरिने कक्षाकार्य, गृहकार्य, विद्यालय परिवार (विद्यार्थी, शिक्षक, प्र.अ., अभिभावक), शैक्षिक सामग्रीको उपलब्धता, विद्यालयको भौतिक पक्ष आर्थिक पक्ष, विद्यार्थी शिक्षक मूल्याङ्कन परिपाटी आदि तत्त्वले प्रभाव पार्दछ भनी निष्कर्ष निकालेका छन् । यसै सन्दर्भमा एस.एल.सी. को नतिजामा अन्य तत्त्वहरूले पनि प्रभाव पार्ने भएकोले सो तत्त्वहरू (भौतिक तत्त्व, आर्थिक तत्त्व, शैक्षिक तत्त्व, व्यक्तिगत तत्त्व) बारेमा थप अनुसन्धान गर्न नितान्त आवश्यक छ भनी उल्लेख गरेका छन् ।


## २.२ अध्ययनको सैद्धान्तिक अवधारणा

सिकाइ उपलब्धिमा विभिन्न तत्त्वहरूको प्रभाव पारेको हुन्छ । Random and Others (1837) का अनुसार “सिकाइमा शारीरिक एवम् मनोवैज्ञानिक दुवै तत्त्वले प्रभाव पार्दछ” । शारीरिक तत्त्वअन्तर्गत शारीरिक त्रुटिहरू (दृष्टिविहिनता, कमजोर श्रवणशक्ति), थकावट सिकाइ समयावधि, वातावरणीय अवस्था, लागुपदार्थ, परिपक्वता, अभ्यासको अवसर आदि तत्त्वहरूको पनि सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्दछ । त्यसैगरी सिकाइ उपलब्धि प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्वको रूपमा उत्प्रेरणा (Motivation) लाई पनि लिएका छन् । यिनले उत्प्रेरणालाई सिकाइ प्रक्रियाको मुटुको रूपमा उल्लेख गरेका छन् । Pressey and Robinson (1944) ले सिकाइका लागि महत्त्वपूर्ण तत्त्वको रूपमा “परिपक्वता” लाई लिएका छन् । साथै उत्प्रेरणाले सिकाइका लागि पनि सिकारुलाई तत्पर बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरा उल्लेख गरेका छन् । Garison and Others (1967) का अनुसार “सिकाइ कार्यमा उत्प्रेरणा, बालकको विकासात्मक दर, शारीरिक अवस्था, मानसिक अवस्था, पूर्वअनुभव, विद्यालय, शिक्षक, अभिभावको अवस्था पाठ्यक्रम तथा शिक्षानीति” आदि पक्षहरूले सिकाइ उपलब्धिमा प्रभाव पार्दछ । माथि उल्लेख गरिएका विभिन्न तत्त्वहरूसँग सम्बन्धित अन्य विभिन्न चरहरूको बारेमा गहिरिएर अध्ययन गर्दै जाने विद्यार्थीको वंश, परम्परा बौद्धिक क्षमता, उमेर, लिङ्ग जस्ता व्यक्तिगत तत्त्वहरूसँग सम्बन्धी पक्षले पनि सिकाइ उपलब्धिमा प्रभाव पार्दछ ।

स्कीनरको कार्यमूलक अभ्यस्तता सिकाइ सिद्धान्तकोका अनुसार सिकारुलाई सिकाइको क्रममा प्रदान गरिने पूर्नवलले महत्त्वपूर्ण प्रभाव पार्दछ । तसर्थ सिकाइको क्रममा समय परिस्थिति र आवश्यकता अनुसार पूर्नवलको उचित किसिमले प्रयोग गर्नुपर्दछ । यसरी हाम्रा सामुदायिक विद्यालयहरूमा शिक्षण सिकाइ क्रियाकलाप तथा परीक्षामा राम्रो नतिजा प्राप्त गर्ने विद्यार्थीलाई उचित किसिमको पूर्नवल (स्यावासी, धन्यवाद, सरसल्लाह, पुरुस्कार, परामर्श) पनि प्रदान गरिदैन तसर्थ मध्यम तथा न्यून क्षमता भएका विद्यार्थीमा सम्बन्धित विषय तथा शैक्षिक क्रियाकलापका लागि गरिने अभ्यासको दर पनि घट्दै जान्छ । यसर्थ सामुदायिक विद्यालयमा

पूर्नवल र अभ्यासबीच उचित तालमेल नमिलेको र पूर्नवल र अभ्यासको सहि सदुपयोग नगरिएकोले पढाइमा राम्रो गर्ने विद्यार्थीहरू पनि शिक्षण सिकाइ क्रियाकलाप तथा सिकाइप्रति आकर्षित हुँदैनन् र मध्यम र न्यून क्षमता भएका विद्यार्थीहरू शिक्षण सिकाइ क्रियाकलापप्रति आकर्षित तथा सक्रिय हुन सकेको छैनन, जसले गर्दा सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि घट्दै गएको छ । तसर्थ सामुदायिक विद्यालयले एस.एल.सी. परीक्षामा पनि अपेक्षित उपलब्धि हासिल गर्न सकिरहेका छैनन् फलस्वरूप अधिकांश सामुदिायिक विद्यलायहरू एस.एल.सी.को परीक्षामा न्यून नतिजाका सिकार भएका हुन्छन् । यस सिद्धान्तका अनुसार विशेष गरी सिकारुलाई सिकाइको क्रममा प्रदान गरिने शैक्षिक तत्त्व अन्तर्गत पर्ने पूनर्वल र अभ्यासको अवसरले सामुदायिक विद्यालयको एस.एल.सी. नतिजामा पनि प्रत्यक्ष रूपमा प्रभाव पार्दछ भन्ने कुरालाई सजिलै स्वीकार्न सकिन्छ ।

## २.३ अवधारणात्मक ढाँचा




माथि उल्लेखित अवधारणात्मक ढाँचाले एस.एल.सी.को नतिजमा प्रभाव पार्ने तत्त्वहरू र ति तत्त्वहरूसँग सम्बन्धित अन्य पक्षहरूलाई प्रष्ट्याएको छ । विशेष गरी एस.एल.सी. को नतिजामा भौतिक तत्त्व (विद्यालय भवनको अवस्था, कक्षाकोठाको व्यवस्थापन, डेस्क बेन्च तथा कालोपाटी अवस्था, शैक्षिक सामग्रीको सुविधा, प्रयोगशालाको सुविधा, उपलब्ध खेलमैदान, पीउने पानी र शौचालय), शैक्षिक तत्त्व (पढाइ हुने दिन, हाजिरी (शिक्षक/विद्यार्थी) पढाइ हुने समय, शिक्षकको पृष्ठभूमी, विद्यार्थीको पृष्ठभूमि, शिक्षण प्रक्रिया, अतिरिक्त कक्षा शिक्षण, अभ्यास/पूर्न अभ्यास, मूल्याङन प्रक्रिया, परीक्षा सञ्चालन अवस्था, पूर्नवलको प्रयोग, दण्डको प्रयोग, पाठ्यांश

अध्यापन अवस्था) तथा व्यक्तिगत तत्त्व (उत्प्रेरणा, परिपक्वता, असक्तता) ले महत्त्वपूर्ण रूपमा प्रभाव पार्दछ । यसरी यी तत्त्वहरू एक अर्कासँग निकै नै अन्र्तसम्बन्धित छन् । विशेष तह एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरू र त्यससँग सम्बन्धित समस्याहरू पहिचान गरी समयमै समाधानका उपायहरू अपनाउन सकिएको खण्डमा निश्चय पनि सामुदायिक विद्यालयले एस.एल.सी. को परीक्षामा अपेक्षित नतिजा हासिल गर्न सक्छन् भन्ने कुरालाई यस अवधारणात्मक ढाँचाले उल्लेख गर्नखोजेको छ । साथै यस अवधारणात्मक ढाँचाले सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरूको बारेमा अध्ययन गर्न, एस.एल.सी. नतिजाको स्थिति अध्ययन गर्न, सामुदायिक विद्यालयमा विद्यमान शैक्षणिक समस्याहरू र समाधानका उपायहरूको बारेमा सिफारीस गर्न निर्दिष्ट दिशा प्रदान गरेको छ ।

# परिच्छेद तीन
# अध्ययन विधि

यस अध्ययनमा विशेष गरी अध्ययनको जनसंख्या, नमुना छनोट (अध्ययन क्षेत्रको छनोट, विद्यालयको छनोट, प्रधानाध्यापकको छनोट, शिक्षकको छनोट, विद्यार्थीको छनोट, वि.व्य.सं. प्रतिनिधिको छनोट), सूचनाको स्रोतहरू (प्राथमिक स्रोतहरू, द्वितीय स्रोतहरू), सूचना संकलनका साधनहरू (अभिलेख अध्ययन, मिश्रित प्रश्नावली, समूह छलफल निर्देशिका, अन्तर्वार्ता प्रश्नावली, कक्षा अवलोकन फराम) साधनको वैधता निर्धारण प्रक्रिया, सूचना संकलन प्रक्रिया, सूचनाको विश्लेष र व्याख्या जस्ता पक्षलाई उल्लेख गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको परिचय

पश्चिमाञ्चल विकास क्षेत्रमा रहेका जम्मा ३ वटा अञ्चल (लुम्विनी, गण्डकी, धवलागीरी) मध्ये धवलागीरी अञ्चल पनि प्राकृतिक तथा ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण तथा सुन्दर अञ्चल हो । यस अञ्चलमा पर्ने जम्मा ४ वटा जिल्ला (पर्वत, म्याग्दी, मुस्ताङ र वाग्लुङ) मध्य वाग्लुङ पनि ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक दृष्टिकोणले सुन्दर महत्त्वपूर्ण जिल्ला हो । यसरी यस वाग्लुङ जिल्लाको भौगालिक क्षेत्रफल १,८२,४८६ हेक्टर (१७८४ वर्ग कि.मी.) रहेको छ भने १८°१५' उत्तरी आक्षांसदेखि २८°३६' उत्तरी अक्षांश तथा ८३°.०० पूर्वदेखि ८३°३६' पूर्वीदेशान्तरमा अवस्थित वाग्लुङ जिल्ला समुद्री सतहबाट ६०० मिटरदेखि ४६९० मिटरसम्मको उचाइमा रहेको छ । यस जिल्लाको पूर्वमा पर्वत, पश्चिममा रुकुम, रोल्पा र प्यूठान, उत्तरमा म्याग्दी तथा दक्षिणमा गुल्मी र प्यूठान जिल्ला छिमेकी जिल्लाको रुपमा रहेका छन् । हावापानीको दृष्टिकोणले यस जिल्लामा ४ प्रकारको हावापानी (उष्ण, समशितोष्ण, शीत र शीतोष्ण) पाइन्छ । यस जिलाको सदरमुकाम जिल्लाको पूर्वमा पर्ने वाग्लुङ वजार हो । यो जिल्ला विशेष गरी ३ संसदिय क्षेत्र, १३ इलाका, १ नगरपालिका र ५९ गा.वि.स.मा विभाजित यो जिल्ला मिनी नेपाल तथा झोलुङ्गेपुलको जिल्ला भनेर पनि चिनिन्छ र यस जिल्लाले कुल जनसंख्याको १.१६ प्रतिशत ओगटेको छ । यस जिल्लामा जम्मा २५.४ प्रतिशत जमिन मात्र खेती योग्य भएको पाइन्छ र यस जिल्लाको कुल जनसंख्या २,६८,९३७ रहेको छ जसमध्ये २८.२ प्रतिशत मगर समुदाय रहेको छ भने ८५ प्रतिशत जनताहरू कृषि कार्यमा संलग्न छन् । यस जिल्लाको मुख्य आयस्रोत कृषि, व्यापार तथा वैदेशिक रोजगारी नै हो । यसरी वाग्लुङ जिल्ला धार्मिक दृष्टिकोणले विशेष महत्त्व बोकेको जिल्ला हो र यस जिलमा प्रसिद्ध मठमन्दिरहरू : वाग्लुङ कालिका, भैरव स्थान, जैमिनेश्वर, शिवमन्दिर, तालवराह, रामकोट, थन्थापमाइ तथा शिवायल र सत्यती रहेको छन् । लोक संस्कृतिले सम्पन्न यस जिल्लामा यानीमाया, सालैजो, सोरठी नृत्य, घाटुनाच र लोक दोहोरी जस्ता संस्कृति प्रचलित छन् । पर्यटकीय आर्कषणको केन्द्रविन्दुमा रहेको यस जिल्लामा, घुम्टेको चुचुरो, ढोर पाटन वन्यजन्तु

शिकार आरक्ष, गाजाको दह, गलकोट दरवार तथा संसारकोट डाँडो जस्ता महत्त्वपूर्ण ऐतिहासिक स्थलहरू रहेका छन् ।

शैक्षिक दृष्टिकोणले यस जिल्लाको साक्षरता ६४.८९ प्रतिशत रहेको छ । जसमध्य पुरुषको साक्षरता ७४ प्रतिशत र महिलाको ५१ प्रतिशत रहेको छ । यसरी जिल्लामा जम्मा ५२७ वटा विद्यालयहरू रहेका छन् । जसमध्य प्रा.वि. ३६४, नि.मा.वि. ६५, मा.वि. ५५ र उ.मा.वि. ४३ रहेका छन् भने संस्थागत विद्यालय जम्मा ६५ रहेका छन् जसमध्ये मा.वि. ५ वटा रहेका छन् । यस जिल्लामा २० वटा स्रोतकेन्द्र रहेका छन् । यस जिल्लाको २०६७ सालको एस.एल.सी. उत्तीर्ण ६१.६ प्रतिशत रहेको छ यसरी एस.एल.सी. परीक्षामा शतप्रतिशत नतिजा ल्याउन सफल विद्यालयहरू गणेश मा.वि. नारायण थान, जनप्रेम उ.मा.वि., अमर भूमि तथा अर्गल उ.मा.वि., अर्गल छन् । यस जिल्लामा रहेका सामुदायिक माध्यमिक विद्यालयमा जम्मा १०५१० विद्यार्थीहरू अध्ययनरत छन् । जसअन्तर्गत प्रति विद्यालय विद्यार्थी अनुपात १०७.२४ रहेको भने प्रति शिक्षक विद्यार्थी अनुपात १:२८.४० रहेको देखिन्छ । यसरी यस जिल्लामा बढी साक्षरता भएका गा.वि.स. सिगाना (७१.९%) र तित्याङ (७१.५%) र सबैभन्दा कम साक्षरता भएका गा.वि.स. निसी (१९.५%) र राजकुत (१९.६%) हुन् । यसरी यस जिल्लाको अन्य शैक्षिक विवरण अन्तर्गत बालविकास केन्द्र ३०४, सामुदायिक अधययन केन्द्र ३ र विशेष शिक्षा कार्यक्रम ५ सञ्चालनको अवस्थामा रहेका छन् (स्रोत : जिल्ला शिक्षा कार्यालय वाग्लुङ, २०६७) ।

### ३.२ अनुसन्धान विधि

सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरूसँग सम्बन्धित अध्ययनमा प्राप्त सूचनाहरूलाई गुणात्मक र परिणात्मक विधिको प्रयोग गरी विश्लेषण र व्याख्या गरिएको छ ।

### ३.३ अनुसन्धान ढाँचा

यस अनुसन्धानलाई सम्पन्न गर्नका लागि वर्णनात्मक र मिश्रित ढाँचा प्रयोग गरिएको थियो । उल्लेखित विषयको उद्दश्यसँग सम्बन्धीत सत्य तथा सूचनाहरू संकलन गर्नका लागि यस अध्यायमा अभिलेख अध्ययन, मिश्रित प्रश्नावली, समूह छलफल निर्देशिका, अन्तर्वार्ता प्रश्नावली, तथा अवलोकन फाराम जस्ता सूचना संकलनका साधनहरू प्रयोग गरिएका थिए जसका लागि निम्नलिखित प्रक्रिया अपनाइएको थियो :

| क्र.सं. | अध्ययनको उद्देश्य | सूचनाको स्रोत | सूचना सङ्कलनका साधनहरू |
|---|---|---|---|
| १ | छनोटमा परेका सामुदायिक विद्यालयको एस.एल.सी. नतिजाको स्थिति पत्ता लगाउनु । | वि.सं. २०६७ को एस.एल.सी. परीक्षाको नतिजा | अभिलेख अध्ययन |
| २ | सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरूको अन्वेषण गर्नु । | प्रधानाध्यापक/शिक्षक विद्यार्थी वि.व्य.स. प्रतिनिधि | मिश्रित प्रश्नावली, समूह छलफल निर्देशिका, अन्तर्वार्ता प्रश्नावली |
| ३ | सामुदायिक विद्यालयमा विद्यमान शैक्षणिक समस्याहरू पहिचान गरी समाधानका उपायहरू सीफारिस गर्नु । | प्रधानाध्यापक, शिक्षक, विद्यार्थी कक्षा अवलोकन | मिश्रित प्रश्नावली, समूह छलफल निर्देशिका, अवलोकन फाराम |

### ३.४ अध्ययनको जनसंख्या

सामान्यतया उल्लेखित शीर्षकको अध्ययनको जनसंख्याभित्र देश भरि सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरू, ती विद्यालयसँग सम्बन्धित सम्पूर्ण प्रधानाध्यापकहरू, शिक्षकहरू विद्यार्थीहरू तथा सम्पूर्ण वि.व्य.सं. प्रतिनिधिहरूलाई अध्यनको जनसंख्याको रूपमा छनोट गरिएको थियो ।

### ३.५ नमुना छनोट

उल्लेखित शीर्षकमा अध्ययन अनुसन्धान गर्नका लागि सुविधाजनक नमुना छनोटको विधिको आधारमा वाग्लुङ जिल्लामा सञ्चालित विभिन्न सामुदायिक विद्यालय मध्ये दुदिलाभाटी गा.वि.स. वार्ड नं. २ मा सञ्चालित एउटा सामुदायिक माध्यमिक विद्यालय र त्यो विद्यालयसँग सम्बन्धित प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा वि.व्य.स. प्रतिनिधलाई नमुनाको रूपमा छनोट गरिएको थियो, जसको विस्तृत जानकारी निम्नानुसार गरिएको छ :

#### ३.५.१ अध्ययन क्षेत्रको छनोट

बाग्लुङ जिल्लामा विद्यमान विभिन्न गा.वि.स. मध्ये वार्ड नं. २ लाई सुविधाजनक नमुना छनोट विधिद्वारा छनोट गरिएको थियो ।

#### ३.५.२ विद्यालयको छनोट

अध्ययन क्षेत्र अन्तर्गत सुविधाजनक नमुना छनोट विधिद्वारा छनोट गरिएको दुदिलाभाटी गा.वि.स. को वार्ड नं. २ मा रहेको एउटा विद्यालयहरूलाई “समान सम्भावना युक्त” नमुना छनोट विधिद्वारा छनोट गरिएको थियो ।

### ३.५.३ कक्षा छनोट

अध्ययन क्षेत्रअन्तर्गत छनोटमा परेको सामुदायिक विद्यालयको कक्षा-१० लाई उद्देश्यमूलक नमुना छनोटको आधारमा छनौट गरिएको थियो ।

### ३.५.४ प्रधानाध्यापकको छनोट

छनोटमा परेका सामुदायिक विद्यालयको प्र.अ. स्वतः छनोट भएका थिए ।

### ३.५.५ शिक्षकको छनोट

अनुसन्धानको उद्देश्यसँग सम्बन्धित बढीभन्दा बढी सूचना सङ्कलन गर्न सकिन्छ भन्ने आसयका साथ छनोटमा परेका सामुदायिक विद्यालयबाट १ जना अंग्रेजी शिक्षक उद्देश्यमूलक नमुना छनोटको आधारमा गरिएका थिए ।

### ३.५.६ विद्यार्थीको छनोट

छनोटमा परेका सामुदायिक विद्यालयबाट जम्मा ६ जना विद्यार्थीहरू समान सम्भावना युक्त नमुना छनोट विधिद्वारा छनोट गरिएका थिए जसका लागि चिठ्ठा विधिको प्रयोग गरिएको थियो ।

### ३.५.७ विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिको छनोट

अध्ययनको उद्देश्यसँग सम्बन्धित आवश्यक सूचनाहरू संकलन गर्नका लागि अध्ययन क्षेत्र अन्तर्गत नमुना छनोटमा परेको विद्यालयबाट १ जना वि.व्य.स. प्रतिनिधि (अध्यक्ष) लाई उद्देश्यपूर्ण नमूना छनोट विधिद्वारा छनोट गरिएको थियो ।

## ३.६ अध्ययनका स्रोतहरू

उल्लेखित शीर्षकको अध्ययनको उद्देश्यसँग सम्बन्धित आवयक सूचनाहरू संकलन गर्नका लागि प्राथमिक तथा द्वितिय दुवै खालका सूचनाका स्रोतहरू प्रयोग गरिएको थियो ।

### ३.६.१ प्राथमिक स्रोतहरू

अध्ययनको उद्देश्यसँग सम्बन्धित आवश्यक सूचनाहरू सङ्कलन गर्नका लागि नमूना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी तथा वि.व्य.स. प्रतिनिधिमा मिश्रित प्रश्नावली, समूह छलफल, अन्तर्वार्ता तथा अवलोकन जस्ता सूचना सङ्कलनका साधनको प्रयोग गरी प्राथमिक सूचनाहरू सङ्कलन गरिएका थिए ।

### ३.६.२ द्वितीय स्रोतहरू

अध्यनको उद्देश्यसँग सम्बन्धित आवश्यक सूचनाहरू सङ्कलन गर्नका लागि आवश्यकता अनुसार आयोगका प्रतिवेदन, पुस्तक, पत्रपत्रिका, शिक्षा नियमावली, विद्यार्थी प्रगति

विवरण, एस.एल.सी. परीक्षाको नतिजा विवरण, आदि साधनबाट द्वितीय सुचनाहरू सङ्कलन गरिएका थिए ।

### ३.७ अध्ययनका साधनहरू

### ३.७.१ अभिलेख अध्ययन

नयाँ सूचना तथा जानकारीहरू प्राप्त गर्नका लागि अध्ययन तथा अनुसन्धानको विषय सम्बन्धी आवश्यक जानकारीहरू हासिल गर्ने कार्यलाई अध्ययन भनिन्छ । यो प्राथमिक सूचना संकलन गर्ने प्रमुख र उपयुक्त विधि हो । यसरी अध्ययनलाई कुनै पनि विषयवस्तुसँग सम्बन्धित गरिने गहिरो चिन्तन मनन् का रूपमा स्वीकारिन्छ । यसरी अध्ययन तथा अनुसन्धानको पहिलो उद्देश्य "छनोटमा परेका सामुदायिक विद्यालयको एस.एल.सी. परीक्षाको नतिजाको स्थिति अध्ययन गर्नु" सँग सम्बन्धित आवश्यक सूचनाहरू सङ्कलन गर्नका लागि वि.सं. २०६७सालको एस.एल.सी. परीक्षाको नतिजा आवश्यकता अनुसार अध्ययन गरिएको थियो ।

### ३.७.२ मिश्रित प्रश्नावली

विभिन्न किसिमका प्रश्नहरू (संरचित, असंरचित खुला, बन्द) समावेश गरी निर्माण गरिएको प्रश्नावलीलाई मिश्रीत प्रश्नावली भनिन्छ । यस प्रश्नावलीमा समय परिस्थिति र आवश्यकता अनुसार अनेक प्रकारका प्रश्नहरू राख्न सकिन्छ । तसर्थ यस विधिबाट सङ्कलित तथ्याङ्कहरू ज्यादा भरपर्दा र पूर्ण रूपमा सङ्ग्रह गर्न सकिने हुन्छन् । विशेष तह "सामुदायिक विद्यालयको एस.एल.सी. को नतिजामा प्रभाव पार्ने तत्त्वहरूको अन्वेषण गर्नु र सामुदायिक विद्यालयमा विद्यमान शैक्षणिक समस्याहरू पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्नु" उद्देश्यसँग सम्बन्धित प्राथमिक सूचनाहरू सङ्कलन गर्नका लागि नमुना जनसंख्याको रूपमा छनोटमा परेका सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा शिक्षकका लागि मिश्रित प्रश्नावली प्रयोग गरिएको थियो ।

### ३.७.३ समूह छलफल निर्देशिका

मुख्य रूपमा जुन-जुन विषयहरूमा आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गर्नुपर्ने ति विषयहरूलाई मात्र उल्लेख गरी छलफल गर्न सजिलो र व्यवस्थित होस भन्ने उद्देश्यले तयार पारिएको सामाग्रीलाई समूह छलफल निर्देशिका भनिन्छ । यसका आधारमा प्रस्तुत गरिएका विषयमा क्रमैसँग छलफल गरी आवश्यक सूचनाहरू सङ्कलन गरिएका थिए । विशेष तह विद्यालयको भौतिक पक्ष, शैक्षिक पक्ष, विद्यामान शैक्षिक समस्या तथा समाधानका उपायहरूसँग सम्बन्धित सुचना तथा तथ्याङ्कहरू सङ्कलन गर्नका लागि विद्यार्थीका लागि समूह छलफल निर्देशिका निर्माण गरी प्रयोग गरिएको थियो ।

### ३.७.४ कक्षा अवलोकन फाराम

मुख्य रूपमा कक्षाकोठाको भौतिक अवस्था, शैक्षिक अवस्थासँग तथा शैक्षणिक समस्यासँग सम्बन्धित आवश्यक सूचनाहरू सङ्कलन गर्नका लागि तोकिएको कक्षाको प्रत्यक्ष अवलोकन गर्नका लागि कक्षा अवलोकन फाराम प्रयोग गरिएको थियो ।

### ३.७.५ अन्तर्वार्ता सूची

अन्तर्वार्तालाई प्रत्येक्ष आफ्नो सामने गरिने अन्तर्क्रियाको रूपमा पनि स्वीकार्ने गरिन्छ । यसरी जुन विषयमा अन्तर्वार्ता गरिने हो, ती विषयलाई क्रमैसँग सूचिबद्ध गरी राखिएको हुन्छ । जसमा प्रश्नकर्ताले समय परिस्थिति र आवश्यकता अनुसार अध्ययनको उद्देश्यसँग सम्बन्धित सूचनाहरू सङ्कलन गर्नका लागि खुला प्रश्नावली सोध्ने गर्दछ र प्रतिक्रिया खुला विचारको रूपमा प्राप्त हुने गर्दछन् । विशेषतह एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरू भौतिक तत्त्व, शैक्षिक तत्त्व तथा व्यक्तिगत तत्त्वसँग सम्बन्धित आवश्यक प्राथमिक सूचनाहरू सङ्कलन गर्नका लागि छनोटमा परेका विद्यालयका वि.व्य.सं. प्रतिनिधिका (अध्यक्ष) लागि खुला अन्तर्वार्ता सूची प्रयोग गरिएको थियो ।

## ३.८ साधनको वैद्यता निर्धारण प्रक्रिया

उल्लेखित विषयको उद्देश्यसँग सम्बन्धित सत्य तथा विश्वासनिय र वैद्य सूचना सुचनाहरू सङ्कलन गर्नका लागि निर्माण गरिएका साधनहरू मिश्रीत प्रश्नावली, समूह छलफल निर्देशिका, अन्तर्वार्ता सूची, कक्षा अवलोकन फारामलाई सहपाठी साथीहरू बिच छलफल गरी, शोध निर्देशकको राय सल्लाह सुझाव अनुसार अन्तिम रूप दिइ वैधता प्राप्त भइ सकेपछि मात्र वास्तविक क्षेत्रमा सूचना सङ्कलनका लागि प्रयोग गरिएका थिए ।

## ३.९ सूचना सङ्कलन प्रक्रिया

अध्ययनको शीर्षकसँग सम्बन्धित उद्देश्यहरू निर्माण गरिसके पश्चात विद्यालय तथा सम्बन्धित पक्षबाट आवश्यक सहयोग प्राप्त गर्न, शिक्षक विद्यार्थीलाई अध्ययनमा सहभागी गराउन, सम्बन्धित पक्षलाई अध्ययनको उद्देश्यहरूको बारेमा जानकारी गराउन र आवश्यक अनुमति प्राप्त गर्नका लागि सर्वप्रथम विद्यालयका प्रधानाध्यापसँग सम्पर्क गरिएको थियो । यसरी प्रधानाध्यापकले अध्ययनका लागि स्वीकृति प्रदान गरि पछि प्रधानाध्यापकलाई मिश्रित प्रश्नावली भर्ने मिति समय र स्थान सुनिश्चित गरिएको थियो । त्यसै गरी शिक्षकलाई पनि मिश्रित प्रश्नावली भर्नका लागि मिति समय र स्थान सुनिश्चित गरिएको थियो । त्यसैगरी विद्यार्थीबाट पनि आवश्यक सूचनाहरू प्राप्त गर्नका लागि समुह छलफलमा सहभागी हुने मिति, समय र स्थान सुनिश्चित गरिनेछ र त्यसै गरी अध्ययनको उद्देश्यसँग सम्बन्धित आवश्यक सुचनाहरू सङ्कलन गर्नका लागि वि.व्य.स. प्रतिनिधिलाई पनि अन्तर्वार्ता प्रश्नावलीका लागि उपस्थित हुनुपर्ने मिति, समय र स्थान सुनिश्चित गरिएको थियो । त्यसपछि प्रधानाध्यापक तथा सम्बन्धित शिक्षकको सहयोग तथा निर्देशनमा अध्ययनकर्ताद्वारा तयार गरिएको कक्षा अवलोकन फारामको

सहायताले कक्षा १० को एक पटक मात्र अवलोकन गर्ने मिति सुनिश्चित गरेर आवश्यक सत्य तथा सूचनाहरू संङकलन गरिएका थिए ।

### ३.१०  सूचनाको विश्लेषण प्रक्रिया

अध्ययनको क्रममा प्रयोग गरिएका वैद्य साधनबाट सङ्कलन हुन गएका परिमाणात्मक तथ्याङ्कलाई गुणात्मक विधिद्वारा विश्लेषण गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई प्राकृतिक अवस्थामा नै तालिकीकरण गरेर, तुलना गरेर तथा उपयुक्त तर्कको आधारमा अध्याय चारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

## परिच्छेद चार

## सूचनाको विश्लेषण र व्याख्या

"सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरू" नामक शीर्षकको अध्ययनमा राखिएका उद्देश्य अनुसार सङ्कलन गरिएका सूचनाहरूलाई व्यवस्थित र स्पष्ट पार्नका लागि वर्णनात्मक र परिमाणात्मक सूचनाहरूलाई तिनको प्रकृति अनुसार वर्गीकरण गरिएको छ । वर्गीकरण अनुसार तथ्याङ्कलाई परिमाणात्मक विधिको प्रयोग गरी तालिकामा परिणत गरेर स्पष्ट रूपमा व्याख्या र विश्लेषण गरिएको छ । यसरी प्राप्त सूचनाहरूलाई विश्लेषण र व्याख्या गर्ने क्रममा शिक्षानियमावली तथा पाठ्यक्रम सम्बन्धि दस्तावेजलाई मूल आधार बनाइएको छ ।

### ४.१ एस.एल.सी. नतिजाको स्थिति

यहाँ एस.एल.सी. नतिजाको स्थिति अध्ययन गर्ने क्रममा अध्ययन क्षेत्र अन्तर्गत छनोटमा परेको सामुदायिक विद्यालयको विगत वि.सं. २०६७ सालको एस.एल.सी.को नतिजालाई जातिगत उर्त्तिणदर, लिङ्गगत उत्तीर्णदर र विषयगत उत्तीर्णदर तथा जातिगत सिकाइ उपलब्धि, लिङ्गगत सिकाइ उपलब्धि तथा विषयगत सिकाइ उपलब्धिलाई विशेष आधार बनाइएको छ । जसका लागि आवश्यकता अनुसार विभिन्न तालिकाहरू निर्माण गरेर त्यसैको आधारमा वर्णन गरिएको छ, जसलाई क्रमैसँग निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.१.१ जातिगत र लिङ्गगत उत्तीर्ण दर

एस.एल.सी.को नतिजाको स्थिति अध्ययन गर्ने क्रममा सर्वप्रथम जातिगत र लिङ्गगत उत्तिर्णदरलाई आधार बनाइएको छ । यसरी जातिगत उत्तीर्णदर अन्तर्गत ब्रांह्मण, क्षेत्री, दलित र जनजाती गरी ४ समुहमा विभाजन गरिएको छ भने लिङ्गगत उत्तिर्ण दरलाई अध्ययन गर्नका लागि छात्र-छात्रा गरी २ समुहमा विभाजन गरिएको छ, जसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१**

**जातिगत र लिङ्गगत उत्तीर्णदर**

| जातिगत विवरण | लिङ्ग | उत्तीर्ण | अनुतीर्ण | जम्मा | उत्तिर्णदर | जातिगत उत्तिर्ण दर |
|---|---|---|---|---|---|---|
| ब्राह्मण | छात्र | २ | – | २ | १००% | १००% |
| | छात्रा | १ | – | १ | १००% | |
| क्षेत्री | छात्र | ३ | २ | ५ | ६०% | ५५% |
| | छात्रा | २ | २ | ४ | ५०% | |
| जनजाति | छात्र | ३ | ३ | ६ | ५०% | ४०% |
| | छात्रा | १ | ३ | ४ | २५% | |
| दलित | छात्र | १ | १ | २ | ५०% | ५०% |
| | छात्रा | १ | १ | २ | ५०% | |
| जम्मा | छात्र | ९ | ६ | २६ | ६०% | ५३.८% |
| | छात्रा | ५ | ६ | | ४५% | |

स्रोत : स्थलगत दस्तावेज, २०६८ ।

माथि उल्लेख गरिएको तालिकाको विवरण एस.एल.सी. परीक्षाको नतिजा २०६७ सालको तथ्याङ्क श्री चोराहा उ.मा.वि.को एस.एल.सी. दस्तावेज अध्ययन गरी प्रस्तुत गरिएको छ । उक्त दस्तावेजको आधारमा तथ्याङ्कको व्याख्या विश्लेषण गर्दा जातिगत रूपमा एस.एल.सी. परीक्षामा जनजाति समूहको सहभागिता अन्य जातिको तुलनामा उच्च १० जना (छात्र ६, छात्रा ४), त्यसैगरी क्रमशः क्षेत्रीको जम्मा ९ (५ छात्र ४ छात्रा), ब्राह्मण जम्मा ३ (छात्रा २, छात्र १) र दलित जम्मा ४ (छात्र २, छात्रा २) न्यून रहेको छ । त्यसैगरी एस.एल.सी. उत्तीर्णको स्थिति क्षेत्री समूहको ५ (छात्रा ३, छात्र २) जनजाती समूहको ४ (३ छात्र, छात्र १), ब्राह्मण समूहको ३ (छात्र २, छात्रा १) र दलित समूहको २ (छात्र १, छात्रा १) रहेको छ ।

### ४.१.१.१ **जातिगत उत्तीर्णदर**

जातिगत उत्तीर्णदरलाई विश्लेषण गर्ने हो भने २०६७ सालको एस.एल.सी. परीक्षामा सम्मिलित जातीहरू मध्ये सबैभन्दा बढी उत्तीर्णदर ब्राह्मण समूहको, त्यसैगरी क्रमशः क्षेत्री, दलित र जनजाति समूहको रहेको छ । त्यसैगरी उत्तीर्ण संख्याको आधारमा सबैभन्दा बढी क्षेत्री समूहको रहेको छ, त्यसपछि क्रमशः जनजाति, ब्राह्मण र दलित समूहको रहेको छ । उत्तीर्णदर हेर्दा सबभन्दा बढी ब्राह्मण (१००%) त्यसैगरी क्रमशः क्षेत्री (५५%), दलित (५०%), जनजाति (४०%) रहेका छन् । यसरी जनजातिको सहभागीतात्मक अवस्था बढी देखिए तापनि उत्तीर्ण दर भने सबभन्दा न्यून देखिन्छ । त्यसैगरी ब्राह्मण जातिको सहभागितात्मक अवस्था न्यून छ भने

उत्तीर्ण दर उच्च रहेको छ । क्षेत्री समूहको सहभागीको तुलनामा उत्तीर्णदर न्यून रहेको छ र दलितको सहभागितात्मक संख्या अनुसार उत्तीर्णदर आधामात्र रहेको छ ।

यसबाट के स्पष्ट हुन्छ भने जातिगत रूपमा शिक्षामा पहुँच नपुगेको जनजाति र दलितलाई ब्राह्मण र क्षेत्री समुहसँग तुलना गर्दा जनजाति र दलित समूहको एस.एल.सी. परीक्षामा संख्यात्मक रूपमा सहभागीता बढी र उत्तीर्ण दर न्यून रहेको स्पष्ट हुन्छ । यसरी उर्त्तीणदर न्यून हुनुमा जनजाति तथा दलित समूहको शैक्षिक अवस्था, व्यक्तिगत अवस्था, सामाजिक तथा आर्थिक अवस्था कमजोर रहेको देखिन्छ । यसरी उच्च वर्गको रूपमा लिइने ( ब्राह्मण तथा क्षेत्री) समूहको छात्र/छात्रको उत्तीर्णदर उच्च देखिनुमा यो जातिमा शैक्षिक जनचेतना बढी हुनु तथा उनीहरूको शैक्षिक अवस्था, व्यक्तिगत अवस्था, आर्थिक तथा सामाजिक अवस्था सवल रहेको देखिन्छ । पहुँचकै सन्दर्भमा कुरा गर्ने हो भने पनि हाम्रो समाजमा पिछडिएको समूहको रूपमा परिचित दलित तथा जनजाति समूहको एस.एल.सी. परीक्षामा उपस्थिति बढी देखिनु शैक्षिक क्षेत्रमा उनीहरूको पहुँच बढेको छ भन्ने कुरालाई पुष्टि गर्छ ।

### ४.१.१.२ **लिङ्गगत उत्तीर्ण दर**

माथिको तालिकाअनुसार २०६७ सालमा जम्मा २६ जना एस.एल.सी. परीक्षामा सम्मिलित भएका थिए भने लिङ्गगत आधारमा हेर्ने हो भने छात्र १५ जना र छात्रा ११ जना रहेका थिए । एस.एल.सी. परीक्षामा सम्मिलित १५ जना छात्र मध्ये जम्मा ९ जना (६०%) छात्र उत्तीर्ण भएका थिए भने छात्रातर्फ परीक्षामा सहभागी भएका ११ छात्रा मध्य जम्मा ५ जना (४५%) उत्तीर्ण भएका थिए । यसरी छात्रको तुलनामा छात्राको एस.एल.सी. उत्तीर्ण प्रतिशत न्यून रहेको पाइन्छ । छात्राको उत्तीर्ण प्रतिशत न्यून हुनुमा छोरीहरूलाई छोरा समूह समान व्यवहार नगरिनु, अध्ययनको अवसर प्रदान नगरिनु, छोरीहरूले विशेषतह घरको काममा मात्र व्यस्त रहनु, आदि कारणहरूले प्रभाव पारेको स्पष्ट हुन्छ ।

### ४.१.२ **जातिगत आधारमा विषयगत उत्तीर्ण दर**

एस.एल.सी. को नतिजाको स्थिति अध्ययन गर्ने क्रममा जातिगत आधारमा छुट्याइएका समूहहरू (ब्राह्मण, क्षेत्री, दलित, तथा जनजाति) को प्रत्येक विषयको उत्तीर्ण दर तथा विषयगत प्रतिशतलाई मुख्य आधार बनाइएको छ; जसलाई तल उल्लेखित तालिकाहरूमा क्रमशः आवश्यकता अनुसार उल्लेख गरी व्याख्या तथा विश्लेषण गरिएको छ । जसलाई यसप्रकार प्रस्तुत गरिएको छ :

### ४.१.२.१ ब्राह्मण समूहको विषयगत उत्तीर्णदर

वि.सं. २०६७ सालको एस.एल.सी.को परीक्षामा सहभागी जम्मा २६ जना विद्यार्थी मध्य जम्मा ३ जना ब्राह्मण समूहका रहेका थिए । यसरी ब्राह्मणको विषयगत उत्तीर्ण दरलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. ४.२**

**ब्राह्मण समूहको विषयगत उत्तीर्णदर**

| समूह | विषयहरू | परीक्षामा सहभागी | जम्मा उत्तीर्ण | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| ब्राह्मण | अंग्रेजी | ३ | ३ | १००% |
| | नेपाली | ३ | ३ | १००% |
| | गणित | ३ | ३ | १००% |
| | विज्ञान | ३ | ३ | १००% |
| | सामाजिक | ३ | ३ | १००% |
| | स्वा.ज.वा. | ३ | ३ | १००% |
| | ऐच्छिक प्रथम | ३ | ३ | १००% |
| | ऐच्छिक द्वितीय | ३ | ३ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकालाई अध्ययन गर्दा ब्राह्मण समूहबाट जम्मा ३ जना एस.एल.सी. परीक्षामा सहभागी भएका थिए र ३ जनाले एस.एल.सी. उत्तीर्ण गरेको देखिन्छ । यसरी तालिका अनुसार ब्राह्मण समूहको प्रत्येक विषयमा उत्तीर्ण प्रतिशत १०० रहेको देखिन्छ । जसले उक्त समूहको एस.एल.सी. उत्तीर्ण प्रतिशत १०० रहेको स्पष्ट पार्दछ । यसरी यो समूहको एस.एल.सी. उत्तीर्ण प्रतिशत १०० हुनुमा उक्त समूहको शैक्षिक अवस्था, सामाजिक अवस्था, व्यक्तिगत अवस्था, शिक्षा प्रतिको सक्रियता तथा लगनशीलता एकदमै सवल रहनु हो ।

### ४.१.२.२ क्षेत्री समूहको विषयगत उत्तीर्ण दर

एस.एल.सी.परीक्षमा सहभागी जम्मा २६ जना मध्य ९ जना क्षेत्री समूहका रहेका थिए । यसरी क्षेत्री समूहको विषयगत उत्तीर्णदरलाई तालिकामा निम्नानुसा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.३**

**क्षेत्री समूहको विषयगत उत्तीर्णदर**

| समूह | विषयहरू | परीक्षामा सहभागी | जम्मा उत्तीर्ण | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| क्षेत्री | अंग्रेजी | ९ | ८ | ८९% |
| | नेपाली | ९ | ९ | १००% |
| | गणित | ९ | ६ | ६६% |
| | विज्ञान | ९ | ८ | ८९% |
| | सामाजिक | ९ | ९ | १००% |
| | स्वा.ज.वा. | ९ | ९ | १००% |
| | ऐच्छिक प्रथम | ९ | ९ | १००% |
| | ऐच्छिक द्वितीय | ९ | ९ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने क्षेत्री समूहबाट जम ९ जना विद्यार्थीहरू एस.एल.सी परीक्षामा सम्मिलित भएका थिए । यसरी उक्त समूहको विषयगत उत्तीर्ण दरलाई दस्तावेज अध्ययन गरी प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा नेपाली, सामाजिक, स्व.ज.वा., ऐच्छिक प्रथम (अर्थशास्त्र) र ऐच्छिक द्वितीय (शिक्षा) विषयमा उत्तीर्ण दर १०० प्रतिशत रहेको पाइयो भने अंग्रेजी विषयमा (८९%), गणित विषयमा (६६%) र विज्ञान विषयमा ( ८९%) उत्तीर्णदर रहेको पाइयो । यसरी अन्य विषयको तुलनामा अंग्रेजी, गणित र विज्ञान विषयमा उत्तीर्णदर न्यून रहेको पाइयो तर औसत रूपमा हेर्ने हो भने यी विषयहरूमा उत्तीर्णदर राम्रो नै मानिन्छ । तसर्थ यी विषयहरू प्रति सो समूहका विद्यार्थीको लगाव, झुकाव, मेहनत, अभिभावक सक्रियता तथा विद्यालय प्रशासनले सकारात्मक प्रभाव पारेको देखिन्छ ।

### ४.१.२.३ **जनजाति समूहको विषयगत उत्तीर्णदर**

एस.एल.सी. परीक्षामा सहभागी जम्मा २६ जना विद्यार्थी मध्य १० जना जनजाति समूहका रहेका थिए । यसरी जनजाती समूहको विषयगत उत्तीर्ण दरलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न गरिएको छ :

**तालिका नं. ४.४**

**जनजाति समूहको विषयगत उत्तीर्णदर**

| समूह | विषयहरू | परीक्षामा सहभागी | जम्मा उत्तीर्ण विद्यार्थी सङ्ख्या | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| जनजाति | अंग्रेजी | १० | ५ | ५०% |
| | नेपाली | १० | १० | १००% |
| | गणित | १० | ६ | ६०% |
| | विज्ञान | १० | ७ | ७०% |
| | सामाजिक | १० | १० | १००% |
| | स्वा.ज.वा. | १० | १० | १००% |
| | ऐच्छिक प्रथम | १० | १० | १००% |
| | ऐच्छिक द्वितीय | १० | १० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथि उल्लेखित तालिकाअनुसार जनजाति समूहबाट जम्मा १० जनाले एस.एल.सी परीक्षा दिएका थिए । यसरी यो समूहको नेपाली, सामाजिक, स्वा.ज.वा., ऐच्छिक प्रथम तथा ऐच्छिक द्वितीय विषयमा उत्तीर्ण प्रतिशत १०० रहेको देखिन्छ भने अंग्रेजी (५०%) गणित (६०%) तथा विज्ञान (७०%) विषयमा उत्तीर्ण प्रतिशत न्यून देखिन्छ । यसरी अंग्रेजी, गणित तथा विज्ञान विषयमा नतिजा न्यून हुनुमा उक्त समूहको सो विषयप्रतिको पूर्व सिकाइ आधार एकदमै कमजोर हुनु, तल्ला कक्षाहरूमा उक्त विषयहरूमा अनुत्तीर्ण हुँदै आउनु, विषयवस्तु जटिल हुनु, उक्त विषयहरूका लागि विद्यालयमा पनि अतिरिक्त कक्षाको व्यवस्था नुहुन तथा उक्त विषयहरूलाई कठिन रूपमा स्विकार्नु आदि प्रमुख कारणहरूले प्रभाव पारेको छ ।

### ४.१.२.४ **दलित समूहको विषयगत उत्तीर्णदर**

एस.एल.सी. परीक्षामा सहभागी जम्मा २६ जना मध्य ४ जना दलित समूहमा रहेका थिए । यसरी सो समूहको विषयगत उत्तीर्णदरलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.५**

**दलित समुहको विषयगत उत्तीर्णदर**

| समूह | विषयहरू | परीक्षामा सहभागी | जम्मा उत्तीर्ण | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| दलित | अंग्रेजी | ४ | २ | ५०% |
| | नेपाली | ४ | ४ | १००% |
| | गणित | ४ | ४ | १००% |
| | विज्ञान | ४ | २ | ५०% |
| | सामाजिक | ४ | ४ | १००% |
| | स्वा.ज.वा. | ४ | ४ | १००% |
| | ऐच्छिक प्रथम | ४ | ४ | १००% |
| | ऐच्छिक द्वितीय | ४ | ४ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

माथिको तालिकालाई अध्ययन गर्दा दलित समूहका जम्मा ४ जना विद्यार्थी एस.एल.सी. परीक्षामा सहभागी भएका थिए । विशेष तह सो समूहको नेपाली, गणित, सामाजिक, स्व.ज.वा., ऐच्छिक प्रथम तथा ऐच्छिक द्वितीय विषयमा उत्तीर्ण प्रतिशत १०० रहेको देखिन्छ भने अंग्रेजीमा (५०%) र विज्ञानमा (५०%) मात्र उत्तीर्ण भएको देखिन्छ । यसरी अंग्रेजी र विज्ञान विषयमा सो समूहको उत्तीर्णदर न्यून हुनुमा विशेषतः सो समूहको विज्ञान र अंग्रेजी विषयमा पूर्व सिकाइ आधार कमजोर हुनु, पूर्वकक्षाहरूमा सो विषयमा अनुत्तीर्ण हुँदै आउनु, सो विषयका लागि अतिरिक्त कक्षाको व्यवस्था नहुनु ति विषयप्रति सो समूहका विद्यार्थीको मेहनत तथा लगावको अभाव हुनु जस्ता पक्षहरूले नकारात्मक प्रभाव पारेको अनुसन्धानबाट स्पष्ट हुन्छ ।

### ४.१.३ जातिगत सिकाइ उपलब्धि

कुनै निश्चित विषयवस्तुमा विद्यार्थीले प्राप्त गरेको ज्ञान सीप तथा अनुभवलाई सिकाइ उपलब्धि भनिन्छ, जसलाई औसत सिकाइ उपलब्धि पनि भनिन्छ । यसरी जातिगत सिकाइ उपलब्धि अन्तर्गत मुख्य रूपमा ब्राह्मण, क्षेत्री, जनजाती तथा दलित समूहको सिकाइ उपलब्धिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

#### ४.१.३.१ ब्राह्मण समूहको विषयगत सिकाइ उपलब्धि

मुख्य रूपमा ब्राह्मण समूहबाट २०६७ सालको एस.एल.सी. परीक्षामा जम्मा ३ जना सहभागी भएका थिए । यसरी यस समूहको विषयगत सिकाइ उपलब्धिलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४.६**

**ब्राह्मण समूहको विषयगत सिकाइ उपलब्धि**

| समूह | विषयहरू | जम्मा प्राप्ताङ्क | जम्मा उत्तीर्ण विद्यार्थी संख्या | औषत सिकाइ उपलब्धि |
|---|---|---|---|---|
| ब्राह्मण | अंग्रेजी | १६९ | ३ | ५६ |
| | नेपाली | १६७ | ३ | ५७ |
| | गणित | १४५ | ३ | ४८ |
| | विज्ञान | १६३ | ३ | ५८ |
| | सामाजिक | १७३ | ३ | ५८ |
| | स्वा.ज.वा. | १७९ | ३ | ६० |
| | ऐच्छिक प्रथम | १५९ | ३ | ५३ |
| | ऐच्छिक द्वितीय | १४७ | ३ | ४९ |

माथिको तालिकालाई अध्ययन नगर्दा ब्राह्मण समूहको अंग्रेजी विषयको औषत सिकाइ उपलब्धि ५६ त्यसैगरी क्रमशः नेपाली विषयको ५७, गणितको ४८, विज्ञानको ५४, सामाजिकको ५८, स्वा.ज.वा.को ६०, ऐच्छिक प्रथम विषयको ५३ र ऐच्छिक द्वितीय विषयको ४९ सिकाइ उपलब्धि रहेको पाइन्छ । यसरी उक्त सिकाई उपलब्धिबाट के स्पष्ट हुन्छ भने ब्राह्मण समूहका विद्यार्थीहरू नेपाली, अंग्रेजी, विज्ञान र सामाजिक विषयमा मध्यम स्तरका र स्वास्थ्य तथा जनसंख्या विषयमा उच्च स्तरको रहेका छन् भने अर्थशास्त्र र शिक्षामा अन्य विषयको तुलनामा न्यून रहेता पनि उत्तीर्णको मापदण्ड पुरा गरेको देखिन्छ । समग्रमा ब्राह्मण समुदायका बालबालिकाको उत्तीर्णदर उच्च रहे तापनि विषयगत औषत सिकाई उपलब्धि भने मध्यम स्तरको रहेको देखिन्छ ।

### ४.१.३.२ **क्षेत्रीको समूहको विषयगत सिकाइ उपलब्धि**

विशेषतः क्षेत्री समूहबाट २०६७ सालको एस.एल.सी. परीक्षामा जम्मा ९ जना विद्यार्थी सम्मिलित भएका थिए । यसरी क्षेत्री समूहको सिकाइ उपलब्धिलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.७**

**क्षेत्री समूहको विषयगत सिकाइ उपलब्धि**

| **समूह** | **विषयहरू** | **जम्मा प्राप्ताङ** | **जम्मा उत्तीर्ण विद्यार्थी संख्या** | **औषत सिकाइ उपलब्धी** |
|---|---|---|---|---|
| क्षेत्री | अंग्रेजी | ४२२ | ९ | ४७ |
| | नेपाली | ४०० | ९ | ४४ |
| | गणित | ३६१ | ९ | ४० |
| | विज्ञान | ४३१ | ९ | ४८ |
| | सामाजिक | ४३२ | ९ | ४८ |
| | स्वा.ज.वा. | ४६८ | ९ | ५२ |
| | ऐच्छिक प्रथम | ४४१ | ९ | ५० |
| | ऐच्छिक द्वितीय | ४७४ | ९ | ५३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकालाई अध्ययन गर्दा क्षेत्री समूहको अंग्रेजी विषयको औषत सिकाइ उपलब्धि ४७, त्यसैगरी नेपालीको ४४, गणितको ४०, विज्ञानको ४८, सामाजिकको ४८, स्वा.ज.वा. ५२, ऐच्छिक प्रथम ५० तथा ऐच्छिक द्वितीयको ५३ रहेको देखिन्छ, जसले औषत सिकाइ उपलब्धि मध्यम स्तरको रहेको स्पष्ट पार्दछ ।

४.१.३.३ **जनजाति समूहको विषयगत सिकाइ उपलब्धि**

जनजाति समूहबाट २०६७ सालको एस.एल.सी. परीक्षामा जम्मा १० जना सहभागी रहेका थिए । यसरी सो समूहको विषयगत सिकाइ उपलब्धिलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका ४.८**

**जनजाति समूहको विषयगत सिकाइ उपलब्धि**

| **समूह** | **विषयहरू** | **जम्मा प्राप्ताङ्क** | **परीक्षामा सहभागी** | **औषत सिकाइ उपलब्धि** |
|---|---|---|---|---|
| जनजाती | अंग्रेजी | २९४ | १० | ३३ |

| | | | | |
|---|---|---|---|---|
| | नेपाली | ४८१ | १० | ४८ |
| | गणित | ५८९ | १० | ५८ |
| | विज्ञान | ३७२ | १० | ३७ |
| | सामाजिक | ४७६ | १० | ४८ |
| | स्वा.ज.वा. | ५७५ | १० | ५६ |
| | ऐच्छिक प्रथम | ६६० | १० | ६६ |
| | ऐच्छिक द्वितीय | ५०५ | १० | ५६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकालाई अध्ययन गर्दा जनजातिमसमूहको अंग्रेजी विषयको सिकाइ उपलब्धि ३३, नेपालीको ४८, गणितको ५८, विज्ञानको ३७, सामाजिक ४८, स्वा.ज.वा. ५६, ऐच्छिक प्रथमको ६६ तथा ऐच्छिक द्वितीयको ५६ प्रतिशत रहेको छ । गणित, स्व.ज.वा., ऐच्छिक प्रथम (अर्थशास्त्र) ऐच्छिक द्वितीय (शिक्षा) को औसत सिकाइ उपलब्धि ५८ रहेको स्पष्ट हुन्छ, जुन मध्यम स्तरको सिकाइ उपलब्धि अन्तर्गत पर्दछ । विशेषतः सो समूहको अंग्रेजी र विज्ञान विषयको सिकाइ उपलब्धि एकदमै न्यून रहेको छ तैपनि सो विषयको सिकाइ उपलिब्धीले उत्तीर्णको मापदण्ड भने पूरा गरेको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने अन्य विषयभन्दा अंग्रेजी र विज्ञान विषयमा सो समूहको पूर्व सिकाइ आधार कमजोर हुनु, पूर्व कक्षाहरूमा ति विषयहरूमा अनउत्तीर्ण हुँदै आउनु, ति विषयका लागि अतिरिक्त कक्षाको व्यवस्था नहुनु आदि प्रमुख कारणले गर्दा सो विषयहरूको औषत सिकाइ उपलब्धि न्यून भएको अनुसन्धानबाट स्पष्ट हुन्छ ।

### ४.१.३.४ दलित समूहको विषयगत सिकाइ उपलब्धि

दलित समूहबाट २०६६ सालको एस.एल.सी. परीक्षामा जम्मा ४ जना सहभागी भएका थिए । जस अन्तर्गत यस समूहका विषयगत सिकाइ उपलब्धिलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४.९**

**दलित समूहको विषयगत सिकाइ उपलब्धि**

| समूह | विषयहरू | परीक्षामा सहभागी | जम्मा प्राप्ताङ्क | औषत सिकाइ उपलब्धि |
|---|---|---|---|---|
| दलित | अंग्रेजी | ४ | १२० | ३० |

| | | | | |
|---|---|---|---|---|
| | नेपाली | ४ | १६१ | ४० |
| | गणित | ४ | १४७ | ३७ |
| | विज्ञान | ४ | १६० | ४० |
| | सामाजिक | ४ | १९५ | ४९ |
| | स्वा.ज.वा. | ४ | १६५ | ४१ |
| | अर्थशास्त्र | ४ | १६४ | ४१ |
| | शिक्षा | ४ | १७६ | ४४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकालाई अध्ययन गर्दा दलित समूहको अंग्रेजीको औषत सिकाइ उपलब्धि ३०, नेपालीको ४०, गणितको ३७, विज्ञानको ४०, सामाजिकको ४९, स्व.ज.वा.को ४१, अर्थशास्त्रको ४१ र शिक्षाको ४४ रहेको देखिन्छ । विशेष तह यस समूहको सम्पूर्ण विषयमा सिकाइ उपलब्धि ५० भन्दा कम रहेको देखिन्छ । त्यसमा पनि अंग्रेजी विषयमा सो समूहको सिकाइ उपलब्धि  उर्त्तीण मापदण्डभन्दा पनि एक दमै न्यून रहेको देखिन्छ । जसले गर्दा यो समूहको अंग्रेजी विषयमा वेस निकै कमजोर रहेको, अतिरिक्त कक्षाको व्यवस्था नगरिएको र यो समूहका लागि अंग्रेजी विषय कठिन र दोस्रो कठिन भाषा भएको स्पष्ट हुन्छ ।

### ४.१.४ लिङ्गगत रूपमा विषयगत सिकाइ उपलब्धि

लिङ्गगत रूपमा विषयगत सिकाइ उपलब्धि अध्ययन गर्नका लागि छात्र-छात्राको विषयगत सिकाइ उपलब्धिलाई निम्नानुसार अलग अलग तालिकामा प्रस्तुत गरेर अध्ययन व्याख्या तथा विश्लेषण गरिएको छ :

#### ४.१.४.१ छात्रको विषयगत सिकाइ उपलब्धि

विशेष गरी २०६७ सालमा जम्मा २६ जना एस.एल.सी परीक्षामा सहभागी भएका थिए, जसमध्य १५ जना छात्रा रहेका थिए । यसरी छात्रहरूकोको सिकाइ उपलब्धिलाई तालिका निम्नानुसार यसरी प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१०**

**छात्रको विषयगत सिकाइ उपलब्धि**

| समूह | विषयहरू | जम्मा प्राप्ताङ्क | परीक्षामा सहभागी | औषत सिकाइ उपलब्धी |
|---|---|---|---|---|
| छात्र | अंग्रेजी | ५३१ | १५ | ३५ |

| | | | | |
|---|---|---|---|---|
| | नेपाली | ७४० | १५ | ४९ |
| | गणित | ४८५ | १५ | ३२ |
| | विज्ञान | ५८५ | १५ | ३९ |
| | सामाजिक | ७५५ | १५ | ५० |
| | स्वा.ज.वा. | ८६६ | १५ | ५८ |
| | अर्थशास्त्र | ६९१ | १५ | ४६ |
| | शिक्षा | ७६९ | १५ | ५१ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकालाई अध्ययन गर्दा छात्रहरूका औषत सिकाइ उपलब्धि अंग्रेजीमा ३५, नेपालीमा ४९, गणितमा ३२, विज्ञानमा ३९, सामाजिकमा ५०, स्वा.ज.वा. मा ५८, अर्थशास्त्रमा ४६ र शिक्षामा ४६ रहेको छ । विशेष गरी सामाजिक, स्व.ज.वा. र शिक्षामा छात्राको सिकाइ उपलब्धि ५० भन्दा माथि रहेकोले सो विषयहरूको सिकाइ उपलब्धि मध्यम स्तरको मानिन्छ भने अंग्रेजी, नेपाली गणित विज्ञान तथा अर्थशास्त्र विषयमा सिकाइ उपलब्धि ५० भन्दा कम भएकाले सो विषयहरूको सिकाइ उपलीब्धी न्यून मानिन्छ तर पनि सो विषयहरूको सिकाइ उपलब्धिले उत्तीर्णको मापदण्ड भने पूरा गरेको देखिन्छ जुन सकारात्मक पक्ष हो ।

यसबाट के स्पष्ट हुन्छ भने विशेष तह अंग्रेजी, नेपाली, गणित, विज्ञान तथा अर्थशास्त्र विषयहरूमा छात्रको कमजोर शैक्षिक अवस्था रहेको, ति विषयहरूका लागि छात्राहरूलाई अतिरिक्त कक्षाको व्यवस्था नगरिएको तथा ती विषयहरूप्रति अभिभावक शिक्षक, विद्यार्थी तथा प्र.अ. समेत सचेत नरहेको अनुसन्धानबाट स्पष्ट हुन्छ ।

### ४.१.४.२ **छात्राको विषयगत सिकाइ उपलब्धि**

विशेष गरी वि.सं. २०६७ सालको एस.एल.सी. परीक्षामा सहभागी भएका जम्मा २६ जना विद्यार्थी मध्ये ११ जना छात्रा रहेका थिए । जसको विषयगत सिकाइ उपलब्धिलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.११**

**छात्राको विषयगत सिकाइ उपलब्धि**

| समूह | विषयहरू | जम्मा प्राप्ताङ्क | संख्या | औषत सिकाइ उपलब्धि |
|---|---|---|---|---|
| छात्रा | अंग्रेजी | ४९५ | ११ | ४५ |

| | | | | |
|---|---|---|---|---|
| | नेपाली | ५८१ | ११ | ५३ |
| | गणित | ४७९ | ११ | ४४ |
| | विज्ञान | ५४५ | ११ | ५० |
| | सामाजिक | ६९५ | ११ | ६३ |
| | स्वा.ज.वा. | ६४६ | ११ | ५९ |
| | अर्थशास्त्र | ५९५ | ११ | ५४ |
| | शिक्षा | ५३९ | ११ | ४९ |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

माथि उल्लेखित तालिकालाई अध्ययन गर्दा छात्राहरूको अंग्रेजी विषयको सिकाइ उपलब्धि ४५, नेपालीको ५३ तथा अर्थशास्त्र विषयको ५०, सामाजिकको ६३, स्व.ज.वा.को ५९, अर्थशास्त्रको ५४ र शिक्षाको ४९ रहेको छ । यसरी छात्राको नेपाली, विज्ञान, सामजिक, स्व.ज.वा. तथा अर्थशास्त्र विषयमा सिकाइ उपलब्धि ५० रहेको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने सो विषयहरूमा छात्रहरूको शैक्षिक अवस्था, क्षमता तथा पूर्व सिकाइ बलियो भएको स्पष्ट हुन्छ भने त्यसै गरी अंग्रेजी, गणित तथा शिक्षा विषयमा सिकाइ उपलब्धि ५० भन्दा कम भएकोले छात्राहरूको सो विषयको शैक्षिक अवस्था, क्षमता तथा पूर्व सिकाइ आधार कमजोर रहेको र सो विषयका लागि विद्यालयले अतिरिक्त कक्षाको व्यवस्था समेत नगरेको तथा विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी तथा अभिभावक पनि सचेत नरहेको अनुसन्धानबाट स्पष्ट हुन्छ ।

#### ४.१.४.३ छात्रछात्राहरूको विषयगत सिकाइ उपलब्धि

२०६७ सालमा एस.एल.सी. परीक्षामा सहभागी भएका जम्मा २६ जना विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई संयुक्त रूपमा तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१२**

**छात्र-छात्राको विषयगत सिकाइ उपलब्धि**

| समूह | विषयहरू | परीक्षामा सहभागी | जम्मा प्राप्ताङ्क | औषत सिकाइ उपलब्धी |
|---|---|---|---|---|
| छात्र-छात्रा | अंग्रेजी | २६ | १०२६ | ३९ |
| | नेपाली | २६ | १३२१ | ५९ |
| | गणित | २६ | ९६४ | ३७ |
| | विज्ञान | २६ | ११३० | ४३ |
| | सामाजिक | २६ | १४५० | ५६ |
| | स्वा.ज.वा. | २६ | १५१२ | ५८ |
| | अर्थशास्त्र | २६ | १२८५ | ४९ |
| | शिक्षा | २६ | १३०८ | ५० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

उल्लेखित तालिकालाई अध्ययन गर्दा अध्ययन क्षेत्र अन्तर्गत छनोटमा परेको विद्यालयबाट २०६७ सालमा जम्मा २६ जनाले एस.एल.सी. परीक्षा दिएका थिए । यसरी सो विद्यालयको अंग्रेजी विषयको औषत सिकाइ उपलब्धि ३९, नेपालीको ५९, गणितको ३७, विज्ञानको ४३, सामाजिकको ५६, स्व.ज.वा.को ५८, अर्थशास्त्र विषयको ४९ र शिक्षा विषयको ५० रहेको देखिन्छ । यसरी सो विद्यालयको नेपाली, सामाजिक स्व.ज.वा. तथा शिक्षा विषयको औषत सिकाइ उपलब्धि ५० भन्दा माथि रहेको देखिन्छ, तसर्थ उल्लेखित विषयहरूमा समग्र विद्यार्थीहरूको शैक्षिक अवस्था, क्षमता तथा पूर्व सिकाइ आधार बलियो भएको स्पष्ट हुन्छ भने अंग्रेजी, गणित, विज्ञान तथा शिक्षा विषयको सिकाइ उपलब्धि ५० भन्दा कम रहेको देखिन्छ । यसरी तुलनात्मक रूपमा सो विषयहरूको औषत सिकाइ उपलब्धि न्यून हुनुमा सो विषयहरू प्रति विद्यार्थीको शैक्षिका अवस्था कमजोर हुनु, पूर्व सिकाइ आधार कमजोर हुनु, अतिरिक्त कक्षाको व्यवस्था नहुन तथा सो विषयवस्तुप्रति शिक्षक, विद्यार्थी, प्र.अ., अभिभावक तथा वि.व्य.स. पनि सचेत तथा सक्रिय नरहेको स्पष्ट हुन्छ ।

### ४.२ एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरू

सर्वप्रथम एस.एल.सी. परीक्षा भन्नाले विद्यालयीय तहको अन्तिम कक्षा १० मा लिइने राष्ट्रिय स्तरको परीक्षालाई जनाउँदछ । त्यसैगरी नतिजा भन्नाले विद्यार्थीले विभिन्न विषयवस्तुमा प्राप्त गरेको ज्ञान सीप तथा अनुभवलाई परिमाणात्मक अङ्कमा व्यक्त गरिएको स्वरूप नै नतिजा हो । विशेषत : एस.एल.सी.को नतिजामा विभिन्न तत्त्वहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । विशेषगरी "सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पर्ने तत्त्वहरू" शीर्षकमा गरिएको अनुसन्धान मुख्य रूपमा भौतिक तत्त्व, शैक्षिक तत्त्व तथा व्यक्तिगत तत्त्वमा सिमित राखिएको थियो । यसरी यी उल्लेखित तत्त्वहरूसँग सम्बन्धित विभिन्न पक्षहरूको एस.एल.सी.को नतिजामा के कस्तो प्रभाव रहेको छ भन्ने सन्दर्भमा अध्ययन क्षेत्र अन्तर्गत छनोटमा परेको सामुदायिक विद्यालय भौतिक तत्त्व, शैक्षिक तत्त्व तथा विद्यार्थीसँग सम्बन्धित व्यक्तिगत तत्त्वलाई आधार बनाइएको थियो । विशेषतः एस.एल.सी. को नतिजामा प्रभाव पार्ने तत्त्वहरू र ति तत्त्वहरूसँग सम्बन्धित अन्य पक्षहरूको बारेमा अनुसन्धानको उद्देश्यहरूसँग सम्बन्धीत आवश्यक सूचनाहरू सङ्कन गर्नका लागि प्र.अ. तथा शिक्षकका लागि मिश्रीत प्रश्नावली, विद्यार्थीका लागि समूहछलफल निर्देशिका, वि.व्य.स.का लागि अन्तर्वार्ता प्रश्नावली तथा कक्षा अवलोकन फाराम प्रयोग गरिएको थियो । यसरी एस.एल.सी.को नतिजामा प्रभाव पार्ने उल्लेखित तत्त्वको प्रभावलाई क्रमैसँग यसरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.२.१ **शैक्षिक तत्त्व**

सर्वप्रथम तह शैक्षिक तत्त्व भन्नाले प्रत्येक्ष रूपमा शिक्षा तथा शिक्षण क्रियाकलापसँग सम्बनिधत पक्षलाई जनाउँछ । जसले एस.एल.सी. को नतिजालाई प्रत्यक्ष रूपमा प्रभाव पार्दछ । यसरी शैक्षिक तत्त्व अन्तर्गत पढाई हुने दिन, हाजिरी (विद्यार्थी, शिक्षक) पदाइ हुने समय, शिक्षकको पृष्ठभूमि, विद्यार्थीको पृष्ठभूमि, शिक्षण प्रक्रिया, अतिरिक्त कक्षा शिक्षण, अभ्यास र पूर्नअभ्यास, मूल्याङ्कन प्रक्रिया, परीक्षा सञ्चालन अवस्था, पूर्नवल तथा दण्डको प्रयोग तथा पाठ्यांश अध्यापन अवस्थालाई आधार बनाएर यी पक्षहरूले एस.एल.सी. को नतिजामा पारेको प्रभावलाई निम्नानुसार उल्लेख गरिएको छ :

#### ४.२.१.१ **पढाइ हुने दिन**

शिक्षण सिकाइ क्रियाकलापलाई सरल सहज बनाइ समयमा पाठ्यांश समापन गर्नका लागि शिक्षा नियमावली अनुसार वर्षमा २२० दिन अनिवार्य रूपमा विद्यालय खुलाइनुपर्दछ तर अध्ययन क्षेत्र अन्तर्गत छनोटमा परेको विद्यालय वर्षमा १९१ दिन मात्र खुलाइएको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने सो विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप समय सापेक्ष सन्तुलित, प्रक्रिया अनुसार अगाडी बढाइएको पाइएन । जसले गर्दा सो विद्यालयको एस.एल.सी.को नतिजा पढाइ हुने दिनको आधारमा पनि प्रभावित भएको स्पष्ट पाइन्छ ।

### ४.२.१.२ **हाजिरी (विद्यार्थी/शिक्षक)**

यहाँ हाजिरी भन्नाले प्रत्यक्ष रूपमा विद्यालयमा उपस्थित रहेको अवस्थालाई जनाउँदछ । यसरी हाजिरी एस.एल.सी. को नतिजामा प्रभाव पार्ने मुख्य तत्त्व हो, किनकी सिकाइ कुन स्तरको हुने भन्ने कुरा शिक्षक तथा विद्यार्थीको हाजिरीमा पनि भर पर्दछ । यसरी शिक्षक तथा विद्यार्थीको हाजिरी सम्बन्धी गरिएको अनुसन्धानवाट सो विद्यालयको मा.वि. तहमा शिक्षक हाजिर न्यूनतम् हाजिरी १३० दिन र अधिकतम हाजिरी १७० दिन सम्म रहेको पाइन्छ । जवकी हरेक विषयवस्तुको शिक्षण क्रियाकलापलाई समय सापेक्ष प्रभावकारी ढङ्गले समापन गर्नका लागि विद्यालय खुल्ने दिन अनुसार नै शिक्षक तथा विद्यार्थी दुवैको हाजिरी अनिवार्य रूपमा शतप्रतिशत हुन जरुरी छ । यसरी सो विद्यालयको पठनपाठन सुव्यवस्थित तरिकाले नचलेको पाइएकाले नमुना विद्यालयको एस.एल.सी. को नतिजा पनि प्रभावित (न्यून) भएको कुरा स्पष्ट हुन्छ ।

### ४.२.१.३ **पढाइ हुने समय**

सामान्यतया पढाइ हुने समय भन्नाले औपचारिक रूपमा विद्यालय खुल्ने समय र बन्द हुनुभन्दा अगाडीको समयलाई बुझाउँदछ । प्रचलित शिक्षा नियमानुसार विद्यालयमा प्रतिदिन ६ घण्टा पठनपाठन भएकै हुनुपर्दछ । यसरी सो विद्यालय विहान १० वजे खुल्ने १५ मिनेट शारीरिक अभ्यास र प्रार्थनामा व्यतित गरेर १०:१५ देखिन प्रत्येक कक्षाको पठनपाठन सुरु हुने गर्दछ र दिउँसो ४ बजे बन्द हुने गर्दछ । यसबाट के हुन्छ भने विद्यालयको पढाइ हुने समय प्रचलित नियम अनुसार नै रहेको छ जसले गर्दा सो विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा, पढाइ हुने समयले सकारात्मक प्रत्यक्ष प्रभाव परेको स्पष्ट हुन्छ ।

### ४.२.१.४ **शिक्षकको पृष्ठभूमि**

यहाँ शिक्षकको पृष्ठभूमिलाई शिक्षकको संक्षिप्त परिचयको रूपमा प्रस्तुत गरिएको छ । जस अन्तर्गत शिक्षकको नाम, थर, शैक्षिक योग्यता, शैक्षिक तालिम तथा शैक्षिक अनुभवलाई समेटिएको छ । यसरी शिक्षकको पृष्ठभूमिले पनि विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्दछ । मुख्य रूपमा सो विद्यालयमा मा.वि. तहमा कार्यरत शिक्षकको पृष्ठभूमि तथा त्यसले एस.एल.सी. को नतिजामा पारेको प्रभावलाई निम्न तालिका मार्फत प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१३**

**शिक्षकको पृष्ठभूमि**

| क्र. सं. | शिक्षकको नाम, थर | योग्यता | अध्यापन तह | प्राप्त शैक्षिक तालिम | अध्यापन गर्ने विषय | शैक्षिक अनुभव (वर्ष) | औषत विषयगत उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नरवहादुर थापा | एम.एड. | मा.वि. | टी.पी.डी. पहिलो चरण | अंग्रेजी, स्वा.ज.वा | ८ | ३९ | अस्थायी |
| २ | हेमराज रिसाज | एम.एड. | मा.वि. | टी.पी.डी. पहिलो चरण | नेपाली | ३ | ५९ | अस्थायी |
| ३ | इन्द्र प्रसाद शर्मा | बी.एड. | मा.वि. | टी.पी.डी. पहिलो चरण | सामाजिक, अर्थशास्त्र शिक्षा | ७ | ५६, ४९, ५० | अस्थायी |
| ४ | जमुना शर्मा | एम.एड. | मा.वि. | टी.पी.डी. पहिलो चरण | विज्ञान | २ | ४३ | अस्थायी |
| ५ | विन्द्र कु. खत्री | एम.एड. | मा.वि. | टी.पी.डी. पहिलो चरण | गणित | २ | ३७ | अस्थायी |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकालाई अध्ययन गर्दा सो विद्यालयमा मा.वि. तहमा कार्यरत सम्पूर्ण अस्थायी शिक्षकहरूले, शैक्षिक तालिम अन्तर्गत शिक्षकको पेशागत विकास तालिमको पहिलो चरणको शैक्षिक तालिम प्राप्त गरेको देखिन्छ भने मा.वि. तहमा कार्यरत सम्पूर्ण शिक्षकहरू शैक्षिक योग्यताको दृष्टिकोणले योग्य देखिन्छन् । यसरी अंग्रेजी विषयको सन्दर्भमा शिक्षकको अनुभव ८ वर्ष रहेको र सो विद्यालयको अंग्रेजी विषयको सिकाइ उपलब्धि ३९ रहेको छ । यसरी अंग्रेजी विषयको सिकाइ उपब्धी न्यून हुनुमा अंग्रेजी भाषा दोस्रो र कठिन भाषा हुनु, पूर्व कक्षाहरूमा ती विषयमा अधिकांश विद्यार्थीहरू अनुत्तीर्ण हुँदै आउनु, सो विषय प्रतिको पूर्व सिकाइको आधार कमजोर हुनु, सो विषयका लागि अतिरिक्त कक्षाको व्यवस्था नहुनु आदि प्रमुख कारण तत्त्वले प्रभाव पारेको देखिन्छ । नेपाली शिक्षकको शैक्षिक योग्यता स्नातकोत्तर रहेको छ भने सो शिक्षकको शैक्षिक अनुभव ३ वर्षको रहेको र सो विषयको शैक्षिक उपलब्धि ५९ देखिन्छ जसलाई राम्रो नै मान्न सकिन्छ ।

यसरी नेपाली भाषा पहिलो भाषा, तुलनात्मक रूपमा सजिलो भाषा तथा अध्ययन गर्न बुझ्न सजिलो हुने भएकोले सो विषयको सिकाइ उपलब्धि राम्रो हुन गएको अनुसन्धानबाट स्पष्ट हुन्छ । त्यसै गरी सामाजिक अर्थशास्त्र तथा शिक्षा विषयका शिक्षकको शैक्षिक योग्यता स्नातक तह रहको छ भने सो शिक्षकको शैक्षिक अनुभव ७ वर्षको रहेको छ भने शैक्षिक उपलब्धि क्रमशः ५६, ४९ र ४० रहेको देखिन्छ, जुन मध्यम स्तरको सिकाइ उपलब्धि अन्तर्गत पर्दछ ।

यसरी सो विषयहरूको शैक्षिक उपलब्धि मध्यम स्तरको हुनुमा सो विषयमा शिक्षक अनुभवी हुनु तथा विद्यार्थीले ति विषयहरूलाई सजिलो विषयको रूपमा ग्रहण गर्नु हो । त्यसैगरी विज्ञान विषयको शैक्षिक योग्यता एम.एस.सी. रहेको छ र शैक्षिक अनुभव २ वर्षको रहेको देखिन्छ । यसरी सो विषयको शैक्षिक उपलपब्ध ४३ रहेको छ जुन न्यून स्तरको सिकाइ उपलब्धि अन्तर्गत पर्दछ । यसरी विज्ञान विषयको शैक्षिक उपलब्धि न्यून हुनुमा विज्ञान शिक्षक सो विषयमा पूर्ण रूपमा तालिम प्राप्त नहुनु, अनुभवी नहुनु, सो विषयमा विद्यार्थीको पूर्व सिकाइ आधार कमजोर हुनु आदि अनुसन्धानबाट स्पष्ट हुन्छ । त्यसै गरी गणित विषयका शिक्षकको शैक्षिक योग्यता एम.एड. रहेको देखिन्छ भने शैक्षिक अनुभव २ वर्ष र सिकाइ उपलब्धि ३७ मात्र रहेको देखिन्छ जुन न्यून स्तरको सिकाइ उपलब्धि अन्तर्गत पर्दछ । यसरी सो विषयको सिकाइ उपलब्धि न्यून हुनुमा सो विषयमा शिक्षक कम अनुभवी हुनु, पूर्ण रूपमा तालिम प्राप्त नहुनु, सो विषयप्रति विद्यार्थीको पूर्व सिकाइको आधार कमजोर हुनु तथा सो विषयका लागि विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन नगरिनु अनुसन्धानबाट स्पष्ट हुन आउँछ, यसबाट के स्पष्ट हुन्छ भने माथि उल्लेखित शैक्षिक तत्त्व अन्तर्गत पर्ने शैक्षिक तालिम, शैक्षिक योग्यता, शैक्षिक अनुभवले पनि एस.एल.सी. को नतिजामा प्रभाव पार्दछ भन्ने कुरा स्पष्ट हुन्छ ।

### ४.२.१.५ विद्यार्थीको पृष्ठभूमि र अनुशासन

विशेषतह कक्षा १० मा अध्ययनरत विद्यार्थीहरू १६-१८ वर्ष उमेरमा रहेका छन् । यसरी कक्षा १० सम्म केही विद्यार्थीहरू सम्पूर्ण विषयमा उत्तीर्ण हुँदै आएको पाइन्छ भने अधिकांश विद्यार्थीहरू पूर्वकक्षाहरूमा विशेषतह अंग्रेजी, गणित र विज्ञान विषयमा अनुत्तीर्ण हुँदै आएको पाइन्छ । जसले गर्दा वर्तमानमा कक्षा १० अध्ययनरत अधिकांश विद्यार्थीहरू अन्य विषयभन्दा अंग्रेजी, गणित र विज्ञान विषयमा कमजोर भएको पाइन्छ । जसको परिणाम स्वरूप सो विद्यालयको एस.एल.सी. को नतिजा पनि प्रभावित भएको पाइन्छ । यसरी अन्य विषयभन्दा सामाजिक, स्व.ज.वा., अर्थशास्त्र, शिक्षा तथा नेपाली विषयमा विद्यार्थीको पूर्वसिकाइ आधार बलियो भएको र शैक्षिक उपलब्धि  पनि राम्रो रहेको पाइन्छ ।

यसरी नमुना विद्यालयको २०६७ सालको एस.एल.सी. को नतिजालाई अध्यय गर्दा जम्मा ५३.८ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण भएका र अन्य विद्यार्थीहरू विशेषतह अंग्रेजी, गणित तथा विज्ञान विषयमा असफल भएर, ४६.२ प्रतिशत विद्यार्थीहरू एस.एल.सी. परीक्षामा अनुत्तिर्ण भएको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने नमुना विद्यालयको विद्यार्थीको पृष्ठभूमिले एस.एल.सी. को नतिजामा सकारात्मक प्रभाव पारेको छ ।

### ४.२.१.६ शिक्षण प्रक्रिया

साधारण रूपमा शिक्षण प्रक्रिया भन्नाले शिक्षणको क्रममा शिक्षकले प्रयोग गर्ने शिक्षण विधि र विद्यार्थी तथा शिक्षकले गर्ने विविध शिक्षण क्रियाकलापलाई बुझाउँदछ । यसरी नमुना

विद्यालयमा शिक्षण प्रक्रिया सम्बन्धी अनुसन्धान गर्नका लागि कक्षा १० को अंग्रेजी विषयको कक्षा अवलोकन गरिएको थियो । यसरी कक्षा १० को अवलोकनबाट शिक्षणको क्रममा शिक्षकमात्र बढी सक्रिय भएको, प्रवचत विधि बढी प्रयोग भएको, शिक्षण एक तर्फि भएको, शैक्षिक सामग्री प्रयोगमा त्यति ध्यान नदिइएको, विद्यार्थी मूल्याङ्कनका लागि बीच-बीचमा छड्के प्रश्न पनि नगरिएको पाइयो । जसले गर्दा सो विद्यालयको अंग्रेजी विषयको सिकाइ उपलब्धि न्यून हुन गएको स्पष्ट हुन्छ । यसबाट के स्पष्टट हुन्छ भने एस.एल.सी.को नतिजामा शिक्षण प्रक्रियाले महत्त्वपूर्ण रूपमा प्रभाव पार्दछ ।

### ४.२.१.७ अतिरिक्त कक्षा शिक्षण

यहाँ अतिरिक्त कक्षा शिक्षण भन्नाले विहान १० बजे भन्दा अगाडी र साँझ ४ बजे भन्दा पछि कुनै विषयवस्तुमा कक्षा सञ्चालन गर्नु नै अतिरिक्त कक्षा शिक्षण हो । विशेष तह माध्यमिक तहमा अप्ठ्यारा कहलिएका अंग्रेजी गणित तथा विज्ञान विषमा विद्यार्थीको सिकाइ उपलब्धि बढाउन, उनीहरूलाई सो विषयहरूमा बढीभन्दा बढी उत्तीर्ण गराउन, विद्यालयमा प्रदान गरिने अतिरिक्त कक्षा शिक्षणले महत्त्वपूर्ण भूमिका खेल्दछ । यसरी सो विद्यालयमा अतिरिक्त कक्षा शिक्षण सम्बन्धी अनुसन्धान गर्दा मा.वि. तहमा अप्ठ्यारा कहलिएका विषयहरू अंग्रेजी, गणित तथा विज्ञान विषयका लागि विद्यालयको तर्फाट कुनै पनि अतिरिक्त कक्षा शिक्षणको व्यवस्था गरिएको पाइदैन । यसरी सो विद्यालयको २०६७ सालको एस.एल.सी. को नतिजा अधययन गर्दा विशेषतह अंग्रेजी गणित र विज्ञान षियमा मात्र विद्यार्थीहरू असफल भएर सो विद्यालयको एस.एल.सी.को नतिजा प्रभावित (न्यून) भएको स्पष्ट हुन्छ । तसर्थ एस.एल.सी. परीक्षाको नतिजामा अतिरिक्त कक्षा शिक्षणको व्यवस्थाले पनि महत्त्वपूर्ण प्रभा पर्दछ भन्ने कुरालाई सजिलै स्वीकार्न सकिन्छ ।

### ४.२.१.८ अभ्यास र पूर्नअभ्यास

विशेषतः सिकाइको क्रममा कुनै पनि विषयवस्तुमा गरिने पटक पटकको प्रयासलाई अभ्यास भनिन्छ भने सिकेका सहि कुरालाई वारम्वार दोहोऱ्याउनुलाई पूर्नअभ्यास भनिन्छ । वी.एफ.स्कीनरका अनुसार सिकाइको क्रममा अभ्यासलाई विशेष रूपमा जोड दिनु पर्दछ र केवल अभ्यासबाट नै सफल सिकाइ सम्भव हुन्छ । यिनका अनुसार अभ्यासले सिकाइ कार्यलाई प्रभावकारी र दिगो बनाउँदछ जसका लागि उचित समयमा उचित तरिकाले पूर्नवलको प्रयोग गर्नु पर्दछ । यसरी सिकाइको क्रममा अभ्यासका साथ साथै पूर्नबलको पनि उचित  प्रयोग गर्नुपर्दछ । जसले सिकाइको क्रममा गरिने अभ्यासलाई गुणातमक बनाउँदछ र साथै सिकारुलाई सम्बन्धित विषयवस्तुको सिकाइमा पूर्नअभ्यास गर्न पनि उत्प्रेरणा प्रदान गर्दछ । यसरी सामुदायिक विद्यालयको एस.एल.सी. को नतिजा अध्ययन गर्ने क्रममा अधिकांश विद्यार्थीहरू अंग्रेजी, गणित र विज्ञान विषयमा नै असफल भएको पाइयो । यसरी उक्त विषयहरूमा

अधिकांश विद्यार्थीहरू अनुत्तिर्ण हुनुमा विद्यार्थीलाई सो विषयहरूप्रति आवश्यक मात्रामा अभ्यास तथा पूर्नअभ्यास नगराइनु, उनिहरूको उक्त विषयहरूप्रतिको पूर्व सिकाइ आधार कमजोर हुनु, पूर्वकक्षाहरूमा उक्त विषयहरूमा अधिकांश विद्यार्थीहरू अनुत्तीर्ण हुँदै आउनु आदि प्रमुख कारक तत्त्व रहेका छन् । यसरी एस.एल.सी.को नतिजामा शैक्षिक तत्त्व अन्तर्गत पर्ने अभ्यास र पूर्नअभ्यासले पनि महत्त्वपूर्ण प्रभाव पार्दछ भन्ने कुरालाई सजिलै स्विकार्न सकिन्छ ।

### ४.२.१.९ **मूल्याङ्कन प्रक्रिया**

यहाँ मूल्याङ्कन भन्नाले विद्यार्थीले कुनै पनि विषयवस्तुमा प्राप्त गरेको ज्ञान, सीप तथा अनुभवको मूल्य तथा स्तर निर्धारण गर्नु हो । मूल्याङ्कन शिक्षा क्षेत्रमा चलिरहने निरन्तर प्रक्रिया हो, जसले शैक्षिक गुणस्तर कायम गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विशेष गरी नुमना विद्यालयमा मूल्याङ्कन प्रक्रियाको बारेमा अनुसन्धान गर्दा निर्माणात्माक मूल्याङ्कन प्रक्रियाको प्रभावकारी प्रयोग गरिएको पाइएन । जसले गर्दा विद्यार्थीहरूका विविध विषयमा रहेका कमी कमजोरीहरू पहिचान गरी सुधार गर्न नसकिएकोले सो विद्यालयको एस.एल.सी. को नतिजा प्रभावित (न्यून) भएको अनुसन्धानबाट स्पष्ट हुन्छ ।

### ४.२.१.१० **परीक्षा सञ्चालन अवस्था**

परीक्षा मूल्याङ्कनको प्रमुख साधन हो र यसैको आधारमा नै विद्यार्थीले विविध विषयवस्तुमा प्राप्त गरेको ज्ञान सीप तथा अनुभवको जाँच गरिन्छ । यसरी परीक्षा सञ्चालन अवस्था सम्बन्धमा नमुना विद्यालयमा अनुसन्धान गर्दा विद्यालयमा आयोजना गरिने त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षा व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गरिएको पाईदैन । यसरी मूल्याङ्कन पद्धतिमा रहेका कमीकमजोरीहरूमा सुधार हुन नसक्दा र परीक्षामा रहेका कमि कमजोरीले गर्दा विद्यार्थीको वास्तविक मूल्याङ्कन गर्न सकिएको देखिँदैन । जसको परिणाम स्वरूप पूर्व कक्षाहरूमा पास गर्दै आएका विषयहरूमा पनि एस.एल.सी. परीक्षामा अधिकांश विद्यार्थीहरू असफल भएर सो विद्यालयको एस.एल.सी. को नतिजा प्रभावित भएको अनुसन्धानबाट स्पष्ट हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने परीक्षा सञ्चालन अवस्थाले पनि एस.एल.सी.को नतिजामा प्रभाव पार्दछ ।

### ४.२.१.११ **पूर्नवलको प्रयोग**

पूर्नवल भन्नाले सिकाइको क्रममा सिकाइको दर बढाउन, सिकाइलाई प्रभावकारी दिगो र गुणात्मक बनाउनका लागि सिकारुलाई प्रदान गरिने स्यावासी, धन्यवाद, उत्प्रेरणा, सहानुभूति तथा पुरुस्कारलाई जनाउँदछ । वी.एफ. स्कीनरका अनुसार सिकाइ प्रतिक्रियाको दर बढाउन तथा अपेक्षित नतिजा हासिल गर्नका लागि सिकाइको क्रममा सिकारुलाई आवश्यक मात्रामा पूर्नवल प्रदान गर्नु पर्दछ तर नमुना विद्यालयमा सिकाइको क्रममा सिकाइमा राम्रो गर्ने विद्यार्थीलाई प्रभावकारी तरिकाले पूर्नवल प्रदान गरेर उत्प्रेरित गरिएको देखिँदैन । जसले गर्दा

पढाइमा राम्रो गर्ने विद्यार्थीहरू पनि पढाइ प्रति आकर्षित भएका छैनन र मध्यम र न्यून क्षमता भएका विद्यार्थीहरू पनि पढाइ प्रति सक्रिय तथा उत्प्रेरित भएका देखिदैनन् । जसले गर्दा अधिकांश सामुदायिक विद्यालयका विद्यार्थीहरूले परीक्षामा अपेक्षित उपलब्धि हासिल गर्न सकेको देखिँदैन । यसरी हाम्रा सामुदायिक विद्यालयहरूमा पूर्नवलको सहि सदुपयोग गर्न नसकिएकाले एस.एल.सी.को नतिजा पनि प्रभावित भएको स्पष्ट हुन्छ ।

### ४.२.१.१२ **दण्ड र पुरस्कारको प्रयोग**

केही शिक्षा विदहरूले सिकाइको क्रममा अपेक्षित नतिजा हाँसिल गर्न तथा सिकाइ उपलब्धिको दर बढाउन दण्डको उचित प्रयोग गर्नुपर्दछ भनी जोड पनि दिएका छन् तर नमुना विद्यालयमा सिकाइमा राम्रो गर्ने विद्यार्थीलाई नत उचित किसिमको पूनर्वल प्रदान गरेको पाइयो न त सिकाइमा असफल हुने तथा लापरवाही गर्ने विद्यार्थीलाई गर्नेलाई उचित किसिमको दण्ड नै प्रदान गरिएको पाइयो । वास्तवमा सिकाइको क्रममा अपेक्षित नतिजा हासिल गर्नका लागि दण्ड र पुरुस्कारको सहि सदुपयोग गर्नुपर्दछ । यसरी सामुदायिक विद्यालयमा दण्ड र पुरुस्कारको सहि प्रयोग नगरिएकोले विद्यार्थीले परीक्षामा अपेक्षित उपलब्धि हासिल गर्न सकेको पाइदैन । जसको परिणाम स्वरूप सामुदायिक विद्यालयको एस.एल.सीको नतिजा समेत प्रभावित भएको स्पष्ट हुन्छ ।

### ४.२.१.१३ **पाठ्यांश अध्यापन अवस्था**

विशेष गरी विद्यार्थीको सिकाइ उपलब्धिको सहि मापन गर्न तथा उत्कृष्ट नतिजा हासिल गर्नका लागि शिक्षा नियमावलीले तोकेका दिन भित्रै पाठ्यांश अध्यापन कार्य सम्पन्न गरिसक्नु पर्दछ, तर सो विद्यालयमा पाठ्यांश अध्यापन सम्बन्धी अनुसन्धान गर्दा सम्पूर्ण विषयवस्तुको अध्यापन समयमै समापन नभएको अनुसन्धानबाट स्पष्ट हुन्छ । यसरी मा.वि. तहमा विद्यमान कठिन विषयहरू (अंग्रेजी, गणित तथा विज्ञान) पाठ्यांस समयमै समापन नगरिने र पछि वार्षिक परीक्षा नजिक आउँदा मात्रै हतार हतारमा पाठ्यांश समापन गरेको पाइन्छ जसले गर्दा सम्पूर्ण विषयहरूको अध्यापन कार्य प्रभावकारी र व्यवहारिक बन्न सकेको देखिँदैन । फलस्वरूप अधिकांश विद्यार्थीहरू एस.एल.सी.को परीक्षामा अंग्रेजी गणित र विज्ञान विषयमा अनुत्तीर्ण भएर सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजा प्रभावित (न्यून) भएको अनुसन्धानबाट स्पष्ट हुन्छ । यसबाहेक के स्पष्ट हुन्छ भने पाठ्यांश अध्यापन अवस्थाले पनि एस.एल.सी. को नतिजामा प्रभाव पार्दछ ।

### ४.२.२ **भौतिक तत्त्व**

यहाँ भौतिक पक्षले विद्यालयमा भएका सम्पूर्ण चिज वा वस्तुहरू जसलाई हामी सजिलैसँग देख्न सक्दछौलाई जनाउँदछ । विशेषतह विद्यालयको भौतिक पक्षले शैक्षिक अवस्था तथा शैक्षिक उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्दछ । यसरी एस.एल.सी. को नतिजामा भौतिक

तत्त्वले पनी प्रभाव पार्ने भएकोले अध्ययन क्षेत्र अर्न्गात छनोटमा परेको विद्यालयको भौतिक पक्षलाई आधार बनाएर त्यसले एस.एल.सी.को नतिजामा परोको प्रभाव सम्बन्धी गरिएको अनुसन्धानलाई यसरी प्रस्तुत गरिएको छ :

### ४.२.२.१ **विद्यालय भवनको अवस्था**

विद्यालय भवनको अवस्था भन्नाले विद्यालयको निर्मित भवन सुरक्षित या असुरक्षित के कस्तो छ ? विद्यार्थीको संख्याका अनुसार भवन व्यवस्थित तथा उपयुक्त छ छैन ? भन्ने प्रश्नलाईआधार बनाएर विद्यालय भवनको अवस्था सम्बन्धी अनुसन्धान गरिएको छ । यसरी विद्यालय भवनको अवस्था अनुसन्धान गर्दा विद्यालय भवन अर्धकच्ची भए पनि पठनपाठनको दृष्टिले सुरक्षित रहेको पाइयो । यसरी त्यस विद्यालयमा जम्मा ४ वटा भवनहरू निर्माण गरिएको पाइयो । जुन भवनहरू विद्यार्थीको संख्या अनुसार उपयुक्त रहेको पाइन्छ । यसरी निर्माण गरिएका भवनमा झ्यालहरू सानो आकारका सो भएको पाइयो भने ढोका भने उपयुक्त आकारका भएको पाइयो । यसरी सो विद्यालयमा निर्मित भवनले विद्यार्थीलाई पठनपाठन तथा शैक्षिक क्रियाकलापमा कुनै वाधा नपुऱ्याएकोले सो विद्यालयको भवनको अवस्थाले एस.एल.सी. परीक्षामा अपेक्षित नतिजा हासिल गर्नमा सकारात्मक प्रभाव पारेको अनुसन्धानबाट स्पष्ट हुन्छ ।

### ४.२.२.२ **कक्षाकोठाको व्यवस्थापन**

विशेषतह कक्षाकोठा व्यवस्थापनको उद्देश्य प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्न सहयोग गर्नु हो । विशेषतः कक्षाकोठा व्यवस्थापन पक्षलाई अनुसन्धान गर्दा विद्यार्थीको संख्या उमेर तथा तह अनुसार बेन्च डेस्कको व्यवस्था छ छैन ? कालोपाटीको अवस्था, निर्मित झ्याल ढोकको अवस्था, कक्षाकोठाको आकार र त्यसले सिकाइमा पारेको प्रभावलाई विशेष आधार बनाइएको छ । यसरी नमुना विद्यालयको कक्षा १० को अवलोकन गरेर कक्षाकोठाको व्यवस्थापन पक्षसम्बन्धी अनुसन्धान गरिएको थियो । जस क्रममा कक्षा १० मा जम्मा ३० जना विद्यार्थी अध्ययनरत रहेको पाइयो । यसरी सो कक्षामा जम्मा ६ सेट मात्र बेन्च डेस्कको व्यवस्था गरिएको पाइयो । जहाँ एउटै बेन्चमा अप्ठ्यारो स्थितिमा ५ जना विद्यार्थीसम्म बसेर पढेको पाइयो । जवकी शिक्षा नियमावली अनुसार मा.वि. तहमा कम्तिमा प्रति विद्यार्थी १ वर्गमिटर स्थान (क्षेत्र) चाहिन्छ तव मात्र विद्यार्थीहरूले सहज रूपमा शिक्षण सिकाइ क्रियाकलापमा भाग लिन सक्दछन् । यसरी कक्षाकोठाको कालोपाटी पनि समय अनुसार मर्मत नगरिएको पाइयो जसले गर्दा विद्यार्थीहरूलाई शिक्षण सिकाइको क्रममा वाधा पुगेको देखियो । कक्षाको ढोकाको आकार तथा अवस्था ठिक रहेको तर निर्मित झ्याल भने साना भएको पाइयो । जसले गर्दा कक्षामा हावा तथा प्रकाश सजिलैसँग प्रवेश नभएको पाइयो । यसरी सो विद्यालयको कक्षाकोठाको व्यवस्थापनले सिकाइको क्रममा विद्यार्थीलाई विविध समस्या सिर्जना गरेकाले

त्यसले निश्चय पनि सो विद्यालयको एस.एल.सी.को नतिजामा नकारात्मक प्रभाव पारेको स्पष्ट हुन्छ ।

### ४.२.२.३ शैक्षिक सामग्रीको सुविधा

यहाँ शैक्षणिक सामग्री भन्नाले शिक्षण सिकाइ क्रियाकलापको क्रममा सिकाइ प्रक्रियालाई मूर्त रूप प्रदान गर्नका लागि र सिकाइ कार्यलाई सरल र सहज बनाउनका लागि प्रयोग गरिने निश्चित विषयवस्तुसँग सम्बन्धित सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शिक्षा नियमावली अनुसार कुनै पनि विद्यालयमा अध्यापन गराइने विषयसँग सम्बन्धित पाठ्यक्रमले तोके अनुसारका सम्पूर्ण शैक्षिक सामग्रीको अनिवार्य रूपमा उपलब्धता हुनु पर्दछ । तव मात्र गुणस्तरीय र व्यवहारिक शिक्षा प्रदान गर्न सकिन्छ भन्ने मान्यता राखेको पाइन्छ । यसरी नमुना विद्यालयको शैक्षिक सामग्रीको सुविधा सम्बन्धि गरिएको अनुसन्धान अनुसार विशेष तह विज्ञान विषयको लागि चाहिने सम्पूर्ण शैक्षणिक सामग्रीको व्यवस्था भएको प्रयोगशाला बाहेक अन्य विषयका लागि चाहिने आधरभूत शैक्षणिक सामग्रीको व्यवस्था भएका पाइयो । जसले गर्दा अन्य विषयको तुलनामा विज्ञान विषयको प्रभावकारी शिक्षण गरि विद्यार्थीमा विज्ञान सम्बन्धित वास्तविक ज्ञान सीप तथा धारणाको विकास गराउन वाधा सिर्जना भएको विज्ञान शिक्षकको गुनासो पाइयो । यसरी अन्य विषयको तुलनामा विज्ञान विषयको प्रभावकारी र व्यवहारिक शिक्षण गर्न नसकिएकोले एस.एल.सी. मा विज्ञान विषयमा मात्रै फेल भएर नमुना विद्यालयको एस.एल.सी. को नतिजा प्रभावित भएको अनुसन्धानबाट स्पष्ट हुन्छ । यसरी शैक्षिक सामग्रीको सुविधाले पनि एस.एल.सी. को नतिजामा प्रंभाव पार्दछ भन्ने कुरालाई सजिलै स्वीकार्न सकिन्छ ।

### ४.२.२.४ उपलब्ध खेल मैदान

कुनै पनि विद्यार्थीले विविध विषवस्तुमा प्राप्त गरेको सैद्धान्ति ज्ञान सीप तथा अनुभवलाई वास्तविक रूपमा प्रयोग तथा कार्यान्वयन गरेर सिक्नका लागि विद्यालयमा विद्यार्थीको संख्या अनुसार उपयुक्त र सुरक्षित खेल्ने मैदानको व्यवस्था हुनु नितान्त आवश्यक छ । शिक्षा नियमावली अनुसार पनि कुनै पनि विद्यालयमा विद्यमान सम्पूर्ण विद्यार्थीहरू एकै साथ उभिन सक्ने निश्चित र सुरक्षित कम्पाउण्डको व्यवस्था अनिवार्य रूपमा हुनु पर्दछ । यसरी सो विद्यालयमा उपलब्ध खेल मैदान सम्बन्धी अनुसन्धान गर्दा सम्पूर्ण विद्यार्थीहरू सजिलैसँग खेल्न सक्ने र उभिन सक्ने तथा सुरक्षित कम्पाउण्डको व्यवस्था नभएको पाइयो । जसले गर्दा सो विद्यालयमा शारीरिक तथा स्वास्थ्य शिक्षा सम्बन्धी अध्ययन अध्यापन गर्न गराउन वाधा पुगेको देखियो । यसरी यो विद्यालयको उपलब्ध खेल मैदानले एस.एल.सी. मा अपेक्षित नतिजा हासिल गर्नमा नकारात्मक प्रभाव पारेको स्पष्ट हुन्छ ।

### ४.२.२.५ पीउने पानी र शौचालय व्यवस्था

शिक्षा नियमावली अनुसार कुनै पनि विद्यालयमा विद्यार्थीको सख्या अनुसार स्वच्छ पीउने पानी तथा छात्र-छात्राको लागि अलग अलग स्वच्छ तथा व्यवस्थित शौचालयको व्यवस्था हुनुपर्दछ । यसरी सो विद्यालयमा पिउने पानी तथा शौचालयको व्यवस्था सम्बन्धी गरिएको

अनुसन्धानमा विद्यार्थीको संख्या अनुसार पिउने पानीको व्यवस्था नगरिएको, छात्र-छात्राका लागि शौचालयको व्यवस्था भए पनि स्वच्छ सफा र व्यवस्थित नभएको पाइयो । जसले गर्दा प्राय:जसो विद्यार्थीहरू पिउने पानी र शौचायको समस्या देखाएर कक्षाकोठामा ढिलो आउने गरेको अनुसन्धाबाट स्पष्ट हुन्छ । यसरी विद्यार्थीले पूर्णरूपमा सिकाइ क्रियाकलापमा भाग लिन नपाएको हुँदा विद्यार्थीको सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव परेको स्पष्ट हुन्छ । यसरी पिउने पानी तथा शौचालयको व्यवस्थाले सो विद्यालयको एस.एल.सी.को नतिजामा नकारात्मक प्रभाव पारेको स्पष्ट हुन्छ ।

### ४.२.३ **व्यक्तिगत तत्त्व**

विशेष गरी विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष रूपमा प्रभाव पार्ने प्रमुख तत्त्व विद्याथीसँग सम्बन्धित व्यक्तिगत तत्त्व हो, तसर्थ सिकाइ उपलब्धिको स्तर निर्धारण गर्नमा समेत व्यक्तिगत तत्त्वले महत्त्वपूर्ण रूपमा प्रभाव पार्दछ । यसरी विद्यार्थीको व्यक्तिगत तत्त्वसम्बन्धी गरिएको अनुसन्धान विशेष तह विद्यार्थीलाई प्रदान गरिने उत्प्रेरणा, परिपक्वता तथा अशक्ततामा सिमित राखिएको थियो, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

#### ४.२.३.१ **उत्प्रेरणा**

शिक्षाशास्त्रीहरूले उत्प्रेरणालाई सिकाइका लागि उत्तम मार्गको रूपमा लिएका छन् । विद्यार्थीलाई सिकाइको क्रममा उत्प्रेरणा प्रदान गर्नु नितान्त आवश्यक हुन्छ; जसले सिकारुलाई सिकाइ प्रति सक्रिय तथा उत्प्रेरित गर्न मद्दत गर्दछ । यसरी नमुना विद्यालयमा प्रदान गरिने उत्प्रेरणा सम्बन्धी गरिएको अनुसन्धानमा पढाइमा तथा परीक्षामा राम्रो गर्ने विद्यार्थीलाई उत्प्रेरित गर्ने खालको कुनै पनि शैक्षिक कार्यक्रम नगरिएको पाइन्छ र न्यून तथा मध्यम क्षमता भएका विद्यार्थीहरू पनि पढाइ प्रति सक्रिय तथा उत्प्रेरित भएको पाइदैन, जसमा अभिभावक शिक्षक तथा विद्यालय प्रशासनको पनि ठूलो कमजोरी रहेको देखिन्छ । यसरी नमुना विद्यालयमा विद्यार्थीहरू हरेक शैक्षिण क्रियाकलापप्रति सक्रिय तथा उत्प्रेरित भएको पाइदैन । जसको परिणाम स्वरूप नमुना विद्यालयको एस.एल.सी.को नतिजा पनि प्रभावित (न्यून) भएको स्पष्ट हुन्छ । यसरी विद्यार्थीलाई प्रदान गरिने उत्प्रेरणाले पनि एस.एल.सी. को नतिजामा प्रभाव पार्दछ भन्ने कुरालाई सजिलैसँग स्वीकार्न सकिन्छ ।

#### ४.२.३.२ **परिपक्वता**

विशेष गरी यहाँ परिपक्वता भन्नाले शारीरिक तथा मानसिक परिपक्वतालाई अध्ययन गर्न खोजिएको छ । विशेषगरी मा.वि. तहमा शारीरिक दृष्टिकोणले सिकाइको लागि सबै विद्यार्थी परिपक्व नै रहेको पाइयो । विशेषगरी भाषागत विषयमा विद्यार्थीहरू पूर्व कक्षाहरूमा परिपक्व भएर अघिल्लो कक्षामा प्रवेश गरेका पाइयो तर अंग्रेजी, गणित तथा विज्ञान विषयमा पूर्व कक्षाहरूमा परिपक्व (उत्तीर्ण) नभए पनि उनीहरूलाई अघिल्लो कक्षामा प्रवेश गराइएको

पाइयो । जसले गर्दा अंग्रेजी, गणित तथा विज्ञान विषयमा विद्यार्थीहरूको पूर्व सिकाइ आधार कमजोर भएर, शैक्षिक अवस्था तथा क्षमता कमजोर भएर विद्यार्थीहरू एस.एल.सी. परीक्षामा केवल अंग्रेजी, गणित तथा विज्ञान विषयमा अनुउत्तीर्ण भएर नमुना विद्यालयको एस.एल.सी. को नतिजा निकै प्रभावित (न्यून) भएको अनुसन्धानबाट स्पष्ट हुन्छ ।

#### ४.२.३.३ **असक्तता**

यहाँ विशेषगरी असक्तता अन्तर्गत विद्यार्थीको शारीरिक अशक्तता तथा विषयगत अशक्ततालाई अध्ययन गर्न खोजिएको थियो । यसरी अशक्तता अन्तर्गत गरिएको अनुसन्धानमा शारीरिक अशक्तता अन्तर्गत आँखा कमजोर भएका विद्यार्थीलाई अघिल्लो बेन्च राखेको पाइयो भने त्यसैगरी विषयगत अशक्तता अन्तर्गत गणित, अंग्रेजी तथा विज्ञान विषयमा कमजोर विद्यार्थीलाई जान्ने विद्यार्थीसँग समूहमा नराखिएको तथा उनीहरूलाई सो विषयहरूप्रति रहेको अशक्ततालाई हटाउन अतिरिक्त कक्षाको समेत व्यवस्था नगरिएको पाइयो । जसले गर्दा अधिकांश विद्यार्थीहरू अंग्रेजी, गणित तथा विज्ञान विषयमा अनुत्तीर्ण भएर सो विद्यालयको एस.एल.सी. को नतिजा प्रभावित (न्यून) भएको पाइयो । तसर्थ अशक्तताले पनि एस.एल.सी. नतिजामा प्रभाव पार्दछ भन्ने कुरा स्पष्ट हुन्छ ।

## ४.३ **शैक्षणिक समस्याहरू**

विशेष गरी शैक्षणिक समस्या भन्नाले प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्ने क्रममा देखिएका अवरोध तथा समस्याहरूलाई बुझाउँदछ, जसले शिक्षाको लक्ष्य तथा उद्देश्य प्राप्त गर्नमा वाधा पुऱ्याउँछ । यसरी शैक्षणिक समस्या सम्बन्धी अनुसन्धान गर्ने क्रममा भौतिक तत्त्व, शैक्षिक तत्त्व तथा व्यक्तिगत तत्त्वसँग सम्बन्धीत विद्यमान शैक्षणिक समस्यालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.३.१ **भौतिक तत्त्व सम्बन्धी समस्याहरू**

- कक्षा काठाको आकार विद्यार्थीको संख्या अनुसार उपयुक्त नहुनु ।
- बेन्च डेस्कको संख्या तथा आकार विद्यार्थीको संख्या तथा उमेर अनुसार  नहुनु ।
- कालो पाटीलाई समय सापेक्ष मर्मत नगरिनु ।
- सम्पूर्ण विषयवस्तुका लागि पाठ्यक्रमले तोके अनुसारका शैक्षणिक सामग्रीको व्यावस्था नहुनु ।
- विशेष गरी विज्ञान विषयका लागि आवश्यक शैक्षिक सामाग्रीले भरिपूर्ण प्रयोगशालाको व्यवस्था नहुनु ।
- पुस्तकालयमा विद्यालयमा अध्यापन गराइने सम्पूर्ण विषय वस्तुसँग सम्बन्धित शैक्षिक सामाग्रीको अभाव अभाव हुनु ।

- विद्यार्थीको संख्या अनुसार उचित व्यवस्थित तथा सुरक्षित कम्पाउण्डको अभाव हुनु ।
- विद्यार्थीको संख्या अनुसार स्वच्छ पिउने पानी र शौचालयको अभाव हुनु ।
- पिउने पानी र शौचालयको समस्या देखाइ विद्यार्थीहरू कक्षामा विद्यार्थी ढिलो प्रवेश गर्नु ।

### ४.३.२ शैक्षिक तत्त्वसम्बन्धी समस्याहरू

- शिक्षा नियमावलीले तोके बमोजिम (२२०) विद्यालय नखुलाइनु ।
- अधिकांश विद्यार्थीहरू विद्यालयमा न्यून उपस्थित हुनु ।
- मा.वि तहका सम्पूर्ण शिक्षकहरू पूर्ण रूपमा तालिम प्राप्त नहुनु ।
- अंग्रेजी तथा विज्ञान विषयको  सिकाइ उपलब्धि न्यून हुनु ।
- अंग्रेजी, विज्ञान तथा गणित विषयमा अधिकांश विद्यार्थीहरू अनुत्तीर्ण हुनु ।
- विद्यार्थीहरूलाई सिकाइको क्रममा अप्ठ्यारा विषयहरूमा अभ्यास र पूर्नअभ्यासको अवसर प्रदान नगरिनु ।
- निर्णयात्मक मूल्याङ्कन प्रक्रियाको बढी प्रयोग हुनु ।
- मूल्याङ्कन प्रणाली कमजोर हुनु ।
- सिकाइको क्रममा उचित किसिमले दण्ड र पूर्नवलको प्रयोग नगरिनु ।
- समयमा पाठ्यांश अध्यापन कार्य समापन नगरिनु ।

### ४.३.३ व्यक्तिगत तत्त्वसम्बन्धी समस्याहरू

- शिक्षणको क्रममा विद्यार्थीहअरु बढी सक्रिय तथा उत्प्रेरित नहुनु ।
- विद्यार्थीहरू अन्य विषयभन्दा अंग्रेजी, गणित तथा विज्ञान विषयमा परिपक्व नहुनु ।
- सिकाइमा अशक्त कमजोर भएका बालबालिकाका लागि अतिक्ति कक्षाको व्यवस्था नगरिनु ।

## ४.४ विद्यमान शैक्षणिक  समस्या समाधानका उपायहरू

शिक्षा क्षेत्र एक पूर्णरूपमा व्यवहारिक पक्ष हो र शिक्षा सिक्ने र सिकाउने प्रक्रिया पनि हो । यसरी विविध शैक्षिक कार्यक्रम कार्यक्रम सञ्चालन गर्ने क्रममा स्वभाविक रूपमा विविध शैक्षणिक समस्याहरू पनि देखापर्दछन् । शैक्षिक गुणस्तर कायम गरी शिक्षालाई व्यवहाकि तथा फदायी बनाउनका लागि शिक्षा क्षेत्रका विभिन्न पक्ष तथा तत्त्वसँग सम्बनिधत शैक्षणिक समस्यालाई विविध उपायहरू अपनाएर समाधान गर्नु नितान्त आवश्यक छ ।

यसरी अनुसन्धानको क्रममा अध्ययन क्षेत्र अन्तर्गत छनोटमा परेको विद्यालयमा शैक्षिक तत्त्व, भौतिक तत्त्व तथा व्यक्तिगत तत्त्वसम्बन्धी विविध समस्याहरू देखिएका थिए जस अन्तर्गत विभिन्न पक्षसँग सम्बन्धित विद्यमान शैक्षणिक समस्या समाधानका लागि विभिन्न उपायहरू सिफारिस गरिएका छन्, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.४.१ शैक्षिक तत्त्वसँग सम्बन्धित समस्या समाधानका उपायहरू

- शैक्षिक गुणस्तरीयता कायम गर्नका लागि शिक्षा नियमावलिले तोके बमोजिमनै विद्यालयमा पठनपाठन सञ्चालन गर्नुपर्ने ।
- विविध उत्प्रेरित शैक्षिक कार्यक्रमहरू सञ्चालन गरेर विद्यार्थीको हाजिरीलाई शतप्रतिशत बनाइनु पर्ने ।
- मा.वि. तहमा कार्यरत शिक्षकलाई सम्बन्धित निकायले पूर्णरूपमा अनिवार्यका साथ शैक्षिक तालिम प्रदान गर्नुपर्ने ।
- अंग्रेजी, गणित तथा विज्ञान विषयमा सिकाइ उपलब्धि बढाउन र बढीभन्दा बढी विद्यार्थी उत्तीर्ण गराउनका लागि सो विषयहरूका पनि विद्यालयले अतिरिक्त कक्षा सञ्चालन गर्नुपर्ने ।
- शिक्षणको क्रममा विद्यार्थी केन्द्रित शिक्षण गर्नका लागि विद्यार्थीलाई बढीभन्दा बढी शिक्षण क्रियाकलापमा सहभागी गराउनु पर्ने ।
- शिक्षणको क्रममा अप्ठ्यारा विषयहरूमा विद्यार्थीहरूलाई बढीभन्दा बढी अभ्यास तथा पूर्नअभ्यास गर्ने वातावरणको सिर्जना गर्नुपर्ने ।
- विद्यार्थीको वास्तविक मूल्याङ्कन गर्न व्यवस्थित र शान्तपूर्ण वातावरण परीक्षा सञ्चलन गर्नुपर्ने ।
- सिकाइमा राम्रो गर्ने विद्यार्थीलाई उचित किसिमको पूर्नवल प्रदान गर्ने र सिकाइमा लापरवाही गर्ने तथा सक्रिय नरहने विद्यार्थीलाई मनोवैज्ञानिक प्रभाव पर्ने किसिमले दण्ड दिनुपर्ने ।
- पाठयोजना निर्माण गरी शिक्षण कार्य गरेर विविध विषयहरूको पाठ्यांश अध्यापन कार्यलाई समयमा समापन गर्नुपर्ने ।

### ४.४.२ भौतिक तत्त्वसँग सम्बन्धित समस्या समाधानका उपायहरू

- विद्यार्थीको संख्या अनुसार कक्षाकोठाको आकार बढाउनु पर्ने ।
- बेन्च डेस्कको संख्या तथा आकार विद्यार्थीको संख्या तह तथा उमेर अनुसार हुनुपर्ने ।
- कालोपाटीलाई समय सापेक्ष मर्मत गर्नुपर्ने ।

- सम्पूर्ण विषयवस्तुका लागि आवश्यक पाठ्यक्रमले तोकेअनुसारका सम्पूर्ण शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने ।
- विशेषगरी विज्ञान विषयको लागि आवश्यक प्रयोगशाला सुव्यवस्थित र सुविधा सम्पन्न बनाइनु पर्ने ।
- सबै विद्यार्थीहरूसँगै उभिन सक्ने सुरक्षित र व्यवस्थित कम्पाउण्डको व्यवस्था गर्नुपर्ने ।
- विद्यार्थीको संख्या अनुसार स्वच्छ पिउने पानी तथा शौचालयको व्यवस्था गर्नुपर्ने ।

### ४.४.३ व्यक्तिगत तत्त्वसँग सम्बन्धित समस्या सुमाधानका उपायहरू

- शिक्षण सिकाइ क्रियाकलापको क्रममा विभिन्न तरिका तथा प्रक्रिया अपनाएर विद्यार्थीलाई सक्रिय तथा उत्प्रेरित गर्नुपर्ने ।
- विद्यार्थीलाई अंग्रेजी गणित तथा विज्ञान विषयमा परिपक्व बनाउन तल्लो कक्षादेखि नै उक्त विषयहरूको विषयहरूको लागि विशेष शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- सिकाइ क्रियाकलापमा शारीरिक तथा मानसिक रूपमा अशक्त भएका बालबालिकालाई विशेष शैक्षिक कार्यक्रममा सहभागी गराउनु पर्ने ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

"सामुदायिक विद्यलायको एस.एल.सी. को नतिजामा प्रभाव पार्ने तत्त्वहरू" सम्बन्धी राखिएको उद्देश्यहरूको आधारमा अनुसन्धान गरी तथ्याङ्क सङ्कलन गर्न अध्ययन क्षेत्र अन्तर्गत नमुना जनसंख्याको रूपमा छनोटमा परेको बाग्लुङ्ग जिल्लाको दुदिलाभाटी गा.वि.स.को वार्ड नं. २ मा रहेको विद्यालयमा गरिएको अनुसन्धान पश्चात् प्राप्त हुन गएको सूचना तथा तथ्याङ्कलाई व्याख्या विश्लेषण गरी निचोडमा प्राप्ति, निष्कर्ष र सुझावलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ५.१ प्राप्ति

विशेष गरी उल्लेखित शीर्षकको अनुसन्धानकार्य ३ वटा उद्देश्यहरू - सामुदायिक विद्यालयको एस.एल.सी. नतिजाको स्थिति पत्ता लगाउनु, एस.एल.सी. नतिजामा प्राभाव पार्ने तत्त्वहरूको अन्वेषण गर्नु र सामुदायिक विद्यालयमा विद्यमान शैक्षणिक समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्नुमा सञ्चालन गरिएको थियो । यसरी अनुसन्धानको क्रममा पूर्वसाहित्यलाई पनि आधार बनाइएको थियो । अध्ययन क्षेत्रको छनोट गर्दा सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरिएको थियो भने नमुना विद्यालयको छनोट गर्दा समान सम्भावनायुक्त नमुना छनोट विधिको प्रयोग गरिएको थियो, जसका लागि गोलाप्रथाको प्रयोग गरिएको थियो । अध्ययनको उद्देश्य सँग सम्बन्धित सूचना तथा तथ्याङ्कहरू संकलन गर्नका लागि वाग्लुङ् जिल्लाको वार्ड नं. २ मा रहेको विद्यालयलाई छनोट गरिएको थियो । यसरी सूचनाहरू संकलन गर्दा प्र.अ. तथा शिक्षकका लागि मिश्रित प्रश्नावली, विद्यार्थीका लागि समूह छलफल निर्देशिका, वि.व्य.सं. प्रति विधिका लागि अन्तर्वार्ता प्रश्नावली, अवलोकन फाराम तथा अभिलेख अध्ययनको प्रयोग गरिएको थियो ।

### ५.१.१ एस.एल.सी. नतिजको स्थिति

जातिगत रूपमा एस.एल.सी. उत्तीर्ण दर हेर्दा ब्राहमणको उच्च र त्यसपछि क्रमश क्षेत्री, दलित र जनजातिको न्यून उत्तीर्ण दर रहेको पाइयो भने लिङ्गगत उत्तीर्णदर हेर्दा ब्राह्मणको समूहको (छात्रछात्रा) उच्च र त्यसपछि क्रमशः क्षेत्रीको (छात्र-छात्रा), दलितको (छात्र-छात्रा) तथा जनजातिको छात्रछात्राको न्यून उत्तीर्ण दर रहेको पाइयो ।

(क) **जातिगत आधारमा विषयगत उत्तीर्णदर**

- ब्राह्मण : कक्षा १० मा अध्यापन गराउने अनिवार्य विषयहरू र ऐच्छिक विषयहरूमा ब्राह्मण समूहका छात्र-छात्राको विषयगत उत्तीर्णदर अपेक्षाकृत रहेको पाइयो ।

- क्षेत्री : कक्षा १० मा अध्यापन गराइने अनिवार्य विषयहरू मध्य नेपाली, सामाजिक, स्वा.ज.वा. अर्थशास्त्र र शिक्षा विषयमा क्षेत्रीसमूहको उत्तीर्णदर अपेक्षाकृत रहेको पाइयो भने अंग्रेजी, गणित तथा विज्ञान विषयमा ब्राह्मणको विषयगत उत्तीर्ण दरभन्दा यो समूहका न्यून उत्तीर्णदर पाइयो ।

- जनजाति : कक्षा १० मा अध्यापन गराइने अनिवार्य विषयहरू मध्य नेपाली, सामाजिक, स्व.ज.वा. अर्थशास्त्र तथा शिक्षा विषयमा जनजाति समूहको विषयगत उत्तीर्णदर अपेक्षाकृत रहेको पाइयो भने अंग्रेजी गणित र विज्ञान विषयमा ब्राह्मण र क्षेत्रीको तुलनामा विषयगत उत्तीर्णदर न्यून रहेको पाइयो ।

- दलित : कक्षा १० मा अध्यापन गराइने अनिवार्य विषयहरू मध्य नेपाली, सामाजिक, स्व.ज.वा., अर्थशास्त्र तथा शिक्षा विषयमा दलित समूहको विषयगत उत्तीर्णदर उपेक्षाकृत रहेको पाइयो भने अंग्रेजी गणित तथा विज्ञान विषयमा अन्य समूहको उत्तीर्णदरभन्दा यो समूहको उत्तीर्ण न्यून पाइयो ।

(ख) **जातिगत रूपमा सिकाइ उपलब्धि**

- ब्राह्मण : कक्षा १० मा अध्यापन गराइने अनिवार्य विषयमध्य ब्राह्मण समूहको सबैभन्दा उच्च सिकाइ उपलब्धि स्व.ज.वा. विषयमा त्यसपछि क्रमशः सामाजिक, नेपाली, अंग्रेजी, विज्ञान, एच्छिक प्रथम (अर्थशास्त्र) एच्छिक द्वितीय शिक्षा) र सबैभन्दा कम गणित विषयमा रहेको पाइयो ।

- क्षेत्री : कक्षा १० मा अध्यापन गराइने अनिवार्य विषय मध्ये क्षेत्री समूहको स्व.ज. वा विषयमा सबैभन्दा उच्च सिकाइ उपलब्धि देखिएको छ भने त्यस पछि क्रमशः एच्छिक प्रथम (अर्थशास्त्र) विज्ञान, सामाजिक, अंग्रेजी नेपाली तथा गणित विषयमा सिकाइ उपलब्धि न्यून भएको पाइयो ।

- जनजाती : कक्षा १० मा अध्यापन गराइने अनिवार्य विषय मध्य जनजाति समूहको ऐच्छिक प्रथम (अर्थशास्त्र) विषयमा सिकाइ उपलब्धि उच्च रहेको र त्यसपछि क्रमश गणित, स्व.ज.वा. एच्छिक द्वितीय (शिक्षा), नेपाली, सामाजिक, विज्ञान तथा अंग्रेजी विषयमा न्यून रहेको पाइयो ।

- दलित : कक्षा १० मा अध्यापन गराइने अनिवार्य विषयमध्य दलित समूहको तुलनात्मक रूपले सामाजिक विषयमा उच्च सिकाइ उपलब्धि  रहेको पाइन्छ भने त्यस पछि क्रमशः, शिक्षा, स्व.ज.वा., अर्थशास्त्र, नेपाली, विज्ञान तथा अंग्रेजी विषयमा क्रमशः न्यून रहेको पाइयो ।

**(ग) लिङ्गगत रूपमा विषयगत सिकाइ उपलब्धि**

- छात्र : वि.सं. २०६७ सालमा एस.एल.सी.को परीक्षामा सहभागी भएका २६ जना मध्य १५ जना छात्र रहेका थिए । यसरी कक्षा १० मा अधयापन गराइने अनिवार्य विषय मध्ये छात्रा समूहले स्व.ज.वा. विषयमा अन्य विषयभन्दा उच्च सिकाइ उपलब्धि हासिल गरेको पाइयो भने त्यसपछि क्रमश, शिक्षा, सामाजिक, नेपाली, अर्थशास्त्र, विज्ञान गणित तथा अंग्रेजी विषयको सिकाइ उपलब्धी न्यून रहेको पाइन्छ ।

- छात्रा : वि.सं. २०६७ सालमा एस.एल.सी. मा सहभागी भएका जम्मा २६ जना छात्र-छात्रा मध्ये ११ जना छात्रा रहेका थिए । यसरी कक्षा १० मा अध्यापन गराइने अनिवार्य विषयमध्य सबैभन्दा बढी सामाजिक विषयमा छात्रको सिकाइ उपलब्धि उच्च रहेको पाइयो भने त्यसपछि क्रमशः स्व.ज.वा., अर्थशास्त्र, नेपाली, विज्ञान, शिक्षा अंग्रेजी तथा गणितका सिकाइ उपलब्धी विषयमा न्यून रहेको पाइयो ।

### ५.१.२ नतिजामा प्रभाव पार्ने तत्त्वहरूसँग सम्बन्धित शैक्षणिक समस्याहरू

उल्लेखित शीर्षकमा गरिएको अनुन्धामा नमुना विद्यालयको एस.एल.सी.को नतिजामा प्रभाव पार्ने तत्त्वहरू मध्ये शैक्षिक तत्त्व, भौतिक तत्त्व तथा व्यक्तिगत तत्त्व अन्तर्गतका विभिन्न पक्षहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पारेको पारेको पाइयो । यसरी ती पक्षहरूसँग सम्बन्धित प्राप्त भएका शैक्षणिक समस्याहरूलाई क्रमैसँग निम्नानुसार प्रस्तुत गरिएको  छ :

**(क) शैक्षिक तत्त्व**

- शिक्षा नियमावलीले तोके बमोजि (२२०) दिन नै विद्यालय नुखालाएको पाइयो ।
- मा.वि. तहमा कार्यरत सबै शिक्षकहरू पूर्ण रूपमा तालिम प्राप्त नभएको पाइयो ।
- विद्यालयमा विद्यार्थीको उपस्थितिको न्यून रहेको पाइयो ।
- विशेष गरी अंग्रेजी र गणित विषयको सिकाइ उपलब्धि  न्यून रहेको पाइयो ।
- अंग्रेजी गणित र विज्ञान विषयमा बढी विद्यार्थी अनुत्तीर्ण भएको पाइयो ।

- शिक्षक केन्द्रित शिक्षण प्रक्रियाको बढी प्रयो भएको पाइयो । मा.वि. तहमा अप्ठ्यारा कहलिएका विषय (अंग्रेजी, गणित तथा विज्ञान) विषयका लागि अतिरिक्त कक्षाको वयावस्था नगरिएको पाइयो ।
- विद्यार्थीहरूलाई सिकाइको क्रममा आवश्यक मात्रामा अभ्यास तथा पूर्नअभ्यासको अवसर प्रदान नगरिएको पाइयो ।
- निर्णयात्मक मूल्याङ्कन प्रक्रियाको मात्र बढी प्रयोग भएको पाइयो ।
- परिक्षा प्रणाली व्यवस्थित र प्रभावकारी नभएको पाइयो ।
- समय सापेक्ष व्यवस्थित तरिकाले पाठ्यांश अध्यापन नगराइएको पाइयो ।

**(ख) भौतिक तत्त्व**

- कक्षाकोठाको आकार विद्यार्थीको संख्या अनुसार उपयुक्त नभएको, बेन्च, डेस्को संख्या तथा आकार विद्यार्थीको संख्या उमेर तथा तह अनुसार नभएको, आवश्यक सम्पूर्ण शैक्षिक सामाग्रीको उचित व्यवस्था नभएको पाइयो ।

**(ग) व्यक्तिगत तत्त्व**

- सिकाइको क्रममा विद्यार्थी कम सक्रिय तथा उत्प्रेरित भएको, अंग्रेजी, गणित र विज्ञान विषहरूमा पूर्व कक्षाहरू विद्यार्थीहरू परिपक्व नभएका तथा पढाइमा असक्त बालबालिकाका लागि अतिरिक्त कक्षा शिक्षणको व्यवस्था नगरिएको पाइयो ।

## ५.२ निष्कर्ष

- विशेषगरी ब्राह्मण जातिको उत्तीर्णदर र विषयगत सिकाइ उपलब्धि अन्य जातिको तुलनामा उच्च रहको र त्यस पछि क्रमशः क्षेत्री, दलित र जनजातिको न्यून रहेको देखिन्छ ।
- शिक्षा नियमावली बमोजिम विद्यालय नखुलाइएको, मा.वि. तहका सम्पूर्ण शिक्षक तालिम प्राप्त नभएको, विषयगत रूपमा आवश्यक सम्पूर्ण शैक्षि सामाग्री, विज्ञान प्रयोगशाला तथा पिउने पानी, शौचालयको उचित व्यवस्था नभएको देखिन्छ ।
- अंग्रेजी, गणित र विज्ञान विषयमा विद्यार्थी परिपक्व नभएको र बढी विद्यार्थी तिनै विषयमा अनुत्तीर्ण भएर नै सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजा प्रभावित भएको देखिन्छ ।
- शिक्षण सिकाइ क्रियाकलापको क्रममा विद्यार्थी उत्प्रेरित र परिपक्व नभएको, उनीहरूलाई अभ्यास र पूर्नअभ्यासको अवसर प्रदान गरिएको, दण्ड र पूर्नवलको

उचित प्रयोग नगरिएको, अशक्त तथा कमजोर बालबालिकाका लागि आवश्यक शैक्षिक क्रियाकलापको व्यवस्था नगरिएको पाइन्छ ।

- विद्यालयको भौतिक पक्ष र शैक्षिक पक्ष अव्यवस्थित र कमजोर भएको देखिन्छ ।

## ५.३ सुझावहरू

उल्लेखित शीर्षकमा राखिएका उद्देश्य अनुसार अनुसन्धान गर्दा विभिन्न चरणमा प्राप्त भएका सूचनाको विश्लेषण र व्याख्या अनुसार निम्न सुझाव प्रस्तुत गर्न उपयुक्त देखिन्छ :

- विशेष गरी क्षेत्री, दलित र जनजाती समूहको विषयगत उत्तीर्णदर र सिकाइ उपलब्धि  वृद्धि गर्नका लागि अतिरिक्त शैक्षिक क्रियाकलापको व्यवस्था गर्नुपर्ने,
- एस.एल.सी. परीक्षामा अंग्रेजी, गणित र विज्ञान विषयमा विद्यार्थीहरू बढी अनुत्तीर्ण हुने भएकोले सो विषयहरूमा विद्यालयले अतिरिक्त कक्षाका साथै विशेष शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- मा.वि. तहमा कार्यरत सम्पूर्ण शिक्षकलाई पूर्णरूपमा तालिम प्राप्त बनाउनु पर्ने,
- सामुदायिक विद्यालयको भौतिक पक्ष कमजोर तथा व्यवस्थित नभएकोले सम्बन्धित पक्ष तथा निकायले सुधार गर्नका लागि सक्रिय रूपमा चासो देखाउनु पर्ने,
- सामुदायिक विद्यालयको एस.एल.सी. को नतिजामा सुधार (वृद्धि) गर्नका लागि सम्बन्धित पक्ष (प्र.अ., शिक्षक, वि.व्य.स., नेपाल सरकार) ले विशेष चासोका साथ सक्रिय हुनुपर्ने,
- विद्यार्थीको मनोवैज्ञानिक पक्षलाई अध्ययन गरेर मात्र विद्यालयले सम्पूर्ण शैक्षिक कार्यक्र सञ्चालन गर्नुपर्ने,
- मा.वि. तहमा अध्यापन गराइने सम्पूर्ण विषयवस्तुसँग सम्बन्धित शैक्षणिक सामग्रीका साथै पुस्तकालय र विज्ञान प्रयोगशालाको उचित व्यवस्थापन गर्नुपर्ने,
- सामुदायिक विद्यालयको भौतिक पक्ष तथा शैक्षिक पक्षसँग सम्बन्धित विद्यमान शैक्षणिक समस्या समाधानका लागि शिक्षा क्षेत्रसँग सम्बनिधत (प्र.अ., शिक्षक, वि.व्य.स., अभिभावक तथा नेपाल सरकार) नियकाय विशेष चासोका साथ सक्रिय रहनु पर्ने देखिन्छ ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, तोयानाथ (२०६१), *विराटनगर उपमहानगरपालिका भित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालयको वर्तमान अवस्था,* त्रि.वि., कीर्तिपुर, काठमाडौं ।

अधिकारी, विष्णु (२०६५), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* आशिष पुस्तक भण्डार, बागबजार, काठमाडौं ।

खनाल, पेशल (२०६६), *अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन, कीर्तिपुर, काठमाडौं ।

खनिया, सिर्जना (२०६७), *एस.एल.सी. परीक्षामा उच्च र न्यून परीक्षाफल भएका सामुदायिक विद्यालयको शैक्षणिक स्थिति र विद्यार्थीको साामजिक आर्थिक अवस्था,* त्रि.वि., कीर्तिपुर, काठमाडौं ।

जिल्ला शिक्षा कार्यालय (२०६७), *वाग्लुङ जिल्लाको शैक्षिक विवरण,* वाग्लुङ ।

ढकाल, घनश्याम (२०६१), *प्राथमिक विद्यालयमा दलितहरूको शैक्षिक अवस्थाको विश्लेषण,* त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

धामी, श्यामसिंह (२०६३), *संस्थागत र सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन, पाठ्यक्रम केन्द्रिय विभाग",* भित्रुवन विश्वविद्यालय कीर्तिपुर ।

नेपाल सरकार, शिक्षा विभाग (२०६३), *शैक्षिक सूचनाको सँगालो,* वर्ष ३, मुख्य दस्तावेज केशर महल, काठमाडौं ।

पराजुली, तीर्थराज र साथीहरू (२०६५), *शिक्षामा मापन तथा मूल्याङ्कन,* सनलाइट पब्लिकेशन, कीर्तिपुर, काठमाडौं ।

परीक्षा नियन्त्रण कार्यालय (२०६८), *शैक्षिक तथ्याङ्क,* सानोठिमी, भक्तपुर ।

रानाभाट, भद्रबहादुर, (२०६१), *संस्थागत र सामुदायिक विद्यालयको प्रवेशिका परीक्षाको परिमाणात्क भिन्नता,* त्रि.वि., कीर्तिपुर, काठमाडौं ।

शर्मा, गोपीनाथ (२०६०), *शिक्षाको इतिहास भाग १,* मकालु बुक्स एण्ड स्टेसनर्स, पुतलि सडक काठमाडौं ।

शर्मा, गोपीनाथ (२०६२), *शिक्षाको इतिहास भाग २,* मकालु बुक्स एण्ड स्टेसनर्स, पुतली सडक, काठमाडौं ।

शर्मा, चिरन्जीवी र शर्मा, निर्मला (२०६७), *शिक्षाका आधारहरू,* एम.के. पब्लिसर्स, काठमाडौं ।

शिक्षा मन्त्रालय (२०५७), *शिक्षक सेवा आयोगको नियमावली,* केशरमहल, काठमाडौं : शिक्षामन्त्रालय ।

शिक्षा मन्त्रालय (२०६५), *माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा ९ र १०,* सानोठिमी भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

सिंह, बन्धना कुमारी (२०६२), *एस.एल.सी. परीक्षा उच्च र न्यून परीक्षाफल भएका सामुदायिक माध्यमिक विद्यालयको भौतिक एवम् शैक्षिक स्थिति,* त्रि.वि., कीर्तिपुर, काठमाडौं ।

Blaxfer L. et.al., *How to Research*, Philadelphia; Buckimghum Press.

Center for education Research innvovation Development (CERID) 1998, *A Study on Secondary Education Nepal*, T.U. Kathmandu.

Joshi, P.R. (2001), *Research Methodology,* Kathmandu, Buddha, A.P. and Distributors Pvt. Limited.

## अनुसूची १

## प्र.अ. का लागि तयार पारिएको मिश्रित प्रश्नावली

**विद्यालयको नाम :** **शैक्षिक योग्यता :**

**ठेगाना :** **शैक्षिक अनुभव :**

**प्र.अ.को नाम :**

**भौतिक तत्त्वसम्बन्धी**

(१) के तपाइको विद्यालयमा विद्यार्थीको उमेर तह र संख्याका अनुसार प्रत्येक कक्षाकोठामा कालोपाटी डेस्क बेन्चको उचित व्यवस्था गरिएको छ ?

(क) छ (ख) छैन (ग) अन्य

(२) तपाइको विद्यालयमा आवश्यता अनुसार प्रत्येक कक्षाको लागि आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गरिएको छ ?

(क) गरिएको छ (ख) गरिएको छैन (ग) अन्य

(३) तपाइको विद्यलायमा पिउने पानी र शौचालय सम्बन्धी कुनै समस्याहरू छन् ? छन् भने उल्लेख गर्नुहोस् ।

(४) तपाइको विद्यालयले के कस्ता भौतिक समस्याहरू विद्यमान छन् ? उल्लेख गर्नुहोस् ।

..........................................................................................

**शैक्षिक तत्त्वसम्बन्धी**

(५) के तपाइको विद्यालयमा सबै शिक्षकहरू तालिम प्राप्त छन् ?

(क) छन् (ख) छैनन् (ग) अन्य

(६) विद्यार्थी मूल्याङ्कन गर्नका लागि कुन मूल्याङ्कनका साधन प्रयोग गर्नुहुन्छ ? किन ?

..........................................................................................

(७) पढाइमा राम्रो गर्ने विद्यार्थीका लागि तपाइको विद्यालयले के कस्तो पुरुस्कारको (सुविधा) व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् ।

..........................................................................................

(८) तपाइको विद्यालयमा प्रायः शिक्षकहरूले कुन विधिको प्रयोग रेको पाउनु भएको छ ?

(क) व्याख्यान विधि (ख) छलफल विधि

(ग) प्रश्नोत्तर विधि (घ) समस्या समाधान विधि

(९) तपाइलाई शिक्षकहरूले के कस्ता शैक्षणिक समस्याहरूको बारेमा जानकारी गराएका छन् ? उल्लेख गर्नुहोस् ।

..........................................................................................

(१०) तपाइको विद्यालयको वर्तमान एस.एल.सी. को नतिजामा अझ सुधार (वृद्धि) गर्नको लागि के कस्ता भावि शैक्षिक कार्यक्रम आयोजना गर्नुहुन्छ ? उल्लेख गर्नुहोस् ।

..........................................................................................

**व्यक्तिगत तत्त्वसम्बन्धी**

(११) के तपाइले विद्यार्थीलाई आवश्यकता अनुसार उत्प्रेरणा प्रदान गर्नुहुन्छ ।

(क) गर्छु (ख) गर्दैन (ग) अन्य

(१२) तपाईले विद्यार्थीको व्यक्तिगत भिन्नताको आधारमा उनीहरूलाई शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय सहभागी गराउन के-कस्ता उपायहरू अपनाउनु भएको छ ? उल्लेख गर्नुहोस् ।

..........................................................................................

(१३) विद्यार्थीलाई व्यक्तिगत भिन्नताको आधारमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी गराउँदा के कस्ता शैक्षणिक समस्याहरू भोग्नु भएको छ ? उल्लेख गर्नुहोस् ।

..........................................................................................

## अनुसूची २

## शिक्षकका लागि निर्माण गरिएको मिश्रीत प्रश्नावली

**शिक्षकको नाम :** **शैक्षिक योग्यता :**

**तालिम प्राप्त/अप्राप्त :** **शैक्षिक अनुभव :**

**अध्यापन गर्ने विषय :** **स्थायी/अस्थायी :**

**भौतिक तत्त्व**

(१) विद्यार्थीको सङ्ख्या अनुसार कक्षाकोठाको आकार तथा बेन्च डेसकको स्थिति कस्तो छ ?

(क) एकदमै अनुकूल (ख) मध्यम खालको

(ग) अनुकूलन नरहेको (घ) अन्य

(२) प्रभावकारी शिक्षण गर्नका लाीग कक्षाकोठाका कालो पाटीहरू कतिको अनुकूल छन् ?

(क) एकदमै अनुकूल (ख) मध्यम खालको

(ग) अनुकूल नरहेको

(३) तपाइले अध्यापन गराउने विषयका लागि आवश्यक सम्पूर्ण शैक्षिक साामग्रीहरू तपाइको विद्यालयमा के कतिको उपलब्ध छन् ?

(क) सम्पूर्ण छन् (ख) अलि-अलि छन्

(ग) पटक्कै छैनन्

(४) तपाइले शिक्षण गर्ने क्रममा विद्यालयमा के कस्ता भौतिक समस्याहरू भोग्नु भएको छ ? उल्लेख गर्नुहोस् ।

...........................................................................................

**शैक्षिक तत्त्व**

(५) तपाइले शिक्षक तालिम लिनु भएको छ ?

(क) छ (ख) छैन (ग) अन्य

(६) तपाईको शैक्षिक योग्यता कति हो ?

...........................................................................................

(७) के तपाइले पाठ्यांश अध्यापन सधै समयमै समापन गर्नुहुन्छ ?

...........................................................................................

(८) पढाइएको विषयवस्तुको उद्देश्य अनुसार विद्यार्थीलाई कक्षा कार्य र गृहकार्य सधैं दिनु हुन्छ ?

(क) सधै (ख) कहिलेकाँही (ग) कहिले पनि दिइदैन (घ) अन्य

(९) तपाईले शिक्षण गर्दा विद्यार्थीलाई बढीभन्दा बढी अन्तर्क्रियामा सहभागी गराउनको लागि के कस्ता क्रियाकलापहरू गर्दै आउनु भएको छ ? उल्लेख गर्नुहोस् ।

...........................................................................................

(१०) तपाईले शिक्षण गर्दा बढी कुन विधिको प्रयोग गर्नुहुन्छ ? किन ?

.........................................................................................

(११) तपाइले प्रभावकारी शिक्षण सिकाइ गर्नुका लागि के कस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुभएको छ ? उल्लेख गर्नुहोस् ।

.........................................................................................

(१२) तपाइको विद्यालयको वि.सं. २०६७ को एस.एल.सी. को नतिजा उच्च/न्यून हुनुका कारणहरू के के हुन् सक्छन् ? उल्लेख गर्नुहोस् ।

.........................................................................................

(१३) तपाइले शिक्षण गर्ने क्रममा के कस्ता शैक्षणिक समस्या भोग्नु भएको छ ? उल्लेख गर्नुहोस् ।

.........................................................................................

(१४) शिक्षकलाई शिक्षण पेशाप्रति प्रोत्साहित गर्न विद्यालय प्रशासनले के कस्ता कार्यक्रमको व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् ।

.........................................................................................

(१५) कक्षामा मध्यम तथा न्यून क्षमता भएका विद्यार्थीलाई सक्रिय रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी गराएर उनीहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्नका लागि के कस्ता उपायहरू अवलम्बन गर्नु भएको छ ? उल्लेख गर्नुहोस् ।

.........................................................................................

**व्यक्तिगत तत्त्वसम्बन्धी**

(१६) तपाइले विद्यार्थीलाई पढाइप्रति हौसला प्रदान गर्नका लाीग उत्प्रेरणा प्रदान गर्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दैन (ग) अन्य

(१७) तपाइले विद्यार्थीको व्यक्तिगत रुचि इच्छा, चाहना अनुसार शिक्षण गर्नु भएको छ ?

(क) छ (ख) छैन (ग) अन्य

(१८) विद्यार्थीमा विद्यमान व्यक्तिगत भिन्नतालाई मध्यनजर गर्दै उनिहरूलाई हरेक शिक्षण सिकाइ क्रियाकलापमा सहभागी गराउन के कस्ता उपायहरू अपनाउनु भएको छ ? उल्लेख गर्नुहोस् ।

.........................................................................................

## अनुसूची ३
## विद्यार्थीका लागि तयार पारिएको समूह छलफल निर्देशिका

**विद्यालयको नाम :** **मितिः**

**कक्षाः** **विद्यर्थी सङ्ख्याः**

निम्न लिखित विषय क्षेत्रभित्र रहेर समान सम्भावना युक्त नमुना छनोट विधिद्वारा छनोटमा परेका विद्यार्थीलाई तोकिएको मिति समय र स्थानमा सहभागी गराई छलफलको माध्यमद्वारा तोकिएको उद्देश्यसँग सम्बन्धित सूचनाहरू सङ्कलन गरिएका थिए :

**भौतिक तत्त्वसम्बन्धी**

- कक्षाकोठाको व्यवस्था
- डेस्क बेन्चको प्रयाप्तता/अप्रयाप्तता
- कक्षाकोठामा विद्यर्थीको वसाइको अवस्था
- पाठको प्रकृति अनुसार शैक्षिक सामग्री प्रयोगको अवस्था
- विद्यालयमा पुस्तालय तथा प्रयोगशालाको प्रयोगको अवस्था
- खेल मैदानको प्रयाप्तता/अप्रयाप्तता
- पिउने पानी तथा शौचालयको व्यवस्था
- विद्यार्थीले भोगीरहेका भौतिक पक्ष सम्बन्धी समस्याहरू

**शैक्षिक तत्त्व सम्बन्धी**

- मूल्याङ्कन प्रक्रिया
- शिक्षक विद्यार्थी बीच अर्न्तक्रिया
- शिक्षण प्रक्रिया
- कक्षा शिक्षण
- पूनर्वल प्रयोगको अवस्था
- दण्ड प्रयोगको अवस्था
- विद्यार्थीले भोगिरहेका शैक्षणिक समस्याहरू

**व्यक्तिगत तत्त्वसम्बन्धी**

- पढाइप्रति झुकाव तथा धारणा
- विद्यार्थी प्रदान गरिने उत्प्रेरणा
- विद्यार्थीका विशेष समस्याहरू

## अनुसूची ४

## वि.व्य.स. प्रतिनिधिका लागि तयार पारिएको अन्तर्वार्ता प्रश्नावली

**विद्यालयको नाम :** **मिति :**

**वि.व्य.स. प्रतिनिधिको नाम :**

**एस.एल.सी. नतिजाको स्थिति सम्बन्धमा तयार पारिएका अन्तर्वार्ता प्रश्नावली :**

(१) तपाइको विद्यालयको एस.एल.सी. नतिजा प्रति तपाई कतिको सन्तुष्टि हुनुहुन्छ ? किन ?

(२) तपाइको विद्यालयको एस.एल.सी.को नतिजा उच्च/न्यून हुनुका केहि कारणहरू बताइदिनु होस् ।

(३) तपाइको विद्यालयको एस.एल.सी. को नतिजामा सुधार (वृद्धि) गर्नका लागि के कस्ता भावि शैक्षिक कार्यक्रम गर्ने योजना रहेको छ ?

**भौतिक तत्त्वसम्बन्धी**

(४) तपाइको विद्यायको भवनहरू विद्यार्थीको सङ्ख्या अनुसार प्रयाप्त छन् ?

(५) के तपाइको विद्यालयको खेलमैदान अतिरिक्त शैक्षिक क्रियाकलाप गर्नका लागि उपयुक्त छ ?

(६) तपाइले विद्यालयमा विद्यार्थीले पिउने पानी र शौचालय सम्बन्धी केही समस्या भोगको देख्नु भएको छ ? छ भने ति के के होलान् ? बताइदिनुहोस् ।

(७) विद्यायमा शैक्षिक सामग्रीको उपलब्धता अझ वढाउनका लागि आगामि दिनहरूमा के कस्ता रणनीतिहरू अपनाउनु हुने भएको छ ?

(८) तपाइले विद्यालयमा भौतिक पक्षसम्बन्धी के कस्ता समस्याहरू रहेको अनुभव गर्नुभएको छ ? बताइदिनु हुन्छ कि ?

**शैक्षिक तत्त्व सम्बन्धी**

(९) तपाइले वर्षमा कतिपटक शिक्षकसँग उनिहरूका शैक्षिक समस्याहरूका बारेमा छलफल गर्नुभएको छ ?

(१०) तपाइले विद्यालयमा शिक्षक विद्यार्थीबीचको सम्बन्ध कस्तो पाउनु भएको छ ?

(११) तपाइको जानकारी आएसम्म तपाइको विद्यालयमा के कस्ता अतिरिक्त क्रियाकलापहरू सम्पन्न हुने गर्दछन् ? ती के के हुन् ? बताइदिनु हुन्छ की ?

(१२) के तपाई विद्यालयमा आयोजना गरिने सबै शैक्षिक कार्यक्रममा सँधै सहभागी हुने गर्नुहुन्छ ?

(१३) तपाईको विद्यालयमा सम्पन्न गरिने शैक्षिक कार्यक्रम तथा अतिरिक्त क्रियाकलापहरूले विद्यार्थीको पठनपाठनमा के कस्तो सहयोग पुऱ्याएको छ ? वताइ दिन हुन्छकी ?

**व्यक्तिगत तत्त्वसम्बन्धी**

(१४) के तपाइको विद्यालयमा विद्यार्थीको रुची, इच्छा तथा चाहना अनुसार शैक्षिक कार्यक्रमहरू संचालन हुने गर्छन् ?

(१५) के तपाईले विद्यार्थीलाई पठनपाठन सम्बन्धमा सल्लाह, सुझाव तथा प्रेरणा प्रदान गर्नु भएको छ ?

(१६) व्यक्तिगत भिन्नताका आधारमा विद्यार्थीलाई पढाइप्रति सक्रिय गराउनका लागि तपाइको विद्यालयमा के कस्ता शैक्षिक कार्यक्रमहरू सम्पन्न हुनेगर्छन् ? बताइदिनुहोस् ।

**विद्यालयको शैक्षणिक समस्या सम्बन्धमा**

(१८) तपाइलाई जानकारी भएसम्म विद्यालयमा के कस्ता प्रमुख शैक्षणिक समस्याहरू रहेका छन् ? बताइदिनुस् ।

(१९) विद्यालयमा विद्यमान शैक्षणिक समस्याले विद्यार्थीको पठनपाठनमा के कस्तो वाधा पुऱ्याएको छ ? बताइदिनु हुन्छ की ?

**अनुसूची ५**

**कक्षा अवलोकन फाराम**

**विद्यालयको नाम :** **मिति :**

**शिक्षकको नाम :** **कक्षा**

**समय :**

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | **भौतिक तत्त्व** | | | |
| | (क) विद्यालय भवन सुरक्षित | | | |
| | (ख) उपयुक्त कक्षाकोठाको व्यवस्था | | | |
| | (ग) कक्षाकोठाको डेस्क बेन्चको प्रयत्नता/अप्रयाप्तता | | | |
| | (घ) कक्षाकोठाको आकार अनुसार कालोपाटीको उपयुक्त व्यवस्था | | | |
| | (ङ) पाठको प्रकृति अनुसार शैक्षिक सामग्री प्रयोग गरिएको | | | |
| | (च) आवश्यता अनुसार पुस्तकालय प्रयोग गरिएको | | | |
| | (छ) विद्यार्थीको सङ्ख्या अनुसार खेल मैदानको उपयुक्त आकार | | | |
| | (ज) विद्यार्थीको सङ्ख्या अनुसार आवश्यक धाराको व्यवस्था | | | |
| | (झ) छात्र/छात्राका लागि अलग अलग शौचालयको व्यवस्था | | | |
| | | | | |
| (२) | **शैक्षिक तत्त्व** | | | |
| | (क) सबै शिक्षक तालिम प्राप्त अवस्था | | | |
| | (ख) विद्यार्थी मूल्याङ्कन प्रक्रिया | | | |
| | ) गृहकार्य | | | |
| | ) एकाइ परीक्षा | | | |
| | ) त्रैमासिक परीक्षा | | | |
| | ) वार्षिक परीक्षा | | | |
| | ) राष्ट्रिय परीक्षा | | | |
| | ) अन्य | | | |
| | | | | |
| | | | | |
| | (ग) कक्षाकोठामा शिक्षक विद्यार्थीबीच अन्तक्रिया | | | |
| | (घ) शिक्षण प्रक्रिया | | | |
| | ) विद्यार्थी केन्द्रित शिक्षण | | | |

| | | | | |
|---|---|---|---|---|
| | ) शिक्षक केन्द्रित शिक्षण | | | |
| (ङ) | अभ्यास/पूर्नअभ्यासको प्रयोग | | | |
| (च) | उपयुक्त ढङ्गले पूर्नवलको प्रयोग | | | |
| (छ) | अतिरिक्त कक्षा शिक्षण | | | |
| | ) नेपाली | | | |
| | ) अंग्रेजी | | | |
| | ) गणित | | | |
| | ) विज्ञान | | | |
| | ) सामाजिक | | | |
| | ) स्वास्थ्य जनसंख्या तथा वातावरण | | | |
| | ) ऐच्छिक प्रथम विषय | | | |
| | ) ऐच्छिक द्वितीय विषय | | | |
| ३ | **व्यक्तिगत तत्त्व** | | | |
| | (क) विद्यार्थीका रुची इच्छा, चाहनाको कदर गरिएको | | | |
| | (ख) विद्यार्थीलाई उत्प्रेरणा प्रदान गरिएको | | | |
| | (ग) विद्यार्थीका पढाइ प्रतिको धारणा तथा झुकाव उपयुक्त | | | |

## अनुसूची ६

## शिक्षक तथा विद्यार्थी विवरण

अध्ययनको क्रममा तथ्याङ्क उपलब्ध गराउन सहयोग पुऱ्याउने सहभागी नमुना जनसंख्याको विवरण :

**विद्यालयको नाम :** **मिति :**

| **क्र.सं.** | **वि.व्य.स. प्रतिनिधि/ शिक्षकको विवरण** | **पद** | **क्र.सं.** | **विद्यार्थीका विवरण** | **कक्षा** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | श्री इन्द्र प्रसाद बुढाथोकी | प्र.अ. | १ | हर्क खत्री | १० | |
| २ | श्री नर बहादुर थाप | शिक्षक | २ | यम खड्का | १० | |
| ३ | श्रीवम बहादुर बुढाथोकी | वि.व्य.सं. अध्यक्ष | ३ | रुपा खत्री | १० | |
| | | | ४ | एलिसा खड्का | १० | |
| | | | ५ | निर्मला परियार | १० | |
| | | | ६ | जमुना भण्डारी | १० | |

## अनुसूची ७

## एस.एल.सी् नतिजा २०६७

## चौराहा उ.मा.वि., अमरझाक्रि स्थान

## दुदिलाभाटी–२, गलकोट, बाग्लुङ

| क्र.सं. | विद्यार्थीको नाम | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | स्व.ज.वा. | अर्थशास्त्र | शिक्षा | परिणाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इन्द्र मणि पुन | १८* | ४० | ५३ | १९* | ५६ | ५८ | ४२ | ३६ | अनुत्तीर्ण |
| २ | कुमार घर्ति | ४३ | ४९ | ४४ | ४७ | ५६ | ५६ | ४१ | ५६ | उत्तीर्ण |
| ३ | कुल बहादुर खत्री | ६३ | ५७ | ६४ | ६९ | ६५ | ६८ | ५१ | ५६ | उत्तीर्ण |
| ४ | जमुना खड्का | ४९ | ४७ | १८* | ३९ | ६२ | ५४ | ३६ | ५२ | अनुत्तीर्ण |
| ५ | जुना बुढाथोकी | ५९ | ५४ | ४९ | ५४ | ६६ | ५९ | ५४ | ५० | उत्तीर्ण |
| ६ | तारा वि.क. | २२* | ४३ | २४ | ३७ | ४० | ५५ | ४१ | ३९ | अनुत्तीर्ण |
| ७ | तुलाराम शर्मा | ४७ | ५१ | ३९ | ४६ | ५३ | ६१ | ५० | ५९ | उत्तीर्ण |
| ८ | दिपक पौडेल | ६२ | ५८ | ५६ | ६७ | ६६ | ६९ | ५१ | ४२ | उत्तीर्ण |
| ९ | नविन घर्तिमगर | ३९ | ६८ | ३९ | ४३ | ४८ | ६२ | ६० | ६१ | उत्तीर्ण |
| १० | नविन पुन | २४* | ५७ | १९* | ४७ | ४७ | ५३ | ४३ | ५१ | अनुत्तीर्ण |
| ११ | निर्मला के.सी. | २१* | ५३ | २३ | ५४ | ६४ | ६३ | ४९ | ४९ | अनुत्तीर्ण |
| १२ | पुनम काउचा | ११* | ६० | ३२ | १६* | ५१ | ६० | ५९ | ५३ | अनुत्तीर्ण |
| १३ | पम्फा रिजाल | ६० | ५८ | ५१ | ५३ | ५४ | ४९ | ५८ | ५६ | उत्तीर्ण |
| १४ | पवित्रा पुन | ४४ | ५१ | ३२ | ५१ | ६१ | ६४ | ५७ | ५३ | उत्तीर्ण |
| १५ | बसन्ती नेपाली | २४* | ३७ | २१ | ३९ | ४३ | ५६ | ३८ | ४३ | अनुत्तीर्ण |
| १६ | मुना विश्वकर्मा | ३७ | ३९ | ४७ | ४४ | ५६ | ६३ | ४३ | ४७ | उत्तीर्ण |
| १७ | माया के.सी. | ४९ | ४९ | ४६ | ४० | ५३ | ६१ | ४७ | ५६ | उत्तीर्ण |
| १८ | माया घर्ति मगर | २३* | ५१ | २५* | ३९ | ४९ | ५३ | ५१ | ५१ | अनुत्तीर्ण |
| १९ | योगेन्द्र खत्री | ४२ | ५१ | ३९ | १६* | ५८ | ५७ | ६१ | ५१ | अनुत्तीर्ण |
| २० | यमुना मगर | ४० | ५१ | २०* | १७* | ५३ | ५९ | ५२ | ४९ | अनुत्तीर्ण |
| २१ | युवराज खत्री | ४८ | ६० | ५८ | ५३ | ६३ | ५१ | ५० | ५३ | उत्तीर्ण |
| २२ | संगिता खड्का | ४७ | ३२ | २३* | ५१ | ६० | ५५ | ४९ | ५९ | अनुत्तीर्ण |
| २३ | सन्तोष थापामगर | ५१ | ६३ | ४१ | ४९ | ६३ | ५१ | ५३ | ४९ | उत्तीर्ण |
| २४ | समिर सुनार | ३७ | ४२ | ४३ | ४० | ५६ | ५९ | ४३ | ४७ | उत्तीर्ण |
| २५ | सविता खड्का | ४४ | ५१ | ४१ | ५५ | ५७ | ५७ | ५१ | ४९ | उत्तीर्ण |
| २६ | रीता घर्तिमगर | २२* | ४९ | १७* | ५० | ५० | ५९ | ५५ | ५१ | अनुत्तीर्ण |
| | कुल प्राप्ताङ्क | १०२६ | १३२१ | ९६४ | ११३० | १४५० | १५१२ | १२८५ | १३०८ | उत्तीर्ण- १४<br>अनुत्तीर्ण- १२ |